◆ **सम्पादकीय**
- बहुदलीय जनवादकै सार्थकता - २
◆ **स्मृति विशेष**
- मदन भण्डारीका स्थापनाहरूको सान्दर्भिकता - **प्रदीप नेपाल** - ३
- फेरि पनि जनताको बहुदलीय जनवादकै सम्बन्धमा - **प्रदीप ज्ञवाली** - ५
- गम्भीर अध्येता, चिन्तक र भविष्यद्रष्टा - **शङ्कर पोखरेल** - ७
- 'कुनै तानाशाह दुनियाँमा ज्यूँदो बचेको छ ? - **मदन भण्डारी** - १०
- जनताले राजालाई कारबाही गर्न पाउनेछन् - **जीवराज आश्रित** - १३
◆ **आवरण**
- महान् जनआन्दोलन र त्यसले सुम्पेका अभिभाराहरू - **रघु पन्त** - १५
- आखिर जित जनताकै भयो - **विष्णु रिजाल** - १७
- मोफसलमा उत्साहजनक आन्दोलन - २१
◆ **सरोकार**
- जनआन्दोलनको अपेक्षा र पार्टीको प्रतिबद्धता - **भानुभक्त ढकाल** - १९
◆ **पार्टी जीवन**
- परिवर्तित परिस्थितिमा पार्टीको दायित्व - २२
◆ **शहादत**
- जनआन्दोलनका सहिदहरू - २४
◆ **बहस**
- संविधानसभाको स्वरूप, प्रक्रिया र मुद्दाहरू - **रवीन्द्र अधिकारी** - २६
◆ **विश्लेषण**
- शाहवंशीय राजाहरू : चरित्र र नियत - **सूर्य थापा** - २९
◆ **महिला**
- जनआन्दोलनमा महिला सहभागिता - **कमला पराजुली** - ३२
◆ **संस्मरण**
- हामीहरू आफ्नो कामतिर लाग्यौं - **गोविन्द ज्ञवाली** - ३४
◆ **अन्तर्वार्ता**
- संसद्ले जे गर्छ, त्यो वैधानिक हुन्छ - **सुवास नेम्वाङ** - ३६

# बहुदलीय जनवादकै सार्थकता

*मसिना कुराहरूमा अल्झिने बिमारीले हाम्रो पार्टीलाई आफ्नो वैचारिक र राजनीतिक यात्रामा लगातार अघि बढ्न दिइरहेको छैन। सोचाइमा प्रतिक्रियाको सिद्धान्त र गराइमा तदर्थवाद हाम्रो पार्टीभित्र तलदेखि माथिसम्मै जमेर रहेको कमजोरी हो। पार्टी केन्द्रमा स्कुल विभाग नै छ र तल्ला तहहरूमा पनि प्रशिक्षण विभाग, स्कुल विभाग नामका सिद्धान्त र*

*राजनीतिको शिक्षणविधि बोध गराउने विभागहरू छन् । तर, तिनको क्रियाशीलता पछिल्ला दिनहरूमा त झन्डै-झन्डै शून्य अवस्थामा पुगेको छ ।*

*गएको बृहत् र व्यापक जनआन्दोलनलाई सैद्धान्तिकीकरण गर्ने कामसम्म हामीले अहिलेसम्म गरेका छैनौँ । माओवादीसँग गरिएको समझदारीका कारण यति ठूलो आन्दोलन भएको हो भन्ने भ्रम हामीभित्रै धेरैमा छ । माओवादीहरूले एक्काइसौँ शताब्दीको जनवाद भन्दाभन्दै पनि आफ्नो फ्युजनलाई यस आन्दोलनभित्र छिराएका छन् ।*

*तर, यो आन्दोलनमा बन्दुकको कुनै भूमिका रहेन । सशस्त्र चिन्तनको कुनै भूमिका रहेन । शान्तिपूर्ण आन्दोलन, प्रतिस्पर्धात्मक राजनीतिक व्यवहार र सीधै व्यापक जनसमुदायमा जाने हाम्रो राजनीतिक सोचले यो आन्दोलनलाई यति व्यापक बनाउन सकेको हो ।*

*शान्ति र प्रजातन्त्र नेपाली राजनीतिका अभिन्न अङ्ग हुन् । नेपालमा राजा रहून् या नरहून् तर अबको नेपालमा राजनीतिक दादागिरी चल्दैन । जनताको मन जित्न न बन्दुक काम लाग्छ, न त मारकाट र गुण्डागर्दी नै काम लाग्छन् । जनताको मन सेवाभावले जित्ने हो । हिंसात्मक राजनीतिबाट शान्तिपूर्ण राजनीतिमा रूपान्तरण भनेकै जनताको बहुदलीय जनवादको मार्गमा अग्रसारिता हो ।*

*यसका लागि जनताको बहुदलीय जनवादसम्बन्धी मदन भण्डारीका विचारहरूको विसद् अध्ययन, छलफलको आवश्यकता पर्दछ । यदि आफ्नो मार्गदर्शक सिद्धान्तको निरन्तर अध्ययन गरिँदैन भने त्यो फगत सूत्रहरूमा समेटिन्छ र व्यक्ति वा पार्टीको व्यवहार त्यसको ठीक उल्टो दिशामा लम्किन्छ । कार्ल मार्क्स व्यक्तिगत स्वतन्त्रताको पक्षधर हुनुहुन्थ्यो- विचार र व्यवहार दुवैमा र उहाँले व्यारेक समाजवादको विरोधमै आफ्नो विचार व्यक्त गर्नुभएको थियो । तर, आफूलाई मार्क्सवादी भन्ने सबै मुलुकले व्यारेक समाजवादलाई आफ्नो व्यवहार बनाए । व्यक्तिगत स्वतन्त्रता त ती मुलुकमा घरभित्र कल्पिएर बस्ने सपनाहरू मात्र हुन पुगे ।*

*सबै कम्निस्ट पार्टीका नेताहरूले अहम् र दम्भलाई त्यागने हो भने स्वीकार गर्नुपर्छ- जनताको बहुदलीय जनवाद कम्निस्ट पार्टीहरूलाई प्रजातान्त्रीकरण गर्ने सिद्धान्त मात्र होइन, त्यो सिङ्गो मुलुकमा प्रजातान्त्रिक चेत छर्ने सिद्धान्त हो । सत्यनिष्ठा, कर्मशीलता, विचार र सम्प्रेषणको स्वतन्त्रता बहुदलीय जनवादका सोचका आधारहरू हुन् ।*

# मदन भण्डारीका स्थापनाहरूको सान्दर्भिकता

' **प्रदीप नेपाल**

**म**दन भण्डारीले जनताको बहुदलीय जनवादका सन्दर्भमा सबैभन्दा पहिले २०४८ सालको कार्तिक महिनामा 'बहुदलीय जनवादबारे केही कुरा' भन्ने पुस्तिका प्रकाशित गर्नु भई एउटा नयाँ सैद्धान्तिक गोरेटो खोल्नु भएको थियो । सुरुको उक्त पुस्तिका सानो थियो र बहुदलीय जनवाद प्रारम्भिक प्रस्थापनाहरू त्यसमा समाहित भएका थिए । उक्त पुस्तिकामा उहाँले निम्न विषयहरू अघि सार्नु भएको छ ।

- हामी एकाधिकार पुँजीवाद तथा साम्राज्यवादको घृणापूर्वक विरोध गर्दछौँ । पूँजीवादी अधिनायकत्वको निन्दा भर्त्सना र विरोध गर्दछौँ ।
- नयाँ जनवादी क्रान्तिमा नेतृत्वको पक्ष कागजमा घोषणा गरेर प्राप्त हुने कुरा होइन । क्रान्तिको व्यवहारमा अन्य शक्तिहरूसँग प्रतिद्वन्द्विता गर्दै सक्रिय पहलकदमी र जनताको दिल जित्नसक्ने निष्ठापूर्ण अविरल सेवाबाट मात्र सम्भव हुन्छ ।
- राज्यसत्ताको सारतत्त्व वर्गीय चरित्रको सवाल हो र शासनतन्त्र स्वरूपको सवाल हो । सत्ताको सारपक्ष राज्ययन्त्रसँग सम्बन्धित कुरा हो भने त्यसको रूपपक्ष शासनतन्त्रसँग सम्बन्धित कुरा हो । बहुदलीय प्रणाली सार होइन, केवल रूपपक्ष मात्र हो ।
- जनताका मौलिक अधिकार भन्नाले लेख्ने, छाप्ने, बोल्ने, सभासङ्गठन गर्ने, आफ्नो आस्थाअनुरूप राजनीतिक पार्टीहरू खोल्न तथा तिनीहरूमा लाग्न पाउने एवम् राजकीय निकायहरूमा चुन्न र चुनिन पाउने स्वतन्त्रताका कुराहरू हुन् । हामी जनताले मौलिक अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउनुपर्छ भन्ने कुराको पक्षपोषण गर्दछौँ ।
- संविधानविहीन राज्य वा कानुनविहीन शासन अराजकता वा निरङ्कुशताको द्योतक हुन्छ । संविधानले मुलुकमा वर्गहरूको स्थिति, हैसियत, तिनीहरूबीचको अन्तरसम्बन्धलाई परिभाषित तथा व्यवस्थित गर्नुपर्छ । कानुनले देशको दैनिक शासन-प्रशासनलाई नियमित र व्यवस्थित बनाउनुपर्छ ।
- यसबेला हाम्रो पार्टीले आफ्नो ठाउँमा बहुदलीय राजनीतिक प्रणालीअन्तर्गत सर्वहारा श्रमजीवी जनताको इच्छा-आकाङ्क्षाको रक्षा र विकास गर्ने दृष्टिकोण लिएको छ । बहुदलीय प्रणालीअन्तर्गत श्रमजीवी जनताको सेवा हुनै सक्दैन भन्ने कुनै मान्यता छैन ।
- राज्यव्यवस्था वा शासन प्रणाली दुवै क्षेत्रमा निर्णायक तत्त्व जनता हुन् । जनताको चेतना र निर्णायक पहलकदमीबाट नै क्रान्ति सम्पन्न हुन्छ भने त्यसको रक्षा पनि जनताकै पहलकदमी, चेतना र सक्रियताबाट मात्र सम्भव हुन्छ ।
- जनतालाई समाजवादका लाभहरूप्रति आकर्षित, शिक्षित, सचेत गराई मनोगत रूपमा तयार बनाउनुपर्छ । जनताको सक्रिय समर्थन र सहभागिता तथा जनताकै पहलकदमीलाई प्रोत्साहित गरेर समाजवादमा सङ्क्रमण गर्नुपर्छ ।

माथि टिपिएका संक्षिप्त अंशहरूले जनताको बहुदलीय जनवाद सम्पूर्ण रूपमा प्रजातान्त्रिक प्रक्रिया र प्रणालीमाथि विश्वास गर्छ र जनताकै पहलकदमीमा समाजवादसम्म जान्छ भन्ने प्रस्ट पारेका छन् । त्यसै हुनाले जनताको बहुदलीय जनवादलाई समृद्ध पार्न हामीले निम्न कामहरू गर्नु तात्कालिक आवश्यकता भएको छ ।

जननेता मदन भण्डारीले राजनीतिमा विचारको नेतृत्वदायी भूमिकालाई स्थापित गर्न र प्रगतिवादी आन्दोलनलाई जडसूत्रवादी बन्धनबाट मुक्त गर्दै सिर्जनात्मक दिशामा अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । यो आन्दोलनलाई एकदलीय अधिनायकवादको बन्धनबाट मुक्त गर्न जनताको बहुदलीय जनवादजस्तो मौलिक र प्रजातान्त्रिक सिद्धान्त प्रतिपादन गर्नुभएको थियो । दुःखद कुरा, जनताको बहुदलीय जनवादको प्रतिपादन मात्र के भएको थियो, नेपाली राजनीति मदन भण्डारीलाई गुमाउन बाध्य भयो । उहाँको अवसानपछि बाँचेका हामीले जनताको बहुदलीय जनवादको रक्षा, प्रयोग र विकास गर्न सक्नुपर्दथ्यो । तर, हामीले यसलाई ठीक ढङ्गले बुझ्न पनि सकेनौँ । जनताको बहुदलीय जनवाद नेपाली राजनीतिक आन्दोलन र समग्र नेपाली समाजको प्रजातान्त्रीकरणको पक्षमा थियो । यो प्रजातान्त्रीकरण प्रक्रियाको अन्त्य नभएर आरम्भ थियो । तर, मदन भण्डारीको अवसानपछि प्रजातान्त्रीकरणको प्रक्रिया अवरुद्ध भएको छ ।

राजनीतिमा रूपभन्दा सार र साधनभन्दा साध्य बढ्ता महत्त्वपूर्ण विषय हुन् । त्यसैले हामी राजनीतिको सारमा केन्द्रित हुनुपर्दछ । सारमा दृढ र रूपमा लचिलो, साध्यमा दृढ र साधनमा लचिलो बन्न सक्नुपर्दछ । क्रान्तिकारी लाग्ने स्वरूप र संरचना पनि उत्पादक शक्तिको हित र प्रगतिको विरुद्धमा उभियो भने त्यसले समाजको क्रान्तिकारी रूपान्तरण गर्न सक्तैन । तर, उत्पादक शक्तिको हित र प्रगतिको पक्षपोषण गर्न सक्ने सार अन्तरनिहित भएको कुनै पनि स्वरूप वा संरचनाले समाजको क्रान्तिकारी रूपान्तरणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्तछ । त्यसैले राजनीतिमा आवश्यकताका आधारमा धेरै चीज छाड्न वा ग्रहण गर्न सकिन्छ तर कहिल्यै छाड्न नसकिने विषय उत्पादक शक्तिको हित र प्रगतिको पक्षपोषण हो । त्यसनिम्ति निर्वाह गरिने नेतृत्वदायी भूमिका हो ।

मदन भण्डारीले रूढीवादलाई काँधमा हालेर हिँड्ने र विज्ञानका बारेमा पनि अन्धविश्वास राखेर चल्ने कुराको विरोध गर्नुभएको छ । शास्त्र र सूत्रका निम्ति जीवनको बलिदान दिने होइन, जीवनका निम्ति सूत्र र शास्त्रको रचना गर्ने पार्टी निर्माण गर्न जोड दिनुभएको छ । *(मदन भण्डारी, सङ्कलित रचनाहरू भाग- १,* पृष्ठ- ५) यसको अर्थ हो, हामी हिजो प्रतिपादन गरिएको सिद्धान्त, नीति र विचारमा सीमाबद्ध रहिरहन सक्तैनौँ । हामीले सिद्धान्तलाई गतिमा बुझ्नुपर्दछ र जीवनको

आवश्यकताअनुरूप नयाँ-नयाँ सिद्धान्तहरू प्रतिपादन गर्दै अघि बढ्नुपर्दछ । जीवनका निम्ति उपयोगी हुन नसक्ने सिद्धान्त फेरिन्छन् र फेर्नुपर्दछ । जीवनका निम्ति आवश्यक पर्ने नयाँ सिद्धान्त निर्माण गरिन्छ र गर्नुपर्दछ ।

… … … … …

मार्क्सद्वारा प्रतिपादित जीवन र जगत्को अस्तित्व र विकासको नियमलाई बोध गराउने दृष्टिकोण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । तसर्थ, हामीले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई मार्गदर्शक सिद्धान्त मान्न पनि सक्तछौँ । न्यायपूर्ण समाजका लागि मार्क्सद्वारा अघि सारिएको सिद्धान्त समाजवाद हो । तसर्थ, हामीले समाजवादलाई मार्गदर्शक सिद्धान्त भनेर उल्लेख गर्न पनि सक्तछौँ । हामीले जसरी जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको सिद्धान्त भनेर उल्लेख गर्दा मदन भण्डारीको नाम जोड्न आवश्यक ठानेनौँ, ठीक त्यसरी नै कार्ल मार्क्सले अघि सारेका जीवनोपयोगी विचार र दृष्टिकोणबाट निर्देशित हुन मार्क्सको नाम जोड्नु अनिवार्य हुँदैन ।

… … …

हामीले जनताको बहुदलीय जनवादलाई स्वीकार गर्नासाथ एकदलीय अधिनायकवादी पद्धतिअनुरूपको सङ्गठनात्मक सिद्धान्तको उपयोगिता समाप्त भएको थियो । जनताको बहुदलीय जनवादले सहज र स्वाभाविक किसिमको प्रजातान्त्रिक पार्टी जीवनको पक्षपोषण गर्दछ । जबकि लेनिनवादी सङ्गठनात्मक सिद्धान्त नियन्त्रित र सङ्कुचित प्रजातन्त्रको पक्षमा छ । तसर्थ, लेनिनवादी सङ्गठनात्मक सिद्धान्तले हाम्रो सङ्गठनात्मक जीवनलाई मार्गदर्शन गर्न सक्तैन । हामीले यसका आधारमा पार्टी जीवनलाई परिचालित गर्न सक्तैनौँ । सय वर्षअगाडिको चेतना र परिस्थितिमा अपनाइएको पद्धतिलाई बोकेर हामीले हाम्रो सङ्गठनलाई पारदर्शी र सक्षम तुल्याउन पनि सक्तैनौँ ।

… … …

जनताको बहुदलीय जनवादले सैनिक वा राजकीय पार्टीको दृष्टिकोणलाई अस्वीकार गरेको छ । पार्टी जहिले पनि राजनीतिक पार्टी नै हुनुपर्ने कुरामा जोड दिएको छ । नीति र नेतृत्व निर्माणमा कार्यकर्ता र जनताको भूमिका निर्णायक हुने गरी जनआधारित कार्यकर्ता पार्टीको अवधारणालाई आत्मसात् गरेको छ । माथिबाट नियुक्त गरिएका नेता-कार्यकर्ता होइन, जनता तथा कार्यकर्ताबाट अनुमोदित नेता-कार्यकर्ताको अवधारणालाई आत्मसात् गरेको छ । यी मान्यताहरू आज पनि आधारभूत रूपमा सही छन् । हामीले यी मान्यताहरूलाई निरन्तरता दिनुपर्दछ र समयोचित ढङ्गले विकसित पनि गर्दै जानुपर्दछ ।

… … …

समाजवाद हाम्रो अधिकतम कार्यक्रम हो र जनताको बहुदलीय जनवाद न्यूनतम कार्यक्रम हो । सबै प्रकारका शोषण र भेदभावको अन्त्य, कामअनुसारको दामको न्यायोचित वितरण प्रणाली, समानता, सामाजिक न्याय र समृद्ध समाजजस्ता मानवीय मूल्यहरू समाजवादका विशेषता हुन् । विचारको स्वतन्त्रता, राजनीतिक प्रतिस्पर्धा, बालिग मताधिकार, आवधिक निर्वाचन, संसद्को सर्वोच्चता, कानुनी राज आदि हामीले आत्मसात् गरेका राज्यसत्ता सङ्गठित गर्ने र परिचालन गर्ने विधिहरू हुन् । यी विशेषताहरूलाई जनताको बहुदलीय जनवादमा मात्र होइन, समाजवादमा पनि उत्तिकै महत्त्वका साथ आत्मसात् गर्नुपर्दछ । दुवै चरणमा बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणाली अवलम्बन गर्नुपर्दछ ।

… … …

आजको युगमा जनताको पक्षमा गरिने न्यायपूर्ण सङ्घर्ष वा सामाजिक क्रान्तिका निम्ति हिंसात्मक बल प्रयोगको उपादेयता सकिएको छ । बलप्रयोगको शान्तिपूर्ण र प्रजातान्त्रिक उपाय आवश्यक र उपयोगी हुन्छ तर हिंसात्मक बलप्रयोग भने अनावश्यक र अनुपयुक्त सावित भएको छ । छिमेकी भारतमा गान्धीद्वारा नेतृत्व गरिएको अहिंसात्मक आन्दोलनले ब्रिटिस साम्राज्यवादलाई देशबाहिर धपाउन सफल भयो । पेरुमा फुजीमोरीलाई शान्तिपूर्ण आन्दोलनले परास्त गर्‍यो । फिलिपिन्समा मार्कोसको तानाशाही शासनलाई त्यहाँका जनताको शान्तिपूर्ण आन्दोलनले पराजित तुल्यायो । हामीकहाँ पनि नेपाली काङ्ग्रेस र कम्युनिस्टहरूले सशस्त्र सङ्घर्षद्वारा परास्त गर्न नसकेको पञ्चायती निरङ्कुशतालाई जनताको शान्तिपूर्ण आन्दोलनले परास्त गरेको थियो । हामीकहाँ त शस्त्रबलमा आधारित हिंसात्मक सङ्घर्षले निरङ्कुशता निम्त्याएको उल्टो अनुभव पनि छ । माघ १९ को शाही कदमको पृष्ठभूमिमा माओवादीको हिंसात्मक आतङ्कको महत्त्वपूर्ण भूमिका छ भन्ने तथ्यलाई कसैले अस्वीकार गर्न सक्तैन ।

यस सन्दर्भमा हामीले पूर्वी युरोप र सोभियत सङ्घको अनुभवबाट पनि शिक्षा लिन जरुरी छ । ७० वर्षको सोभियत सङ्घ र दशकौं पुरानो पूर्वी युरोपको समाजवादी सत्ता, पटकासम्म पनि नपट्काई बालुवाको घरझैँ ढल्न पुग्यो र ती मुलुकहरू पुँजीवादमा फर्किए । यसनिम्ति साम्राज्यवादको प्रयत्नले जरुर काम गरेको छ तर मुख्य कारण भने त्यहाँका कम्युनिस्ट पार्टी र समाजवादी सत्ताका गल्ती-कमजोरीहरूले उत्पन्न गरेको जनआक्रोश नै हो । जनताको असन्तुष्टिलाई सङ्गठित गरेर समाजवादी सत्तालाई पल्टाउने काममा त्यहाँका पुँजीवादपन्थीहरू सफल भएका हुन् । यदि जनता कम्युनिस्ट पार्टी र समाजवादी सत्तासँग असन्तुष्ट भएका हुँदैनथे भने पुँजीवादपन्थीहरूको प्रयत्न सफल हुने थिएन । जब जनताको असन्तुष्टिलाई सङ्गठित गरेर शान्तिपूर्ण तरिकाले उदीयमान चरित्रको समाजवादी व्यवस्थालाई पल्टाउन सकिन्छ र पुरातन चरित्रको पुँजीवादी व्यवस्था फर्काउन सकिन्छ भने अन्य कुनै पनि प्रतिक्रियावादी राज्यव्यवस्थालाई शान्तिपूर्ण तरिकाले परास्त गर्न र प्रगतिशील व्यवस्था स्थापित गर्न किन सकिँदैन ?

… … …

नेपाल कम्युनिस्ट पार्टी, स्थापनाकालदेखि आजसम्म पनि प्रजातान्त्रिक आन्दोलनको नेता बन्न सकेको छैन । ५० वर्षभन्दा लामो अवधिसम्म पनि यो पार्टी प्रजातन्त्रको प्रश्नमा बुर्जुवा सुधारवादी शक्ति (नेपाली काङ्ग्रेस) को सहयोगी वा जगेडा शक्तिको हैसियतमा खुम्चिन बाध्य भएको छ । ००७ सालको राणाशाहीविरोधी आन्दोलनको नेता नेपाली काङ्ग्रेस थियो र नेपाल कम्युनिस्ट पार्टी त्यसको सहयोगी वा जगेडा शक्तिको हैसियतमा थियो । यही अवस्था ०४६ सालमा पनि दोहोरियो । यद्यपि, ०४६ सालमा हामीले आफूलाई नेपाली काङ्ग्रेसको सहयोगी शक्तिका रूपमा स्वीकार गरेका थिएनौं तर पनि देश र दुनियाँले हाम्रो भूमिकालाई त्यसभन्दा फरक अर्थमा स्वीकार गरेन । पहिलो आमनिर्वाचन र त्यसको परिणामले समेत यही कुरा प्रमाणित गरेको छ । अब पनि हामीले आफूलाई प्रजातान्त्रिक आन्दोलनको अगुवा शक्तिको दाबी गर्न सकौंला तर यथास्थितिमा हाम्रो दाबी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा स्वीकार्य हुने अवस्था छैन । यो सत्य फेरि वर्तमान अप्रिल क्रान्तिको सन्दर्भमा प्रकट भएको छ । सबैले सत्यलाई स्वीकार्नुपर्छ । सत्य के हो भने सबैभन्दा ठूलो सङ्ख्यामा जीवनको आहुति दिने सहिदहरू हाम्रै पार्टीका कार्यकर्ता थिए । सबैभन्दा धेरै जेल पुग्ने पनि हाम्रै नेता कार्यकर्ता थिए । घाइतेहरूको सङ्ख्यामा पनि हाम्रा कार्यकर्ताहरू अरूभन्दा तल छैनन् । हाम्रा सांसदहरूका फुटेका टाउकाहरू प्रतिनिधिसभाको बैठकमा सबैका चासोका विषय बनेका थिए । आन्दोलनमा ठूलो सहभागिता नभईकन यी विषादी घटनाहरू घटेका होइनन् । तर पनि दुनियाँले हामीलाई होइन, अरू कसैलाई नै आन्दोलनको पहिलो नेता बनायो ।

बरोबर किन यस्तो भइरहेछ - नेकपा एमालेले चिन्तन नगरी नहुने भएको छ । हामीलाई सधैँ पछाडि पार्ने तत्त्वलाई हामीले आफूबाट चुँडालेर फ्याँक्न ढिलो गर्नुनहुने भइसकेको छ ।

*जेठ ३, २०६३*
*मदन-आश्रित स्मृति कार्यक्रम*
*पोखरा*

# फेरि पनि जनताको बहुदलीय जनवादकै सम्बन्धमा

**' प्रदीप ज्ञवाली**

हरेक वर्ष क्यालेन्डरको पाना पल्टिएर जब जेठ ३ गते अगाडि आउँछ, न्यायप्रेमी नेपालीहरूको मन एकपल्ट कमरेड मदन भण्डारीको सम्झनाले असाध्यै पिरोलिने गर्छ । वैचारिक-राजनीतिक सङ्कट सघन बनिरहेका बेलामा त्यो सम्झना र उहाँ हामीबीच नहुनुको पीडाबोध अझ गहिरो र गाढा हुन्छ । कतिपयका निम्ति यो सम्झना विस्तारै एउटा औपचारिकतामा रूपान्तरित हुँदै गएको भए पनि नेपालको लोकतान्त्रिक र कम्युनिस्ट आन्दोलनका योद्धाहरूका निम्ति भने मदन भण्डारीको गौरवपूर्ण जीवनको सम्झना आन्दोलनमा सधैँभरि ऊर्जा र प्रेरणा प्रदान गर्ने विषय हो । त्यसरी नै नेपाली राजनीतिमा उहाँका योगदानहरूको सम्झना आजको राजनीतिलाई सही ढङ्गले पहिचान गर्ने र यसलाई सही दिशाबोध गर्ने उचित अवसर हो । कमरेड मदन भण्डारीको वैचारिक योगदानहरूको उल्लेख गर्दा स्वाभाविक रूपमा नेपाली राजनीतिमा उहाँको सबैभन्दा महत्त्वपूर्ण देनका रूपमा रहेको जनताको बहुदलीय जनवाद र यसको सान्दर्भिकताका बारेमा चर्चा गर्नु अनिवार्य हुन जान्छ ।

कमरेड मदन भण्डारीले त्यस्तो समयमा जनताको बहुदलीय जनवादको प्रतिपादन गर्नुभयो, जतिबेला अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन अभूतपूर्व धक्काको चरणबाट गुज्रिरहेको थियो । त्यतिबेला मार्क्सवादको यो अथवा त्यो धारामाथि होइन, स्वयम् मार्क्सवादको अस्तित्व, सान्दर्भिकता र भविष्यमाथि प्रश्नचिन्ह खडा गरिएको थियो । फुकुयामाजस्ता 'विद्वान्' हरू सोभियत सङ्घको विघटनसँगै इतिहासको पनि अन्त्य भएको र अब उदार पुँजीवाद एक मात्र सत्य रहेको दाबा गरिरहेका थिए । अस्तित्वरक्षाको त्यो लडाइँमा कतिपय कम्युनिस्ट या समाजवादी पार्टी र व्यक्तिहरूले आत्मसमर्पणको मुद्रामा हात ठड्याएका थिए र आफूलाई विसर्जनवादको रसातलमा डुबाउन पुगेका थिए । अनि, कतिपयचाहिँ मार्क्सवादका शास्त्रीय रचनाहरूको खोल ओढेर पुँजीवादी प्रहारबाट आफूलाई सुरक्षित ठान्ने सुतुरमुर्गे भ्रान्तिभित्र डुबेका थिए ।

कमरेड मदन भण्डारीले त्यस्तो सङ्कटको घडीभित्रबाट नेपाली कम्युनिस्ट आन्दोलनलाई सही दिशाबोध गर्ने काम गर्नुभयो । उहाँले मार्क्सवाद र समाजवादी व्यवस्था होइन, त्यसको सोभियत मोडेल मात्र असफल भएको निष्कर्ष निकाल्नु भयो । यो असफलता या धक्काको समाधान मार्क्सवादलाई नै परित्याग गर्ने विसर्जनवादी कार्यदिशामा होइन, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासको बाटोमा खोज्दै यो नै सङ्कटको सही विकल्प भएको ठहर गर्नुभयो र कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरणको अन्तर्वस्तु बोकेको जनताको बहुदलीय जनवादको सिद्धान्त अगाडि सार्नुभयो । मार्क्सवादको अन्तर्वस्तुलाई गहिरो गरी समाउँदै त्यसलाई बदलिँदो युगसापेक्ष बनाउँदै लैजाने उहाँको मान्यता र सिद्धान्तका निम्ति जीवनको होइन, जीवनका निम्ति सिद्धान्तको खोजी गर्ने उहाँको प्रसिद्ध उक्तिभित्र हामी उहाँको सोचको सारलाई ठम्याउन सक्छौं । समयले आज ती सोचहरूको सहिपनालाई राम्रोसँग पुष्टि गर्दै लगेको छ ।

यद्यपि, जनताको बहुदलीय जनवादले आमस्वीकृति र समर्थन पाउनुअघि निकै चर्को हमलाको सामना गर्नुपरेको छ । कम्युनिस्ट विरोधी पुँजीवादी खेमाबाट जनताको बहुदलीय जनवादलाई 'सारमा एकदलीय अधिनायकवादी' भएको र प्रजातन्त्रप्रतिको यसको समर्थन 'बाध्यात्मक' मात्रै भएको कोणबाट निरन्तर हमला भइरह्यो भने कम्युनिस्ट आन्दोलनभित्रका उग्रवामपन्थी शक्तिहरूले यसलाई 'संशोधनवादी', 'दक्षिणपन्थी', 'बर्न्सटिनपन्थी' आदि अनेकौँ आरोपहरूका साथ आक्रमण गरिरहे । त्यति मात्र नभएर खुद पार्टीभित्रैबाट पनि यसले लामो समयसम्म 'सुधारवादी' र 'विसर्जनवादी' आरोप खेपिरहनुपऱ्यो । तर, समयले आज यसको सच्चाइलाई बारम्बार पुष्टि गरेको छ र नेपालको कम्युनिस्ट आन्दोलनको मूल वैचारिक प्रवाहका रूपमा जनताको बहुदलीय जनवाद सुस्पष्ट ढङ्गले प्रतिस्थापित भएको छ । त्यति मात्र नभएर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको मूल धार पनि विस्तारै प्रजातान्त्रीकरणको त्यही दिशातिर अगाडि बढिरहेको छ, जसतर्फ कमरेड मदन भण्डारीले वर्षौंअघि सङ्केत गर्नुभएको थियो ।

पार्टीभित्र यसप्रति रहेका आशङ्का, आग्रह र आलोचनाहरूको सामना गर्दै पार्टीको दिशानिर्देशक सिद्धान्तका रूपमा स्थापित भएपछि जनताको बहुदलीय जनवादमाथि मुख्यतया नेपाली कम्युनिस्ट आन्दोलनको उग्रवामपन्थी दिशाबाट निरन्तर प्रहार भइरह्यो । खास गरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले यसमाथि निकै चर्को प्रहार गरिरह्यो । साँच्चै भन्ने हो भने नेकपा (माओवादी) र यसले अगाडि सारेको 'दीर्घकालीन जनयुद्ध' को कार्यदिशा नेकपा (एमाले) र यसले अगाडि सारेको जनताको बहुदलीय जनवादको निषेधको प्रयत्न थियो । माओवादी नेताहरूले नेपाली कम्युनिस्ट आन्दोलनको स्थापनाकालदेखिकै सही विचारहरू, झापा आन्दोलनको भावना र कमरेड पुष्पलालको सही धारको विरासत आफूहरूले बोकेको दाबी गर्दै नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी उत्तराधिकारी आफूहरू भएको तथा यसको दक्षिणपन्थी दिशाको उत्तराधिकारचाहिँ नेकपा (एमाले) ले ग्रहण गरेको निष्कर्ष निकाल्न पनि पछि परेनन् । यही निष्कर्षका साथ उनीहरूबाट नेकपा (एमाले), जनताको बहुदलीय जनवाद र यसले बोकेको प्रतिस्पर्धात्मक राजनीतिमाथि निरन्तर वैचारिक प्रहार भइरह्यो ।

तर, सच्चाइ त्यस्तो थिएन । कम्युनिस्ट आन्दोलनले अभूतपूर्व धक्का खानुका पछाडि र नाजीहरूको हमलाबाट पनि पराजित नभएको सोभियत समाजवाद पतन हुनुका पछाडि मुख्य कारणका रूपमा आन्तरिक प्रजातन्त्रको अभाव नै थियो, जसले कम्युनिस्ट आन्दोलनलाई आमजनताबाट अलगथलग गराइदियो । जनतासँग अविभाज्य र अविच्छिन्न एकता रहुञ्ज्यालसम्म कस्तै बलियो प्रतिक्रियावादी शक्तिले पनि पराजित गर्न नसकेका कम्युनिस्ट पार्टी र समाजवाद त्यतिबेला तासको महलझैँ गर्ल्यामगुर्लुम ढले, जतिबेला आन्तरिक प्रजातन्त्रको अनुपस्थिति, प्रतिस्पर्धाको अभाव, आलोचनामाथि बन्देज र नोकरशाहीतन्त्रका कारण पार्टी र व्यवस्था जनताबाट पूर्णरूपले अलगथलग भइसकेका थिए र कम्युनिस्ट पार्टीलाई आफ्नो पार्टीका रूपमा र समाजवादलाई आफ्नो व्यवस्थाका रूपमा जनताले स्वीकार्न छाडिसकेका थिए । बीसौँ शताब्दीका क्रान्ति र प्रतिक्रान्तिहरू, आन्दोलनका सफलता र असफलताहरू, आफ्नै देशको प्रजातान्त्रिक आन्दोलनका बहुमूल्य अनुभवहरू र मार्क्सवादको गहन अध्ययनबाट निकालिएका सारका आधारमा कमरेड मदन भण्डारीले जनताको बहुदलीय जनवादको प्रतिपादन गर्नुभएको थियो । यी अनुभवहरूलाई बेवास्ता गर्नु वस्तुतः मार्क्सवाद र कम्युनिस्ट आन्दोलनलाई नै बेवास्ता गर्नु हुन जान्थ्यो ।

उग्रवामपन्थी विचारधाराविरुद्धको निरन्तर जारी विचारधारात्मक सङ्घर्षको प्रभाव, आफ्नै आन्दोलनले सिर्जना गरेका अनुभवहरूको संश्लेषण र अन्तर्राष्ट्रिय अनुभवहरूको विश्लेषणका क्रममा माओवादीहरू पनि आफ्ना पूर्वमान्यताहरूमा पुनर्विचार गर्ने ठाउँमा पुगेका छन् । २०५७ सालमा सम्पन्न आफ्नो दोस्रो राष्ट्रिय सम्मेलनबाट उनीहरू क्रान्तिको कुनै निश्चित मोडेल नहुने र हरेक मुलुकको क्रान्तिले आफ्नै विशिष्टता सुहाउँदो मोडेलको खोजी गर्नुपर्ने त्यही मान्यतामा पुगेका थिए, जहाँ कमरेड मदन भण्डारी आफ्नो पार्टीभित्र विद्यमान उग्रवामपन्थी विचलनविरुद्धको सङ्घर्षका दौरान २०३९/४० मै पुगिसक्नुभएको थियो र त्यही विशिष्ट बाटोको खोजी गर्ने क्रममा ०४६ सालमा सम्पन्न चौथो महाधिवेशन हुँदै ०४९ सालको ऐतिहासिक पाँचौँ महाधिवेशनबाट जनताको बहुदलीय जनवादलाई पारित गराउने अवस्थासम्म आइपुग्नुभएको थियो । वास्तवमा दोस्रो सम्मेलनको यो विन्दु नेकपा (माओवादी) ले आफूलाई उग्रवामपन्थी जडताबाट मुक्त गर्ने महत्त्वपूर्ण प्रस्थानविन्दु थियो । त्यसबाट अघि बढ्दै जाने क्रममा माओवादीहरूले आफूहरूभित्र 'एक्काइसौँ शताब्दीमा जनवादको विकास' नामक दस्तावेज विकसित गरेर त्यसमाथि पार्टीव्यापी रूपमा छलफल गर्ने अवस्थामा आइपुगे । यो दस्तावेज र यसमाथि प्राप्त सुझावहरूका आधारमा यसको अन्तिम स्वरूप सार्वजनिक त गरिएको छैन तर यसका बारेमा माओवादी पार्टीका विभिन्न नेताहरूबाट जे-जस्ता अभिव्यक्तिहरू सार्वजनिक भएका छन्, तिनीहरूलाई अध्ययन गर्दा कतिपय सकारात्मक पक्षहरू अनुभूत गर्न सकिन्छ । खास गरेर समाजमा वर्ग रहेसम्म ती वर्गलाई प्रतिनिधित्व गर्ने दलहरूको अस्तित्व पनि विद्यमान रहने, त्यसले गर्दा समाजवादसम्म पनि बहुदलीय प्रतिस्पर्धा कायम रहने, कम्युनिस्ट पार्टीले पनि आफूलाई प्रतिस्पर्धामा जान तयार गर्नुपर्ने, जनतालाई सत्ताका विरुद्ध विद्रोहको अधिकार प्रदान गरिनुपर्ने, कम्युनिस्ट पार्टीभित्रका विवादहरूका बारेमा पनि जनताले जान्न र बोल्न पाउनुपर्ने र कतिपय विवादहरूलाई जनताको रायसमेत लिएर समाधान गर्नुपर्ने, सेना एउटा नोकरशाही संयन्त्र नबनोस् र यो प्रतिक्रान्तिको साधन बन्ने स्थिति नआओस् भन्नाका खातिर यसको संरचनागत भूमिकालाई बदल्नुपर्नेजस्ता जुन विचारहरू माओवादी नेताहरूबाट प्रकट भएका छन्, तीमध्ये कतिपय सकारात्मक छन् र कतिपय ध्यान दिनयोग्य छन् । जेहोस्, आफ्नै अनुभव, अध्ययन र आफूहरूविरुद्ध भएका आलोचनाहरूको बीचबाट नेकपा (माओवादी) भित्र जुन विचारधारात्मक रूपान्तरणको सम्भावना देखा परिरहेको छ, यो सकारात्मक छ ।

तर, एउटा अखण्डनीय तथ्य के हो भने नेकपा (माओवादी) ले अगाडि सारेका विचारहरू नौला छैनन् । यीमध्ये अधिकांश तिनै विचारहरू छन्, जसलाई कमरेड मदन भण्डारीले आजभन्दा डेढ दशकअगाडि नै सार्वजनिक गरिसक्नुभएको थियो । त्यसो हो भने माओवादीले पहिल्यै अन्वेषित सत्यको पुनर्पुष्टिका लागि विध्वंस, हिंसा र बलिदानको यो बाटो किन अवलम्बन गऱ्यो ? स्थापित सत्यका निम्ति यति धेरै रगतको खोलो किन बगाउने काम भयो ? सायद समयले नै यो प्रश्नको उत्तर देला ।

कुनै बेला पुष्पलाललाई निषेध गर्ने स्कुलिङ्बाट हुर्किएर (मोहनविक्रम सिंहले कमरेड पुष्पलाललाई 'गद्दार' भन्नुभएको र त्यसो भन्दा अहिलेका अधिकांश माओवादी नेताहरू उहाँसँगै रहेको तथ्य यहाँनेर स्मरणीय छ) पछि उहाँलाई 'आदरणीय' भनी स्थापित गर्ने माओवादीहरूले जनताको बहुदलीय जनवादलाई निषेध गर्दै सुरु गरेर वर्षौंवर्षको हन्डर र ठक्करपछि जनताको बहुदलीय जनवादकै अन्तर्वस्तुमा फर्किंदा मदन भण्डारीको समुचित मूल्याङ्कन गर्लान् कि नगर्लान्, थाहा छैन। त्यसरी नै उनीहरूले बहुदलीय प्रतिस्पर्धाको सार बोक्न नसक्ने र कतिपय सन्दर्भमा त्यसको निषेधसमेत गर्ने 'माओवाद' र 'प्रचण्डपथ' को धङ्धङीबाट आफूलाई मुक्त गराउन सक्लान् कि नसक्लान् र आज पनि विद्यमान हिंसात्मक र सैन्यवादी प्रवृत्तिलाई परित्याग गर्न तथा आफूलाई कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरणको दिशामा साँच्चै नै समर्पित गर्न सक्लान् कि नसक्लान्, यकिनका साथ भन्न गाह्रो छ। तर, के कुरा स्पष्ट भएको छ भने अब कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरण अपरिहार्य विषय भएको छ र समयले जनताको बहुदलीय जनवादको सच्चाइलाई पुनर्पुष्टि गरेको छ, कम्युनिस्ट आन्दोलनका उग्रवामपन्थी र सिर्जनात्मक धारमध्ये सिर्जनात्मक धारले विचारधारात्मक विजय प्राप्त गरेको छ। सच्चाइ एउटै हुन्छ तर त्यसलाई प्राप्त गर्ने कुरा व्यक्ति, समूह या पार्टीको चेतनास्तर, त्यसलाई निर्धारण गर्ने भौतिक परिस्थिति र ग्रहणशीलतामाथि निर्भर गर्छ भन्ने मार्क्सवादी ज्ञान सिद्धान्तलाई आत्मसात् गर्दै हामीले यसमा अनावश्यक दम्भ गर्नुपर्ने या अरूलाई दुख्ने गरी टिप्पणी गर्नु जरुरी छैन। तर, सच्चाइ अन्वेषण गर्ने मदन भण्डारीलाई पाएकोमा र बिहान चाँडै उठ्नेले घामको पहिलो झुल्को देख्न पाएझैं कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरणको योद्धा बन्न पाएकोमा हामीले गर्वचाहिँ गर्नैपर्छ।

यथार्थमा नेपाली राजनीतिका अन्य आयामहरूले पनि जनताको बहुदलीय जनवादलाई पुनर्पुष्टि नै गरिरहेका छन्। कुनै बेला नेपाली काङ्ग्रेसजस्ता कतिपय शक्तिहरूमा बोल्न, लेख्न, सभा-सङ्गठन गर्न र पाँच वर्षमा एकपटक मताधिकार प्रयोग गर्न पाउने कुरालाई नै 'प्रजातन्त्र' ठान्ने सोच प्रभावी थियो। तर, आज त्यस्ता शक्तिहरूमा पनि जसरी सामाजिक न्यायसहितको प्रजातन्त्र, समावेशी शासन प्रणाली, गणतन्त्रात्मक राज्य व्यवस्था र राज्यको पुनःसंरचनाजस्ता कुराहरू बहसको विषय बनिरहेका छन् र जसरी उनीहरू औपचारिक प्रजातन्त्रभन्दा अग्रगामी भाव झल्काउने 'लोकतन्त्र' को चर्चा गरिरहेका छन्, यसमा पनि हामीले जनताको बहुदलीय जनवादको प्रभाव देख्न सक्छौं। यहाँनिर हामीहरू कमरेड मदन भण्डारीले ०४६ सालको आन्दोलनले स्थापित गरेको प्रजातन्त्रलाई आंशिक प्रजातन्त्र भन्नुभएको, ०४७ मा बनेको संविधानलाई आलोचनासहित समर्थन गर्नुभएको र त्यसलाई पूर्णता दिनका लागि उहाँले प्रस्तावित गर्नुभएको आलोचनाका विषयहरूको सहिपनालाई अनुभूत गर्न सक्छौं। समय बित्दै जाँदा कमरेड मदन भण्डारीका सोचहरू र जनताको बहुदलीय जनवादको सत्यापन झन् टड्कारो गरी हुँदै गइरहेको छ।

यद्यपि, हामीले के कुरा हेक्का राख्नैपर्छ भने जनताको बहुदलीय जनवादको सम्बन्धमा कमरेड मदन भण्डारीले भन्नुभएका कुराहरू आरम्भ मात्रै हुन्। वास्तवमा यो सुरुवात मात्रै हो। कतिपय विषयहरू छन्, जसलाई उहाँले सङ्केत मात्रै गर्नुभएको छ र कतिपय विषयहरू छन्, जुन यतिबेला हाम्रासामु उपस्थित भएका छन् तर जसका बारेमा कमरेड मदन भण्डारीले पनि सविस्तार बताउनुभएको छैन। खास गरी तीव्र रूपमा परिवर्तन भइरहेको विश्व परिस्थिति, भूमण्डलीकरणका सार्वत्रिक प्रभावहरू, सूचना प्रविधिले साँघुऱ्याएको विश्व र यसले आन्दोलनका सामु उपस्थित गरेका चुनौती र अवसरहरू, सामाजिक-आर्थिक आधार तथा अधिसंरचनामा आइरहेका फेरबदलहरू, यसले निःसृत गरेका वर्गीय, सामाजिक र मानवीय सम्बन्धहरू तथा यसले सिर्जना गरेका सङ्घर्षका नयाँ स्वरूपहरू- सर्वोपरि रूपमा एक्काइसौं शताब्दीको तीव्र रफ्तारमा बदलिँदो विश्वमा कम्युनिस्ट आन्दोलनलाई नयाँ सोच र गतिका साथ अगाडि बढाउनुपर्ने चुनौती हाम्रासामु छ। त्यसरी नै मदन भण्डारीको अनुपस्थितिका गएका १३ वर्षहरूमा नेपाली राजनीतिमा आएका गम्भीर फेरबदलहरू, बहुदलीय व्यवस्थाका असफलताहरू, प्रतिगमन र त्यसविरुद्धका सङ्घर्षहरू र त्यसले उपस्थित गराएका अवसर तथा चुनौतीहरू, बदलिँदो सामाजिक-आर्थिक सम्बन्धले उत्पन्न गरेका नयाँ वर्गसम्बन्धहरू र त्यसको सापेक्षतामा हामीले अगाडि बढाउनुपर्ने आन्दोलन, कम्युनिस्ट पार्टीको आन्तरिक जीवनको प्रजातान्त्रीकरणजस्ता थुप्रै प्रश्नहरू हाम्रासामु खडा छन्। यतिबेला हामीसँग मदन भण्डारी नभए पनि उहाँले अगाडि सार्नुभएको दृष्टिकोण छ। मार्क्सवाद हरेक प्रश्नको समाधान होइन तर समाधान खोज्ने महत्त्वपूर्ण पद्धति हो। त्यसरी नै जनताको बहुदलीय जनवाद र कमरेड मदन भण्डारीका सोचहरूले हामीलाई प्रत्येक प्रश्नको उत्तर दिँदैनन् तर ती प्रश्नको उत्तर खोज्ने पद्धति प्रदान गर्छन्। एक्काइसौं शताब्दीको नेपाली राजनीतिलाई जनताको बहुदलीय जनवाद र कमरेड मदनका सोचहरूले निरन्तर मार्गदर्शन गरिरहने छन्।

◆

# गम्भीर अध्येता, चिन्तक र भविष्यद्रष्टा

**' शङ्कर पोखरेल**

**ष**ड्यन्त्रमूलक दासढुङ्गामा परी जननेता मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितको हत्या भएको १३ वर्ष पुगेको छ । ०४६ सालको ऐतिहासिक जनआन्दोलन र त्यसपछिका दिनमा नेपालको राजनीतिलाई वैचारिक नेतृत्व दिन सफल जननेता मदन भण्डारीका मान्यताहरू अहिले पनि त्यत्तिकै सामयिक रहेका छन् । विश्व कम्युनिस्ट आन्दोलन प्रतिरक्षात्मक अवस्थामा पुगेका बेलामा कम्युनिस्ट आन्दोलनको रक्षा र विकासका लागि उहाँले अघि सारेका वैचारिक मान्यताहरू अहिले अझ बढी सामयिक बन्न पुगेका छन् । जनआन्दोलनबाट पुनःस्थापित संसदीय प्रजातन्त्रलाई पूर्णता दिनका लागि उहाँको नेतृत्वमा अघि सारिएका नेपाल अधिराज्यको संविधान-०४७ प्रतिको असहमतिका २७ बुँदा असोज १८ पछिका दिनमा अझ बढी सामयिक बन्न पुगेका छन् । चैत २४ देखि सुरु भएको १९ दिन लामो दोस्रो ऐतिहासिक जनआन्दोलनको सफलता र त्यसको संस्थागत विकासको प्रयास अघि बढिरहेका बेलामा जननेता मदन भण्डारी पुनः सबैका लागि प्रातःस्मरणीय व्यक्तित्व बन्न पुग्नुभएको छ ।

०५० जेठ ३ पछिका दिनमा नेपालको राजनीतिमा घटेका सत्ता परिवर्तनका घटनाक्रम, जेठ १९ को राजदरबार हत्याकाण्ड र नेपालका वामपन्थीहरूलाई सरकारको नेतृत्वमा पुग्न नदिनका लागि भइरहेका प्रयासहरूले दासढुङ्गा हत्याकाण्डको रहस्य र गम्भीरतालाई बुझ्न एकहदसम्म सहयोग पुऱ्याएको छ । दुई सय ३८ वर्षको शाहवंशीय राजतन्त्रको इतिहासमा सत्ताका लागि जे पनि गर्ने मान्यता स्थापित गरिएको छ । दरबारको नेतृत्व र संरक्षणमा हुर्कंदै आएको षड्यन्त्र र अपराधको संस्कृतिका कारणले नै इतिहासमा कोतपर्व र भण्डारखाल पर्वजस्ता राजनीतिक नरसंहारका घटना भएका थिए । त्यही आपराधिक संस्कृतिको प्रभावले नै राजा त्रिभुवनले आफैँले घोषणा गरेको संविधानसभाको निर्वाचनलाई अस्वीकार गर्ने काम गरे । प्रजातन्त्रको लडाइँमा महत्त्वपूर्ण योगदान गरेको कम्युनिस्ट पार्टीलाई समेत प्रतिबन्ध लगाउने काम गरे । नेपाली काङ्ग्रेसलाई मातृका र बीपी समूहका रूपमा विभक्त गराउन सफल भए । त्यही अपसंस्कृतिको प्रभावमा परेर नै राजा महेन्द्रले नेपाली काङ्ग्रेसलाई सुवर्ण र बीपीका रूपमा विभक्त गर्ने प्रयास गरे । तर, जब आफैँले जारी गरेको संविधानअन्तर्गतको चुनावमा नेपाली काङ्ग्रेसले दुईतिहाइ बहुमत ल्याएर बीपीलाई प्रधानमन्त्री बनाउन सफल भयो, त्यसपछि राजा महेन्द्रले जननिर्वाचित सरकारलाई समेत अपदस्त गरेर आफ्नै नेतृत्वको हुकुमी शासनको आरम्भ गरे ।

दरबारको नेतृत्वको षड्यन्त्र र आपराधिक क्रियाकलापका कारणले नै भारत भूमिमा समेत नेपाली काङ्ग्रेसका नेता सरोज कोइराला मारिनुपऱ्यो । दरबारको षड्यन्त्रपूर्ण योजनाबाट नै ००७ सालको जनआन्दोलनका योद्धा भीमदत्त पन्त र रामप्रसाद राईजस्ता स्वतन्त्रता सेनानीहरूले मारिनुपऱ्यो । दरबारको षड्यन्त्रमा नै ओखलढुङ्गा घटनाका योद्धाहरूले मारिनुपऱ्यो । त्यही षड्यन्त्रको कडीअन्तर्गत नै झापा आन्दोलनका सहिदहरूलाई जेल सार्ने बहानामा सुखानीको जङ्गलमा हत्या गरिएको थियो । ऋषि देवकोटा 'आजाद' को हत्याको कारण पनि त्यही षड्यन्त्रकारी मानसिकताको उपज थियो । यसपटकको ऐतिहासिक जनआन्दोलनको दमनको योजना र निर्देशनमा दरबारको हेलिकप्टर र जहाजसमेतको प्रयोग हुनुले जनहत्याको योजनमा दरबार प्रत्यक्ष रूपमा संलग्न भएको कुरालाई पुष्टि गरेको छ । दरबारको यस प्रकारको षड्यन्त्रमा बाह्य पक्षको पनि साँठगाँठ र सहयोग हुने गरेको पक्षलाई भने अस्वीकार गर्न सकिँदैन ।

नेपालको शाहवंश सत्ता राजनीतिमा कति आपराधिक चरित्रको छ र त्यसको दुरूपयोग कतिसम्म हुँदो रहेछ भन्ने कुरा जेठ १९ को नारायणहिटी राजदरबार हत्याकाण्डको वीभत्सताबाट पनि आकलन गर्न सकिन्छ । यस परिप्रेक्ष्यमा ०४६ सालको ऐतिहासिक जनआन्दोलनको संस्थागत विकास र कम्युनिस्ट आन्दोलनको सुदृढीकरणमा नयाँ उचाइका साथ भूमिका निर्वाह गर्न सफल जननेता मदन भण्डारीको रहस्यमय हत्या यसै शृङ्खलाको एउटा कडी थियो भनेर सहज अनुमान गर्न सकिन्छ । इतिहास नै बनेको भए पनि जेठ १९ को दासढुङ्गा हत्याकाण्ड र जेठ १९ को नारायणहिटी राजदरबार हत्याकाण्डले नयाँ नेपालको निर्माणमा आगामी दिनमा उत्पन्न हुनसक्ने जोखिम र चुनौतीहरूलाई गम्भीर रूपमा सङ्केत गरेका छन् । गम्भीर पाठ सिकाएका छन् । यसप्रति पुनःस्थापित प्रतिनिधिसभा र जनआन्दोलनको नेतृत्व गरेका राजनीतिक दल र त्यसको नेतृत्वले हेक्का राख्न सक्नुपर्दछ ।

यतिबेला जनआन्दोलनको पराजयबोधले छट्पटाइरहेको दरबारबाट जनआन्दोलन र त्यसको नेतृत्वका विरुद्धमा हुने षड्यन्त्रका विरुद्धको सचेतना जति आवश्यक छ, त्यति नै ठूलो आवश्यकता जनआन्दोलनको संस्थागत विकासका लागि विगतमा मदन भण्डारीले अघि सार्नुभएका सोचहरूका बारेमा छलफल चलाउन र त्यसलाई मार्गनिर्देशनका रूपमा ग्रहण गर्दै जनआन्दोलनको शक्तिलाई राजनीतिक शक्तिमा रूपान्तरण गर्नका लागि लागिपर्नु जरुरी भएको छ । आज विराट जनआन्दोलनको सफलतापछि जेजस्ता विषयहरू उठेका छन्, ती विषयहरू विगतमा जननेता मदन भण्डारीको नेतृत्वमा नेकपा (एमाले) ले उठाइसकेका विषयहरू हुन् । श्री ५ को सरकारलाई नेपाल सरकार बनाउने, शाही नेपाली सेनालाई नेपाली सेना बनाउने, नेपाल राज्यलाई धर्मनिरपेक्ष राज्य बनाउने, राष्ट्रियगान परिवर्तन गर्ने, राजसंस्थाको सान्दर्भिकताका बारेमा जनमतसङ्ग्रह गर्नसक्ने संवैधानिक व्यवस्था कायम गर्ने, राजाको निरङ्कुशताका आधारहरू समाप्त गरी राजालाई भविष्यमा प्रजातन्त्रका विरुद्धमा कुनै पनि भूमिका खेल्न नसक्ने अवस्थामा पुऱ्याउने सन्दर्भमा जननेता मदन भण्डारीका सोच र विचारहरू नै अहिलेको जनआन्दोलनका मूल विषयहरू बन्न पुगेका छन् । संविधानको धारा १२७ प्रतिको आशङ्कासमेत अहिले व्यवहारमा सही रहेको कुरा पुष्टि भएको छ । त्यति मात्र होइन, जनआन्दोलनका उपलब्धिहरूको संस्थागत विकास नहुन्जेलसम्म आन्दोलनकारी शक्तिहरूबीचको एकता कायम रहनुपर्दछ भन्ने जननेता मदन भण्डारीको विचार पनि त्यत्तिकै सामयिक देखिएको छ । आन्दोलनकारीहरूका बीच पहिलो निर्वाचनसम्म सकेसम्म संयुक्त उम्मेदवारी देऔँ, सम्भव नभए प्रमुख

नेताहरूका विरुद्धमा एकअर्कालै उम्मेदवार दिने काम नगरौं भन्ने कुरालाई त्यतिबेलाको नेपाली काङ्ग्रेसले नसुनेको कारणले नै जनआन्दोलनका सामु झुक्न बाध्य भएको राजसंस्था पुनः सक्रिय बन्न पुगेको हो । यसै गरी जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्ने प्रक्रियामा सेनाले गर्न खोजेको हस्तक्षेप र राजनीतिमा देखिएको राजा र राजावादीहरूको सक्रियताका विरुद्धमा जननेता मदन भण्डारीले गर्नुभएका हुँकारहरू अहिले पनि नेपाली जनताका मन र मस्तिष्कमा गुन्जिरहेका छन् । ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने प्रक्रिया अघि बढिरहेका बेलामा विगतमा ०४६ सालको जनआन्दोलनको सफलतापछि उहाँले अघि सार्नुभएका विचारहरूलाई मनन गर्नु जरुरी भएको छ ।

आजको सन्दर्भमा जननेता मदन भण्डारीको चर्चा गर्दा माओवादी विद्रोहको शान्तिपूर्ण समाधानका प्रयासहरू र शान्ति प्रक्रियामा प्रवेश गर्नका लागि माओवादीले अघि सारेका राजनीतिक प्रतिबद्धताका परिप्रेक्ष्यमा पनि गाँसेर हेरिनुपर्दछ । माओवादीहरूले १० वर्षको जनयुद्धका नाममा सुरु गरेको सशस्त्र सङ्घर्षको उथलपुथलपछि एक्काइसौँ शताब्दीको जनवादको नयाँ मान्यता अघि सारेको कुरा बताइरहेका छन् । उनीहरू जनयुद्धलाई अहिले जसरी संविधानसभाका माध्यमबाट शान्तिपूर्ण राजनीतिक प्रक्रियामा रूपान्तरण गर्ने प्रतिबद्धता दोहऱ्याइरहेका छन्, त्यसले पनि जननेता मदन भण्डारीले कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरणका लागि अघि सार्नुभएका विचारहरू कति सामयिक र जीवन्त रहेछन् भन्ने कुराको पुनः पुष्टि भएको छ । आज माओवादीले एक्काइसौँ जनवादका नाममा जनवादी राज्यका बारेमा, पार्टी, सेना र सरकारका बारेमा जेजस्ता विचारहरू अघि सारेका छन्, ती मूलतः जननेता मदन भण्डारीले जनताको बहुदलीय जनवादको सिद्धान्त र कार्यक्रममा अघि सारेका विचारहरूसँग निकै हदसम्म मिल्दाजुल्दा रहेका छन् । माओवादीले १० वर्षको सशस्त्र सङ्घर्षको अनुभवबाट जुन निष्कर्षहरू निकाले, ती निष्कर्षहरू जननेता मदन भण्डारीले निरङ्कुश पञ्चायतका विरुद्धको प्रजातान्त्रिक आन्दोलनको संश्लेषणका आधारमै निकाल्नुभएको थियो । यस अर्थमा जननेता मदन भण्डारी नेपालको राजनीतिका गम्भीर अध्येता, चिन्तक र भविष्यद्रष्टा हुनुहुन्थ्यो भन्ने कुरा आजको समयले पनि पुनःपुष्टि गरेको छ ।

आज नेपालको राजनीतिमा राज्यको पुनःसंरचना, समावेशी प्रजातन्त्र र लोकतन्त्रको पूर्णताका परिप्रेक्ष्यमा जेजस्ता विषयहरू अघि आएका छन्, त्यसले पनि जननेता मदन भण्डारीको चिन्तनको गहिराइलाई बुझ्न सहयोग पुऱ्याउँछ । आज जसरी उदार पुँजीवादी प्रजातन्त्र र समाजवादी प्रजातन्त्रबीचको सङ्क्रमणकालीन लोकतन्त्रको परिकल्पना गरिँदै छ, त्यो जननेता मदन भण्डारीले अघि सार्नुभएको लोककल्याणकारी राज्यको अवधारणाको सेरोफेरोमा नै घुमिरहेको देखिन्छ । यस अर्थमा जननेता मदन भण्डारीको भौतिक शरीरको अवसानको १३ वर्षपछि उहाँका वैचारिक मान्यताहरू समकालीन नेपाली राजनीतिमा सही सावित भएका छन् । उहाँको वैचारिक मान्यतासँग असहमत रहेर उदार पुँजीवादको बाटोमा हिँड्न अग्रसर नेपाली काङ्ग्रेस र जनयुद्धको बाटोबाट एकैचोटि नेपाली समाजमा कम्युनिस्ट अधिनायकत्व स्थापना गर्न अग्रसर नेकपा (माओवादी) हरू सङ्क्रमणकालीन लोकतन्त्रको स्थापनाको प्रक्रियामा अघि बढ्न सहमत देखिनु निकै सकारात्मक कुरा हो । नेपाली काङ्ग्रेस र नेकपा (माओवादी) ले आफ्ना वैचारिक मान्यताको परिवर्तनमा मदन भण्डारीका योगदानलाई स्वीकार्लान् या नस्वीकार्लान्, यो बेग्लै कुरा हो । तर, नेपालको प्रजातान्त्रिक आन्दोलनका समीक्षकहरूले यो सच्चाइलाई स्वीकार्न करै लाग्नेछ । नयाँ नेपालको निर्माणमा जननेता मदन भण्डारीका विचारहरूको गहिरो अध्ययन आजको आवश्यकता हो । जननेता मदन भण्डारीको १३ औं स्मृति दिवसका उपलक्ष्यमा यही सङ्कल्प गरौं । जननेता मदन भण्डारी अमर रहून् ।

◆

# आलोचनाका सत्ताइस बुँदा

*नेपाल अधिराज्यको संविधान-२०४७ का सम्बन्धमा तत्कालीन नेकपा (माले) का महासचिव मदन भण्डारीले २०४७ साल असोज ११ गते प्रस्तुत गर्नुभएका आलोचना र सुझाव निम्नानुसार रहेका छन् :*

१  मस्यौदा संविधानको धारा ३ मा सार्वभौमसत्ता जनतामा निहित रहेको र यसको प्रयोग संविधानमा व्यवस्था भएबमोजिम हुनेछ भनिएको छ। यस्तो अस्पष्टता हुनुहुँदैन। यसमा सुस्पष्ट रूपमा जनता र जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा सार्वभौमसत्ताको प्रयोग हुनेछ भनेर लेखिनुपर्छ, नत्र फेरि घुमाउरो ढङ्गले त्यो अधिकार राजाकै हातमा पुग्न सक्छ ।

२  धारा ४ अधिराज्यको (१) मा उल्लेख भएको 'हिन्दू' शब्द हटाइनुपर्छ । राजा हिन्दू धर्मावलम्बी हुनेछन् भन्ने कुरा धारा २७ मा लेखिएको हुनाले यहाँ अधिराज्यको परिभाषामा त्यसलाई राख्नु आवश्यक छैन । त्यसले अधिराज्यको सम्बन्धमा भ्रम खडा गर्न सक्छ । राजा हिन्दू हुनु वर्तमान यथार्थताको तस्बिर मात्र हो । अधिराज्यको सवालमा यस्तो कुनै भ्रम रचिनुहुँदैन ।

३  धारा ६ मा नेपाली भाषालाई राष्ट्रभाषा र देशका सबै मातृभाषाहरूलाई 'राष्ट्रिय भाषा' लेखेको हुनाले पक्षपात गर्न खोजिएको भ्रम उत्पन्न भएको छ । सबै भाषालाई समान ढङ्गले सम्मान गर्नका निमित्त एउटै मात्र शब्दको प्रयोग गरी नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषा मात्र मान्नुपर्छ ।

४  धारा ७ को ३ मा उल्लेख भएको निसाना छाप वर्तमान परिस्थितिअनुरूप फेर्नुपर्छ ।

५ भाग ३ को मौलिक हकसम्बन्धी व्यवस्थामा प्रतिबन्धात्मक उपधाराहरू राखिएका छन् । तिनीहरूमा प्रयोग गरिएको 'राजद्रोह' तथा 'हिंसात्मक कार्य गर्ने' जस्ता शब्दहरू हटाउनुपर्छ । त्यहाँ सुस्पष्ट रूपमा 'राज्यद्रोह' तथा 'हिंसात्मक कार्य गर्ने' जस्ता शब्द राख्नुपर्छ । नत्र शासकहरूले जहिले पनि विपक्षमाथि यस्तो आरोप लगाएर प्रतिबन्ध लगाउने खतरा रहन्छ । प्रतिबन्धात्मक विषयलाई अत्यन्त आवश्यक भएका ठाउँसम्म मात्र सीमित गर्नुपर्छ । एक हातले मौलिक हक दिएजस्तो गर्ने र अर्को हातले खोस्ने ढङ्गले गरिएको व्यवस्था आपत्तिजनक छ ।

६ धारा १७ को सम्पत्तिको हकसम्बन्धी व्यवस्था लोक कल्याणकारी राज्यको अवधारणाअनुरूप हुनुपर्छ । आमूल परिवर्तनकारी भूमिसुधार र अरू आर्थिक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने, हदबन्दी निश्चित गर्ने र हदबन्दीभन्दा बढी जग्गालाई कानुन बनाएर अधिग्रहण गर्ने संवैधानिक व्यवस्था हुनुपर्छ । श्रमिकहरूलाई आफ्नो श्रम र श्रमको उत्पादनमाथि पूर्ण स्वामित्व प्रदान गर्ने कुरा उल्लेख गरिनुपर्छ ।

७ भाग ५ को 'श्री ५' सम्बन्धी महलमा धारा २७ को २ मा 'श्री ५' लाई नेपालको राष्ट्रियता र नेपाली जनताको एकताको प्रतीक भनिएको छ । 'श्री ५' भनेको संविधानअनुसार एउटा व्यक्ति हो र व्यक्ति राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैन । यसलाई हटाउनुपर्छ । बहुदलीय प्रजातन्त्र र प्रजातान्त्रिक संविधान मात्र राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्छ ।

८ धारा २७ को ३ मा संविधानको संरक्षण श्री ५ बाट गर्ने भनिएको छ । संविधानको संरक्षणकर्ता जनता हुन्, श्री ५ वा कुनै व्यक्ति, राजनीतिक पार्टी वा संस्था हुन सक्दैन । श्री ५, राजनीतिक पार्टी र हरेक व्यक्तिले संविधानको पालना गर्नुपर्छ । सार्वभौम अधिकार भएका जनता मात्र त्यसका संरक्षक हुन सक्दछन् ।

९ धारा २८ को १ र २ दुवैलाई हटाउनुपर्छ र श्री ५ का वंशजहरूको रित र परम्परा भनेको स्वेच्छाचारी र निरङ्कुशतन्त्री रहँदै आएको छ । अब त्यस्तो स्थिति रहन पाउने छैन । राजा पूर्ण रूपमा संविधानको मातहत हुनुपर्छ । उत्तराधिकारीको क्रमसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार श्री ५ को स्वीकृतमा संसद्मा रहनुपर्छ ।

१० धारा २९ को श्री ५ र राजपरिवारको खर्चसम्बन्धी व्यवस्थामा प्रचलित कानुनमा व्यवस्था भएको खर्च र सुविधा घट्ने गरी कुनै कानुन बनाउन पाइने छैन भन्ने प्रतिबन्धात्मक वाक्यांशलाई हटाउनुपर्छ । यस धारामा उल्लेख गरिएको श्री ५ शब्द पनि हटाउनुपर्छ ।

११ धारा ३० मा राजपरिवारको आय वा निजी सम्पत्ति करमुक्त र अनतिक्रम्य हुने व्यवस्था गरिएको छ । यसलाई पूरै हटाउनुपर्छ । श्री ५ र राजपरिवार जमिन, उद्योग, व्यवसाय, आदिमा पूरै लाग्न पाउने तर हदबन्दी र नियन्त्रण गर्ने केही पनि हुन नहुने संवैधानिक व्यवस्था हुनु हुँदैन । राजा र राजपरिवारको सम्पत्तिमा पनि नागरिकसरह कर लाग्ने व्यवस्था गरिनु पर्छ ।

१२ धारा ३० मा गरिएको स्पष्टीकरणलाई अलग र सिङ्गो धारा बनाएर सुस्पष्ट व्यवस्था गरिनुपर्छ र 'राजपरिवार' भन्नाले के बुझिन्छ भन्ने किटानसाथ उल्लेख हुनुपर्छ ।

१३ धारा ३१ मा श्री ५ ले गरेका कुनै कामको सम्बन्धमा कुनै पनि अदालतमा सवाल-जवाफ गर्न नपाइने व्यवस्था गरिएको छ, यसलाई सच्याएर श्री ५ ले संविधानबमोजिम गरेको कामका बारेमा अदालतमा सवाल-जवाफ नहुन सक्छ । संविधान मिचेर काम गरेको भएमा अदालतमा मुद्दा चलाउन र सवाल-जवाफ गर्न पाउनुपर्छ ।

१४ भाग ६ को राजपरिषद्ले गर्ने भनिएको काम संसद्ले नै गर्न सक्ने हुनाले राजपरिषद्को अलग व्यवस्थालाई पूरै हटाउनुपर्छ ।

१५ धारा ४० मा उल्लेख गरिएको कार्यकारिणी अधिकारबाट 'श्री ५' लाई हटाउनुपर्छ । यसैको उपधारा (२) लाई पुनर्लेखन गरी 'अन्यथा' शब्दले भन्न खोजेको व्यवस्थालाई प्रस्ट पार्नेपर्छ र बाँकी सबै श्री ५ ले गर्ने काम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट मात्र गर्ने व्यवस्था किटान हुनुपर्छ ।

१६ धारा ४१ को (६) मा 'प्रतिनिधिसभामा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा' भन्ने कुरा पनि थप्नुपर्छ ।

१७ प्रतिनिधिसभा विघटन भई कार्यवाहक मन्त्रिपरिषद्ले निर्वाचन सम्पन्न गर्ने दायित्व निर्वाह गर्ने क्रममा प्रधानमन्त्रीको निधन भएमा राष्ट्रियसभाको सिफारिसमा श्री ५ बाट अर्को कार्यवाहक मन्त्रिपरिषद्को गठन गरिने कुरा स्पष्ट पारिनुपर्छ ।

१८ धारा ६१ को (१) मा 'बहसमा बन्देज' गरिएको कुरा हटाउनुपर्छ । अनुचित आचरण भएको खण्डमा संसद्मा बहस, छलफल गर्न पाउनुपर्छ ।

१९ धारा ७३ को (२) मा विधेयकमा संशोधन पेस गर्न श्री ५ को पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थालाई हटाउनुपर्छ ।

२० धारा ७७ को अध्यादेशसम्बन्धी व्यवस्थामा उपधारा १ को 'श्री ५ सन्तुष्ट होइबक्सेमा', 'मौसुफबाट आवश्यक सम्झिबक्सेमा' भन्ने वाक्यांशहरू हटाउनुपर्छ । मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्नुपर्ने सुस्पष्ट व्यवस्था गरिनुपर्छ ।

२१ धारा ८२ को (१) र धारा ८४ को (१) मा गर्नुपर्ने कामहरू श्री ५ बाट गराउने भन्ने प्रावधान हटाउनुपर्छ । धारा ८६ र ८७ मा 'श्री ५ को स्वविवेक, सन्तुष्टि र स्वीकृति' भन्ने जस्ता वाक्यांशलाई हटाउनुपर्छ । यो मन्त्रिपरिषद्को अधिकार र कर्तव्यको विषय हो ।

२२ भाग १८ बमोजिम सङ्कटकालीन स्थिति उत्पन्न भएमा धारा १२२ को (८) अनुसार निलम्बित धाराहरूबाहेक धारा २३ को संवैधानिक उपचारहरू प्राप्त गर्ने हकसमेत निलम्बन गर्नुहुँदैन ।

२३ धारा १२५ मा राष्ट्रिय सुरक्षा समितिको व्यवस्था उल्लेख गर्नु आवश्यक छैन । देशको सेना पूर्ण रूपले मन्त्रिपरिषद्को मातहत हुनुपर्छ । सेनाको परिचालन कार्यकारिणी अधिकार हो र त्यो पूर्णरूपमा मन्त्रिपरिषद्मा रहनुपर्छ ।

२४ धारा १२९ मा बाधा अड्काउ फुकाउने अधिकारको व्यवस्था गरिएको ठाउँमा प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट आदेश जारी गर्ने कुरा उल्लेख हुनुपर्छ । त्यो आदेशलाई प्रतिनिधिसभाबाट अनुमोदन गराउनुपर्छ । प्रतिनिधिसभाले अनुमोदन नगरे त्यो आदेश अमान्य र खारेज हुनुपर्छ । यो धारा संविधान लागू भएको एक वर्षपछि स्वतः हट्नेछ ।

२५ धारा १३३ मा संविधान लागू भएपछि पनि संविधानसँग बाझिएको भए पनि खारेज वा संशोधन नभएसम्म पुराना कानुनहरू एक वर्षसम्म लागू रहने व्यवस्था गरिएको छ । यसलाई बदल्नु पर्छ र संविधान लागू भएदेखि नै त्यससँग बाझ्ने ऐन/कानुनहरू बाझिएका हदसम्म निष्क्रिय हुने र नबाझिएका कानुनहरू मात्र लागू रहने व्यवस्था गरिनुपर्छ । नत्र संविधान जस्तोसुकै भए पनि जनताको दैनिक जीवनमाथि तानाशाही शासन बदलिएको अनुभव हुन पाउने छैन ।

२६ ‘श्री ५ को सरकार’ मा श्री ५ हटाएर नेपाल सरकार भन्ने व्यवस्था हुनुपर्छ । शाही सेना भनिएको ठाउँमा नेपाली सेना भन्ने व्यवस्था हुनुपर्छ । सरकारी सार्वजनिक संस्थानहरू र निकायहरू सबै ठाउँमा रहेको शाही शब्द हटाउनुपर्छ ।

२७ श्री ५ ले संविधानविपरीत काम गरेको खण्डमा महाअभियोग लगाउन पाइने अधिकारको व्यवस्था गरिनुपर्छ । यदि यस्तो प्रावधान भएन भने इतिहासमा जस्तै फेरि निरङ्कुशतन्त्र/स्वेच्छाचारिता बढ्दै जानसक्ने खतराबाट जोगिन सकिन्न । ◆

# `s'g} tfgfzfx b'lgof“df Ho"“bf] ar]sf] 5 <’

२०१२ सालमा राजा महेन्द्रले एक वर्ष ठाडो शासन चलाए । राजाले किन एक वर्ष ठाडो शासन चलाए ? मेरो विचारमा उनी भोलिका निम्ति परीक्षा गरिरहेका थिए । उचित समयमा त्यस्तो भएन भने, गलत कुराको विरोध भएन भने त्यसले पनि जरो हाल्नेछ । त्यसो हुँदा एक वर्ष यदि निरङ्कुशतन्त्रलाई सुदृढ गराउने मौका मिल्यो भने त धेरै कुरा हुन सक्थ्यो । त्यसो हुनाले ०१२ सालमा राजा महेन्द्रले ठाडो शासन एक वर्षसम्म चलाए ।

■■■

२०१७ सालमा राजा महेन्द्रले संसद्लाई भंग गरे ।

■■■

एउटा मान्छेले कुकुरलाई ढुङ्गाले हिर्काउँछ, मूर्खतावश त्यो कुकुरले ढुङ्गो टोक्न जान्छ । कसले हानेको हो भन्ने कुरा उसले देख्दैन । त्यसो हुँदाखेरि यो तुलसी गिरीदेखि लिएर मरीचमानसम्मका जो मान्छेहरू हुन्, जो पञ्चायतीकालका प्रधानमन्त्रीहरू हुन्, म उनीहरूलाई ढोके, हुँक्के र चिलिमे भन्दा बढ्ता ठान्दिनँ । न त सैनिकताका हिसाबले, न प्रशासन सञ्चालन गर्नसक्ने योग्यताका हिसाबले, न मुलुकको भाग्य र भविष्य निर्माण गर्ने हिसाबले, तिनीहरू त वास्तवमा दरबारले गरेको इसाराका आधारमा, दरबारले सन्काएको आँखाका आधारमा र दरबारले दिएको जूठोपुरोका आधारमा काम गर्ने तत्त्वहरू थिए ।

■■■

सार्वभौमसत्ता जनताको हातमा हुने हो भने अरू कतिपय कुराहरू या अरू सबै राजनीतिक कुराहरू जनताको हातमा, जनताले चाहेसम्म रहने र जनताले नचाहेका बेलामा जानसक्ने स्थिति बनाउनुपर्छ । भन्नाले त्यो राजतन्त्रको सवाल पनि त्यस्तै हुनुपर्छ । नेपाली जनताले चाहन्छन् भने, नेपाली जनताले चाहेसम्म राजतन्त्र रहनेछ र पछि नेपाली जनताले चाहेनन् भने राजतन्त्र समाप्त हुनेछ ।

■■■

नेकपा (माले) एउटा गणतन्त्रवादी पार्टी हो, जनगणतन्त्रवादी पार्टी हो । उसले त्यसो गर्नका निम्ति कुनै पूर्वाग्रह राखेर होइन, कुनै त्यस्तो खालको एउटा शास्त्रीय मतको एउटा मतवादी भएर, अन्धवादी भएर भनिरहेको होइन । उसले इतिहासको यथार्थ विश्लेषण गरेर, वस्तुस्थितिको यथार्थ विश्लेषण गरेर यो निष्कर्ष निकालेको छ ।

■ ■ ■

अहिलेको परिप्रेक्ष्यमा, यो पृष्ठभूमिमा देश रहेन भने राजतन्त्र कहाँ रहन्छ ? निश्चय पनि देश र राजतन्त्रमध्ये कुन ठूलो भन्ने हो भने देश ठूलो हो । जनता रहेनन् भने राजतन्त्र कहाँ रहन्छ ? जनता ठूलो कि राजतन्त्र ठूलो ? निश्चय पनि जनता ठूला हुन् ।

■ ■ ■

जनताले जुन संस्थालाई राख्न चाहन्छन्, त्यही संस्था मात्रै रहनेछ । जनताको इच्छाविपरीत, जनताको चाहनाविपरीत ‘माने मान् नमाने पनि म तेरो मेहमान’ भन्ने जस्तो गाउँले शैलीले यहाँ कुनै पनि संस्था बस्न सक्दैन । यसको तात्पर्य के ? यसको तात्पर्य के हो भने त्यो राजतन्त्रले पनि तयार हुनुपर्छ ।

■ ■ ■

अब देशलाई राजतन्त्रको आवश्यकता पुग्यो, अब जनतालाई पनि राजतन्त्रको आवश्यकता छैन भनेर भन्छन् भने राजतन्त्रले आफ्नो कुम्लो-कुटुरो बोकेर निस्कनुपर्छ ।

■ ■ ■

संविधानमा त्यो ठाउँ छोड्नुपर्‍यो कि संविधानमा राजतन्त्रलाई यदि जनताले जनमतसङ्ग्रह गरेर हटाउन चाहे भने जनताले हटाउन सक्नेछन् भन्ने कुराको प्रावधान राख्नुपर्‍यो ।

■ ■ ■

कुनै तानाशाह दुनियाँमा ज्यूँदो बचेको छ ? के च्याङकाइसेकले कडा कानुन बनाएको थिएन ? के त्यो हिटलरले कडा कानुन बनाएको थिएन ? त्यो जारले कडा कानुन बनाएको थिएन, रसियन जारले ? कुनचाहिँ तानाशाहले कडा कानुन बनाएन ? र, त्यही तानाशाहले पो कुनचाहिँ मलुवा कानुन बनाएको थियो र ? त्यसो हुँदाखेरि तानाशाहहरू कडा कानुन बनाएर, कानुनको किल्ला हानेर त्यसै बस्न सक्दैनन् । जुनबेला जनताले तानाशाहहरूको किल्ला तोड्नका निम्ति हिम्मतका साथ अगाडि बढ्छन्, त्यसबेला तानाशाहहरूको कानुनको किल्ला होइन, फलामको किल्ला पनि तोडिन्छ ।

■ ■ ■

यो चिलिम भर्ने खालका, निरङ्कुशतावादी, निरङ्कुश शासकहरूका निम्ति चिलिम भर्ने खालको भूमिका खेल्ने खालका महापञ्चहरू र तिनीहरूको पनि दलाली गर्दै तल-तल गाउँ-गाउँमा दलाली गर्ने, फिङ्गा मारेर खाने त्यस्ता खालका तत्त्वहरू जो एउटा निरङ्कुशतावादी पङ्क्तिभित्र पर्ने तत्त्वहरू हुन्, निरङ्कुशतावादी तत्त्वबाट खतरा छ प्रजातन्त्रमाथि । त्यसो हुँदा तिनीहरूबाट सतर्क हुनुपर्‍यो, जनतालाई सतर्क बनाउनुपर्‍यो र तिनीहरूमाथि कारबाही हुनुपर्‍यो ।

■ ■ ■

काम नगर्ने राजाका रूपमा, गल्ती नगर्ने राजाका रूपमा बस्न म सहमत छु भनेर राजा जब घोषणा गर्छन् भने हामी अहिले निश्चय पनि सहमत छु भनेर राजा जब घोषणा गर्छन् भने हामी अहिले निश्चय पनि त्यो निरङ्कुशतावादको, अहिले गरिरहेका षड्यन्त्रकारी क्रियाकलापहरूको वैधानिक नायक अहिले राजा वीरेन्द्र हुन् भनेर भनिरहेका छैनौँ । अहिले त्यसको नाइके सायद ज्ञानेन्द्र हुन सक्छ । अहिले त्यसको नाइके सायद राजाको कोही भिनाजु हुन सक्छन्, दिदी हुन सक्छन्, मामा हुन सक्छन्, अर्को कुनै काका हुन सक्छन् कि राणा परिवारका र शाह परिवारका अभिजात्य तत्त्वहरू जसले बितेको ३० वर्षमा, वास्तवमा निरङ्कुश राजतन्त्रका बेलामा सारा क्षेत्रमा उनीहरूले अधिकार केन्द्रित गरेर, चाहे त्यो राजनीति होस्, चाहे त्यो अर्थतन्त्र होस्, चाहे त्यो संस्कृति होस्, चाहे त्यो जुनसुकै क्षेत्रको कुरा होस्, त्यसलाई कब्जामा राखेर बसेका थिए ।

■ ■ ■

त्यहाँबाट निस्केपछि जुन गाडीमा ढुङ्गा लागेको थियो र जुन गाडीका सिसा फुटेका थिए, त्यो सररर मिनी दरबारमा पहिला गयो, त्यो ठूलो दरबारमा गएन । मिनी दरबारमा भनेको, ज्ञानेन्द्रको दरबार हो । त्यो के खबर पुर्‍याउन त्यहाँ गयो ? रानीचाहिँ हाँस्दै हाँस्दै गइन् । यी तमाम कुराहरूले सावित गर्छन्, तमाम कुराहरूले सङ्केत गर्छन् कि यो षड्यन्त्र दरबारिया षड्यन्त्र हो, यो षड्यन्त्र निरङ्कुशतावादीहरूको षड्यन्त्र हो र यो षड्यन्त्रको नाइके यदि वैधानिक रूपमा राजा वीरेन्द्र होइनन् भने त्यो ज्ञानेन्द्र हो ।

■ ■ ■

स्वर्ग जानका निम्ति हिँडेको कुनै अकवर-वीरवलको कथाको राजाको जस्तो परिमाण हुनेछ । नाङ्गै मात्र स्वर्ग जान सकिन्छ भनेर आँखा बाँधेर, घोडामा चढेर दौडिँदाखेरि जुन हविगत भएको कुरा देखियो, यो राजाको पनि त्यस्तै स्थिति हुनसक्छ ।

■ ■ ■

यदि आज फेरि जनता तुरुन्त सडकमा उत्रिनु पर्‍यो भने कसका विरुद्ध नारा लगाउने ? कसका विरुद्ध सङ्घर्ष केन्द्रित गर्ने ? त्यो यदि सङ्घर्षै गर्ने हो भने राजाकै विरुद्ध सङ्घर्ष गर्नुबाहेक, राजतन्त्रकै विरुद्ध सङ्घर्ष गर्नुबाहेक अरू कुनै विकल्प छैन । कि त दलाली गर्ने तैयारी हुनुपर्‍यो, ‘त्वम् शरणम्’ भनेर गर्नुपर्‍यो, ‘त्वमेव माता च पिता त्वमेव’ भनेर जानुपर्‍यो । यसरी आज राजतन्त्र बिनाआवरण, बिनाखोल जनताको बीचमा उभिएको छ ।

■ ■ ■

राजनीतिमा कुनै धर्मको केही गुन्जाइस हुँदैन । राजनीतिमा जहिले पनि सतर्कता, तदारुकता र आफ्नो शक्तिलाई सुदृढ गर्ने कुरामा नै महत्त्व रहन्छ । त्यसो हुँदाखेरि राजाले अब हामीमाथि अधिकार दिने खालको वचन दिएका छन् भनेर हामी अब टाङमाथि गरेर, हातमाथि हात गरेर हामी यदि आरामको निद्रा सुत्छौँ भने, हामी राती नै सखाप हुनेछौँ ।

■ ■ ■

बुद्धिनाथ खनाल भन्ने जो सहिद साथी हो, उहाँ राजदरबारका अगाडि, नारायणहिटीका अगाडि, दरबारमार्गमा, राजा महेन्द्रको सालिकअगाडि उहाँ सहिद हुनुभो । त्यो जुलुस यद्यपि दरबारमाथि आक्रमण गर्न गएको थिएन । त्यो राजा महेन्द्रको सालिकमाथि कालो पोत्नका निम्ति, राजा महेन्द्रको सालिकमाथि चारतारे र हँसिया हथौडाको झन्डा टाँग्नका निम्ति र त्यो राजा महेन्द्रको सालिकमाथि लगाइएको मुकुटलाई विस्तारै झार्नका निम्ति त्यो गएको थियो र बिलकुल मुनासिब कुरा लिएर गएको थियो । यस कारणले मुनासिब कुरा लिएर गएको थियो कि जनताका बीचमा काम गरिरहेका राजनीतिक पार्टीहरूलाई राजा महेन्द्रले ३० वर्षअगाडि खोसेका थिए । त्यसको आक्रोश जनताले व्यक्त नगर्ने ? निश्चय पनि गर्न पाउँछन् ।

■ ■ ■

यहाँले आफ्नो घरमा हात्ती पाल्नुभयो भने धेरै घाँस, धेरै भूस, धेरै फिडिङ चाहिन्छ । तर, एउटा बोको पाल्नुभयो भने त्यसलाई थोरै घाँसले पुग्ने थियो । यस अर्थमा एउटा निर्वाचित राष्ट्रपति हुने हो भने उसले १५/२० हजार वा केही त्यस्तै प्रधानमन्त्रीको बराबरी तलबमा काम चल्थ्यो होला । तर, यो सामन्ती अभिजात्य शैलीमा बाँचेको दरबारलाई अहिले त्यति खर्चले पुग्नेवाला छैन । त्यसो हुँदाखेरि अहिले राजालाई चार लाखको खाँचो छ भने कोही बात छैन, हामी त्यो कुरा अहिले दिन तयार छौँ । तर, प्रजातान्त्रिक अधिकारहरूमा कुनै गिद्देदृष्टि हुनु भएन । प्रजातान्त्रिक अधिकारहरूमा कुनै पनि किसिमको औँलो ठड्याउनु भएन दरबारबाट, हामीले भन्न खोजेको कुरा यही हो ।

■ ■ ■

यो पनि थाहा छ, कुपन्डोलमा तिनै सच्चितशमशेर राणा हुन्, जसले त्यहाँ गोली चलाउने कुराहरू गरेका थिए र एउटा ठूलो रक्तपातको स्थिति सिर्जना भएको थियो आन्दोलनका बेलामा । तर, ठूलठूला अरू घटनाहरू भएको हुनाले सच्चितशमशेरले कुनै पेपरमा आक्रमण गराउने मान्छे हुन् भनेर चिनिनुपरेन । तर, त्यो नेपाली जनताले बिर्सेका छैनन् र त्यसको आँकडा राख्नेहरूले त्यो आँकडा च्यातेर फालेका छैनन् ।

■ ■ ■

प्रत्येक अङ्कमा, माथिल्ला तहमा प्रशिक्षित गरेर राखिएका तत्त्वहरू अभिजात्य वर्गद्वारा प्रशिक्षित गरिएका तत्त्वहरू हुन्, निरङ्कुशतन्त्रद्वारा प्रशिक्षित गरिएका तत्त्वहरू हुन् । जबसम्म यी तत्त्वहरूलाई एगचनभ गरिँदैन, जबसम्म यस्ता तत्त्वहरूलाई हटाइँदैन र प्रजातान्त्रिक भावना भएका तत्त्वहरूलाई राखिँदैन, तबसम्म निरङ्कुशतन्त्रसँगको प्रजातान्त्रिक लडाइँको अन्त्य हुनेछैन ।

■ ■ ■

इन्डोनेसियाजस्तो हुन्छ कि अथवा चिलीजस्तो हुन्छ भनेर हामी फेरि कुना पस्ने पक्षमा छैनौँ । हामी फेरि कुनै त्यस्तो खालको गुफा खोजेर लुक्ने पक्षमा छैनौँ । यसको तात्पर्य के ? यसको तात्पर्य के हो भने हामी मृत्युदेखि डराएर हिजो पनि कुना पसेका होइनौँ । मृत्युदेखि डराएको भए झापाको सङ्घर्षको सृष्टि हुने थिएन । मृत्युदेखि डराएको भए तानाशाहलाई, त्यो बादशाहलाई घोडाबाट खसाल्नका निम्ति कठालो समात्ने आँट गरिने थिएन । त्यसो हुँदाखेरि मृत्युको परवाह छैन, मित्रहरू हो !

■ ■ ■

सार्वभौमिक सिद्धान्तले कुनै पनि ठाउँमा प्रकट हुनुपर्दा त्यसले विशेष रूप लिएर प्रकट हुन्छ र आफैँ सार्वभौमिकता या सार्वभौमिक सिद्धान्तहरू कुनै हावामा बाँचिरहेका हुँदैनन् । त्यो अनेक विशिष्टताहरूभित्रको एउटा संयोजनका रूपमा त्यसभित्रको एउटा र एकरूपताका रूपमा त्यो सार्वभौमिकता अभिव्यक्त भएको हुन्छ ।

■ ■ ■

जडसूत्रवादी मित्र हो ! सिद्धान्तको रक्सी पिएर गल्लीमा नलड्नूस्, त्यसले नेपाली क्रान्ति अघि बढ्दैन ।

■ ■ ■

धेरै ठाउँमा मैले भनेको थिएँ, सच्चितशमशेर जङ्गबहादुर राणालाई हटाउनुपर्छ, अब सच्चितशमशेर जङ्गबहादुर राणाको काफी कपाल दुखेको होला । पुरानै काल भएदेखि, निरङ्कुशताको निर्दलीयताको निरङ्कुशतन्त्रको पुरानै काल भएदेखि अहिलेसम्म मदन भण्डारी टाटपल्टा भइसक्थ्यो, त्यसबारेमा जानकार नभएर म त्यत्तिकै बोल्न पाएँ भन्दैमा उम्लेर बोलेको होइन । मैले यसकारणले भनेको छु कि त्यो सच्चितशमशेर जङ्गबहादुर राणाले त्यहाँभित्र भएका, शाही सेनाभित्र भएका प्रजातान्त्रिक विचार राख्नेहरूसम्मका त्यस्ता अधिकृत र जवानहरूलाई भड्काउँदै एउटा तानाशाही ढङ्गको, निरङ्कुशतावादीहरूको सेवा गर्ने ढङ्गको सुझावमा सहीछाप पुऱ्यायो त आयोगमा । ल, त्यसबेला त पुऱ्यायो, जब पछि संविधान बनिसक्यो, मन्त्रिमण्डलले टुङ्गो लगाइसक्यो, तब पनि आफ्ना १२ जवानहरूलाई लिएर फेरि प्रधानमन्त्रीलाई धम्की दिनका निम्ति गइराखेको छ कि सार्वभौमत्ता जनताको हातमा आयो भनी हामी मान्नेवाला छैनौँ, राजैका हातमा जानुपर्छ ।

■ ■ ■

मुलुकमा प्रजातान्त्रीकरण हुने भयो भन्ने कुराप्रति चिन्ता सच्चितशमशेर जङ्गबहादुर राणालाई छ भने त्यस्तो खालको व्यक्तिले शाही सेनाजस्तो मुलुकको सुरक्षाको मुख्य जिम्मेवारी लिएर बसेको अङ्गको प्रमुखले, उसले नैतिक अधिकार राख्दैन । यही कारणले भनेको हो र सच्चितशमशेर जङ्गबहादुर राणाले नोट गरुन्, यदि नेकपा (माले) ले सरकार बनायो भने सबभन्दा पहिले तिमीलाई फाल्नेछ ।

■ ■ ■

त्यस्ताखाले सच्चितशमशेर टाइपका तत्त्वहरूले नेकपा (माले) तिर आँखा नलाए हुन्छ ।

■ ■ ■

अझै पनि यो मुलुकको सेनाको नाम 'शाही सेना' रहेको छ । एउटा परिवारको नामबाट सेनाको नाम, देशको रक्षा गर्ने सेनाको नाम राख्नुहुँदैन । यो जनताको अपमान हो । त्यसो हुँदा त्यसलाई अविलम्ब 'शाही सेना' होइन, 'शाही' हटाएर 'नेपाली सेना' राख्नुपर्छ भनेर त हामीले भन्दै आएका छौं । तर, कुरा यति मात्रै होइन, प्रजातान्त्रीकरण गर्नुपर्दा भन्दा आज पनि प्रत्यक्ष वा परोक्ष ढङ्गले दरबारले जुन सेनालाई नियन्त्रण गरेको छ, त्यसबाट सम्पूर्ण रूपले सेनालाई मुक्त गर्नुपर्छ र जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको हातमा सेनालाई ल्याउनुपर्छ भन्ने कुरा हाम्रो प्रजातान्त्रीकरणको एउटा महत्त्वपूर्ण मुद्दा हो । किन महत्त्वपूर्ण हो ? यस कारणले कि संविधानमा जेसुकै लेखे पनि तिखातिखा सङ्गिन बोकेर हिँड्ने, मुलुकको रक्षा गर्नका निम्ति जनताकै कर-ट्याक्सबाट पालिएका जवानहरूलाई यदि राजाले प्रजातन्त्रका विरुद्ध प्रयोग गर्न खोजे भने कुनै पनि बेला प्रजातन्त्र खोसिन सक्छ । त्यसो हुँदा सेनालाई राजाको हातबाट, दरबारियाहरूको हातबाट मुक्त गर्नुछ । यो कुनै लुकाएर भन्नुपर्ने कुरा होइन ।

■ ■ ■

घुम्ने मेचमा बसिरहेका र अन्धा भएका हाकिम साहेवहरूले ब्यूँझे हुन्छ कि अब राजा-महाराजाले पनि, कुनै ब्रम्हा, विष्णु र महेश्वरले पनि अप्रजातान्त्रिक ढङ्गले जनताको टाउकामा गिर खेल्न र जनताको छातीमा दाल दल्दै बाँच्न यहाँहरूलाई दिने छैनन् ।

■ ■ ■

मुलुकको भाग्य निर्धारण गर्ने राजनीतिक मामिलामा केही निश्चित जातिहरूले मात्रै हात हाल्ने, केही निश्चित जातिहरूले मात्रै त्यसमा एकाधिकार कायम राख्ने र अरू उपेक्षित र पछौटे जातिहरूलाई राजकीय मामिलामा हात हाल्ने अधिकारबाट वा त्यस्तो स्थितिबाट वञ्चित गरेर केवल सरकारी नोकरीको क्षेत्रमा, शिक्षा र स्वास्थ्यको क्षेत्रमा र अन्य क्षेत्रमा मात्रै केही अधिकार संरक्षण गर्ने हो भने मलाई लाग्छ, त्यसले हाम्रो स्थितिलाई ठीक ढङ्गले नियन्त्रित गर्न र मुलुकलाई ठीक ढङ्गले अगाडि बढाउनका निम्ति जनशक्ति जम्मा गर्न सक्दैन ।

■ ■ ■

हामीले बहुत सुस्पष्ट रूपमा भनेका छौं, दरबारबाट नै प्रजातन्त्रमाथि खतरा छ ।

■ ■ ■

हिजोको पाले-पहरेदारले सिकार मारे पनि महाराजकै गोलीबाट मऱ्यो भन्ने संस्कारबाट हामीले मुक्त हुनुपर्छ र यो सामन्ती संस्कारलाई फाल्नुपर्छ । अर्थात् राम्रोचाहिँ भयो भने राजाले गरेको, नराम्रो भयो भनेचाहिँ अरू-अरूले गरेको या हाम्रो कर्मले गर्दा भएको भन्ने कुसंस्कारबाट हामी मुक्त हुनुपर्छ । त्यसो हुँदा बरबादी गरेको पनि राजाले हो र यदि राम्रो काम गरेको भए पनि राजाले हुन्थ्यो । मूल कुरा राजाको नेतृत्व थियो ।

■ ■ ■

नेपाली जनता त विष्णुको औतारको कुरा होइन, स्वयम् भगवान् विष्णु उत्रिएर सुदर्शन चक्र, शङ्ख, गदा, पद्म के के हो, त्यो लिएर शासन गर्न आउँछन् भने पनि यो कालो शासन मान्दैनौं भनेर ०४६ सालमा उठेको हुनाले हामीले बहुदलीय प्रजातन्त्रसम्म प्राप्त गर्न सकेका हौं ।

■ ■ ■

त्यस्ता खालका तत्त्वहरू फेरि मौका खोजेर, फेरि षड्यन्त्र गरेर, बुट र बन्दुकबाट यो प्रजातन्त्रलाई खोस्न दाउ रचिरहेका छन् भन्ने कुरा हामीले जनतालाई किन आग्रह नगर्ने ?

■ ■ ■

आज प्रजातन्त्रमा खतरा छ भन्ने कुरा हामी भनिरहेका छौं । प्रजातन्त्रमाथि खतरा दुई ढङ्गले छ, एउटा बुट र बन्दुकको प्रयोग भएर बलपूर्वक प्रजातन्त्र अपहरित हुनसक्ने सम्भावना छ भने अर्कोतर्फ प्रजातन्त्रकै नाममा जनताको अचेतनाको फाइदा उठाउँदै, जनताको अज्ञानताको फाइदा उठाउँदै प्रजातान्त्रिक ढङ्गले खोस्न सक्ने पनि सम्भावना छ ।

■ ■ ■

प्रजातन्त्रलाई सुदृढ कसरी बनाउन सकिन्छ भन्दा, हामी भनिरहेका छौं कि प्रतिगामी तत्त्वहरूसँग कुनै पनि खालको गठबन्धन सम्भव छैन । प्रतिगामी तत्त्वहरूसँग कुनै पनि किसिमको मोलाहिजा सम्भव छैन । तिनीहरूलाई कुनै पनि किसिमको छुट दिन सकिँदैन । बरु गल्ती त के भइरहेको छ भने आज ती प्रतिगामी तत्त्वहरू दण्डित नभएका हुनाले छानबिन गरेर उनीहरूमाथि कारबाही नगरिएको हुनाले उनीहरू फेरि सरेआम सडकमा निस्किन थालेका छन् ।

■ ■ ■

त्यस्ता तत्त्वहरूसँग गठबन्धन गरेर, तिनीहरूसँग नरमीको व्यवहार गरेर र भैगो हिजो जे-जे भयो, त्यसलाई बिर्सिदिऊँ भन्ने कुरालाई अगाडि सारेर प्रजातन्त्र बलियो हुन सक्दैन ।

■ ■ ■

जब जब आन्दोलनकारी शक्तिहरूको बीचमा गहिरो दरार पर्छ, त्यो दरार पर्नेबित्तिकै, अब भने एउटा अवसर प्राप्त भयो भन्ने कुरा सुनिश्चित हुनेबित्तिकै दरबारबाट आफ्ना काला हातहरू यो प्रजातन्त्रलाई खोस्नका निम्ति अघि सर्ने गर्छन् ।

■ ■ ■

अब आइन्दा राजाले मुलुकको राजनीतिमा कुनै हात हाल्नु हुँदैन । राजालाई कुनै चिन्ता र कुनै फिक्री हुनुहुँदैन यो मुलुकको राजनीतिमा । मुलुकको राजनीति अब मुलुकका राजनीतिक पार्टीहरूले गर्छन्, वयस्क भएका नागरिकहरूले गर्छन्,

सचेत भएका, प्रजातान्त्रिक चेतनाले जागृत भएका नेपाली जनताले गर्छन् । अब राजाले यसका बारेमा कुनै चिन्ता, कुनै फिक्री, कुनै हस्तक्षेप र कुनै तिकडमबाजी गर्नुहुँदैन । त्यसरी नै कुनै शक्तिकेन्द्र बन्ने, सत्ता र शक्तिकेन्द्र बन्ने पनि कोसिस गर्नुहुँदैन । यही हो राजाबाट जनताको हातमा आएको, राजाको हातबाट जनताको हातमा सरेको भनेको मुलुकको भाग्य र भविष्य निर्माण गर्ने अधिकार ।

■ ■ ■

दरबारिया प्रतिगामी शक्तिहरूले हाम्रो यो प्राप्त प्रजातन्त्रमाथि कुनै पनि किसिमको दखलन्दाजी गर्न नपाउन् । यस खातिर हामी सजग रहनुपर्छ । हामीले हाम्रा हातहरूलाई खुला राख्नुपर्छ र यदि अनुचित ढङ्गले, बेठीक ढङ्गले, बल प्रयोग गर्दै, बुट र बन्दुकको प्रयोग गर्दै, पहिला ०१७ सालमा जस्तै प्रजातन्त्र खोसिन्छ भने आदरणीय जनसमुदायहरू ! तपाईंहरू सबैले, हामीहरू सबैले आ-आफ्ना औजारहरूलाई आ-आफ्ना आँखाले भेट्ने र देख्ने ठाउँमा राख्नुपर्छ । आफ्ना हातहरूलाई हामीले खाली राखिरहनुपर्छ । कुनै पनि बेला ०१७ साल पुस १ गतेजस्तो कुनै पनि १ गते आयो भने त्यसबेला कुनै पार्टीको निर्देशन पर्खिरहनु पर्दैन । कुनै नेताको आह्वान पर्खिरहनु पर्दैन । हरेकले, सबै दिदीबहिनीहरूले चुल्हाचौकाबाट होस्, हर कसैले आफ्ना हातमा औजार लिएर उत्रिनुपर्छ । त्यस खालको प्रतिगामी षड्यन्त्र टिक्न दिनुहुँदैन ।

■ ■ ■

निरङ्कुशतावादी शासनले त्यो भगवान्कै नाममा सञ्चालन भएको किन नहोस्, त्यसले यो मुलुकलाई बर्बाद पा-यो भन्ने कुरा हाम्रै जीवनमा जाहेर छ । यो राष्ट्रको दुनियाँमा जसरी अपमान भएको छ, यो माफिया र तस्कर तत्त्वहरूको देश हो, भाडामा बेचिनेहरूको देश हो, आमा, दिदीबहिनीहरूको व्यापार गर्ने देश हो भनेर यो मुलुक दुर्नाम भएको छ, त्यस्तो दुर्नाम शासन गर्ने अरू कोही होइन, विष्णुकै अवतार हो ।

■ ■ ■

कृष्णप्रसाद भट्टराईजीले भन्नुभएको थियो, एकचोटि के भन्नुभएको थियो भने यो त भगवान्को कृपा हो कि वामपन्थी पनि मन्त्रिमण्डलमा आइपुगे । त, त्यसबेला पनि हामीले जनसभामार्फत आफ्ना अपिलहरू प्रस्तुत गरेका थियौँ । जरुर भट्टराईजी यो, भगवान्कै कृपा हो कि हामीहरू पनि मन्त्रिमण्डलमा पुगेका छौँ । तर, कुनचाहिँ भगवान्को कृपा हो ? तपाईंका भगवान्को कृपा हो कि ? हाम्रा भगवान्को कृपा हो ? हामीले यो प्रश्न गरेका थियौँ । हामीले भन्यौँ, यो हाम्रो भगवान्को कृपा हो । हाम्रा भगवान् भनेका नबोल्ने पशुपतिनाथ होइनन्, हाम्रा भगवान् भनेका कुनै नबोल्ने ढुङ्गाका देउता होइनन् । हाम्रा भगवान् भनेका त जीवित जनता हुन् । त्यसो हुँदाखेरि जनताको अनुकम्पा हो, जनताको कृपा हो कि हामी पनि सरकारमा पुगेका छौँ । अनि, त्यहीबेला मैले उहाँलाई र उहाँलाई प्रतीक बनाएर नेपाली काङ्ग्रेसलाई केही ठाउँमा भनेको थिएँ- जुनबेला त्यस्तो घडी आउनेछ, तपाईं-हामी मात्रै होइन, तपाईंका भगवान् र हाम्रा भगवान्को पनि प्रतिद्वन्द्विता हुन्छ ।

■ ■ ■

पञ्चहरूले सरकार बनाए भने संवैधनिक राजा भएर बस्छु भनेर पिरामा थन्किएर बसेका राजालाई ती पञ्चहरूले चुप्प लागेर बस्न दिने छैनन् । संविधान मानेर बस्न दिने छैनन् । फेरि गएर चाकडी-चुक्ली गरेर, घच्घच्याएर, घोचेर 'महाराज ! हाम्रो नेतृत्व गरिदिनुपऱ्यो' भनेर फेरि निरङ्कुश र सक्रिय राजा बनाएर ल्याउनेछन् । त्यसो हुँदा अब हामीलाई विष्णुको औतारको शासन चाहिएन, अब हामीलाई त्यस्तो कुनै विधिको शासन चाहिएन । हामीलाई त हाम्रै विवेकको शासन चाहिएको छ, जनताकै विवेकको शासन चाहिएको छ । त्यसो हुनाले कुनै पनि हालतमा अब पञ्चहरू, पञ्चायती अनुहारहरू, पञ्चायती कार्यक्रमहरू, पञ्चायती शैलीका कुराहरू सर्वथा त्याज्य छन् र यिनीहरूलाई कुनै पनि हालतमा टाउको उठाउन दिनुहुँदैन ।

■ ■ ■

राजा महेन्द्र राष्ट्रवादको नारा लगाएर निरङ्कुशतन्त्र स्थापना गर्न सफल भएको एक जना निरङ्कुश राजा हो । यस्तो स्थितिमा हामीले राजाको राष्ट्रवादलाई देख्यौँ । त्यो वास्तवमा 'मण्डले राष्ट्रवाद' थियो । त्यो 'निरङ्कुशतावादी राष्ट्रवाद' थियो । त्यो जनताको प्रजातान्त्रिक अधिकारहरूलाई अपहरण गर्ने राष्ट्रवाद थियो र त्यो राष्ट्रवादको नारामा आएको भए पनि, त्यो 'मण्डले राष्ट्रवाद' वैदेशिक साम्राज्यवाद, एकाधिकार पुँजीवादसँग घुँडा टेक्ने खालको राष्ट्रवाद थियो ।

■ ■ ■

जनताले जुनबेला मरीचमानजस्तो हत्यारा तत्त्वलाई कारबाही गर्नुपर्छ भनेर माग गरिरहेका थिए, जनताले जुनबेला निरञ्जन थापाजस्तो तत्त्वलाई कारबाही गर्नुपर्छ भनेर माग गरिरहेका थिए, त्यसबेला नेपाली काङ्ग्रेसले कारबाही गर्न नचाहेको मात्रै होइन, कारबाही गर्ने मागलाई बेवास्ता गरेको मात्रै होइन, नेपाली काङ्ग्रेसका महामानव ठानिने विश्वेश्वरप्रसाद कोइरालाका सुपुत्र प्रकाश कोइरालाको घरमा मरीचमान लुकिरहेको छ भन्ने कुरा त्यसबेला पनि हामीले जाहेर गरेका थियौँ ।

■ ■ ■

यदि लाठी बोकेर, बन्दुक बोकेर, हिंसा र हत्याका हतियारहरू बोकेर साङ्घातिक हमला गर्दै वामपन्थीहरूमाथि, आमूल परिवर्तनको चाहना राख्ने जनतामाथि त्यस ढङ्गले हमला गरिन्छ भने शान्तिपूर्ण ढङ्गले निर्वाचन हुने त कुरै छोडिदिनुस्, त्यसबेला फेरि मैदानमा उत्रिनु पर्नेछ र त्यो मैदानमा उत्रिनुपऱ्यो र फेरि रगत बगाएर हिंसाको प्रतिवाद गर्दै आक्रमण गर्नुपऱ्यो भने सुस्पष्ट रूपमा म राख्न चाहन्छु, हामी यो संविधानलाई बोकेर हिँड्ने पक्षमा रहने छैनौँ । हामी यस सम्झौतालाई मानेर गइरहने कुराको पक्षमा रहने छैनौँ । त्यस्तो स्थितिमा प्रतिगामी तत्त्वहरूलाई समाप्त पारेर, सुधारवादी तत्त्वहरूलाई परास्त गर्दै राजाबिनाको प्रजातन्त्र ल्याउनका निम्ति हामी उत्रिनेछौँ, गणतन्त्र ल्याउनका निम्ति हामी उत्रिनेछौँ ।

■ ■ ■

त्यस ढङ्गले जीवन र मृत्युको लडाइँ लडेर, हामीले फेरि प्रतिगामीहरूलाई हटाउनुपऱ्यो भने त्यसबेला राजाको यो मुलुकमा कुनै ठाउँ रहने छैन । दरबारियाहरूको यो मुलुकमा कुनै ठाउँ रहने छैन ।

(जननेता मदन भण्डारीले विभिन्न समयमा गर्नुभएका भाषणहरूमा अभिव्यक्त उपरोक्त विश्लेषण अहिले पनि उत्तिकै सान्दर्भिक भएकोले 'श्वेत-शार्दूलको गर्जन'बाट साभार गरिएको हो ।- सं)

# जनताले राजालाई कारवाही गर्न पाउने छन्

**' जीवराज आश्रित**

यस जनसभाका कमरेड सभापति, अतिथिको आसनमा बस्नुभएका सहयोद्धा कमरेडहरू, यस सभामा हाम्रो पार्टीका विचार सुनिदिनका लागि यत्रो ठूलो सङ्ख्यामा उपस्थित हुनुभएका आदरणीय दाजुभाइ, दिदीबहिनी, बुबाआमा तथा अन्य जनसमुदायहरू, म हाम्रो पार्टी नेकपा (माले) का तर्फबाट हार्दिक क्रान्तिकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

एक सय चार वर्ष लामो तानाशाही राणा शासनका विरुद्ध निरन्तर र निर्णायक सङ्घर्ष गर्दै हजारौँ नेपाली जनताले रगतको खोलो बगाएर २००७ सालमा प्राप्त गरेका अधिकारहरू राजा महेन्द्रले खोस्न सफल भए र '५५ धारा' सहितको संविधान बनाए । जुन संविधानको धारा प्रयोग गरेर ०१७ सालमा संसदीय व्यवस्था विघटन भयो र त्यसयतादेखि ३० वर्ष बितेका छन् । ३० वर्षको बीचमा तपाईंहरूले के भोग्नु भो ? हाम्रा बाउ-आमाहरूले के भोग्नुभो ? र अरू नेपाली जनताले के भोगे ? यहाँ सहभागी नबन्नु भएका र सरिक नहुनु भएकाले के भोग्नुभो ? ती कुरा तपाईंहरूलाई थाहा छ । मैले ती सबै कुरामा गएँ भने अहिले समयले पनि पुग्ने छैन र तपाईंहरूलाई पनि त्यो रुचिकर विषय लाग्ने छैन । हामी लडेर, हामी सङ्घर्ष गरेर पार्टीमाथिको प्रतिबन्ध हटाएका छौँ, केही राता झन्डाहरू हामीले टाँग्न सफल भएका छौँ । तर, जनसमुदायहरू ! हामी राता झन्डा केही दिनसम्म ल्याएर मात्रै हाम्रो सफलता प्राप्त भएको ग्यारेन्टी हुँदैन । किनभने, यस्ता झन्डाहरू ००७ सालदेखि ०१५ सालसम्म, आठ वर्षसम्म हामीले फहराएका थियौँ, हामीले पार्टीका कुरा गरेका थियौँ, आफ्ना सिद्धान्तका कुरा गरेका थियौँ, नीतिका कुरा गरेका थियौँ । तर, एउटै '५५ धारा' ले त्यो जम्मै गुर्ल्यामगुर्लुम लडाइदियो र हामी ३० वर्षको निरङ्कुश तानाशाही शासनभित्र थुनिनु पर्‍यो, कुँजिनुपर्‍यो, त्यसको सिकार बन्नुपर्‍यो । त्यसो भएर हाम्रो पार्टी नेकपा (माले) के भन्दछ भने अझै पनि जनताले संविधान बनाउन पाउने अधिकार प्राप्त गरेका छैनन् । संविधान जबसम्म सर्वोपरि हुँदैन, भन्नुको मतलब केही केही साथीहरूले यहाँ भन्दाखेरि हामी वैधानिक राजतन्त्र चाहन्छौँ भन्ने कुरा भन्नुभयो, हामी त्यसरी भन्दैनौँ, हामी वैधानिक राजतन्त्र चाहँदैनौँ, हामीले नौलो जनवादी व्यवस्था चाहन्छौँ । हामी साम्यवाद चाहन्छौँ, हामी समाजवाद चाहन्छौँ । आज हामीले चाहेको भनेको राजालाई संविधानभित्र कुन्याउन चाहेको हो, राजालाई संविधानभित्र बाँध्न चाहेको हो । राजालाई संविधानको दाम्लोभित्र बाँध्न हामीले चाहेका हौँ । जब राजालाई हामी संविधानको दाम्लोभित्र बाँध्ने छौँ, राजाले मनपरि गर्न पाउने छैनन्, राजाले नेपाली जनताको टाउकोमाथि गिर खेल्न पाउने छैनन् र नेपाली जनतालाई जहिले पायो तहिले गोलीले भुट्न पाउने छैनन् र नेपाली जनताले पनि चाहेको बेला राजालाई चाहिँ कानुन लगाउन सक्नेछन् र नेपाली जनताले पनि राजालाई कारबाही गर्न पाउनेछन् ।

आदरणीय जनसमुदायहरू,

आज तपाईंहरू ढुक्क नहुनुहोस्, आज पनि षड्यन्त्र भइरहेको छ । राजाका एडीसी र रानीका एडीसीबीचमा गोली चल्दैछ भन्ने कुरा हामी सुन्दैछौँ र ती हजारौँहजार जनतालाई मारेर भए पनि यो अहिले आइरहेको बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई रोक्नुपर्छ भन्ने कुरा भन्दै हिँडे भन्ने कुरा सुनिन्छ यहाँ । तर, यी हल्ला हुन्, हल्ला पनि त्यसै चल्दैनन् । जहाँ आगो हुन्छ, त्यहाँ मात्रै धूँवा निस्कन्छ । त्यसो भएको हुनाले केही नभईकन हल्ला चलेको छैन, दरबारभित्र षड्यन्त्र चलिरहेको छ । प्रजातान्त्रिक व्यवस्था आउन थालेको पूर्वसन्ध्यामा त्यसलाई नामेट पार्नका निम्ति, त्यसलाई सखाप पार्नका निम्ति, त्यसको जरालाई, कलिलो मुनालाई खोसिदिनका निम्ति, भाँचिदिनका निम्ति षड्यन्त्र भइरहेको छ । हामी यो षड्यन्त्रको विरुद्धमा आमसभामा कुर्लेर पनि हुँदैन । हामीले ठूला पर्चा लेखेर पनि हुँदैन, कडा कार्यक्रम लेखेर बाँडेर पनि हुँदैन । हामीले मुख्य कुरा संविधान बनाउने अधिकार पाउनुपर्छ र त्यो संविधान बनाउने अधिकारअन्तर्गत हामीले त्यस्तो संविधान बनाउनुपर्छ, जुन संविधान नै सबभन्दा ठूलो होस्, राजा ठूलो हुन नपाओस् ।

आदरणीय जनसमुदायहरू,

हामीले राजाको मात्रै होइन, हामी कुनै पनि एकदलीय शासन चाहँदैनौँ । हाम्रो पार्टी नेकपा (माले) को गत भदौ महिनामा गौरवपूर्ण चौथो राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ । त्यस चौथो राष्ट्रिय महाधिवेशनले पारित गरेको कार्यक्रममा हामीले अब ल्याउने, सङ्घर्ष गरेर ल्याउने नौलो जनवादी व्यवस्था पनि बहुदलीय व्यवस्था हुनेछ भनेर भन्ने गर्‍या'छौँ । कम्युनिस्टहरूले पनि आज योग्यताका आधारमा, व्यवहारका आधारमा, आफ्नो खुबीका आधारमा, जनताको काम गरेका आधारमा विश्वास प्राप्त गर्न सक्नुपर्छ र जनताको विश्वास लिएर मात्रै काम गर्नुपर्छ । त्यसो हुँदा समाजवादी व्यवस्था पनि, जनवादी व्यवस्था

पनि एकदलीय व्यवस्था हुनुहुँदैन । उनीहरूले जित्न सक्छन् भने, उनीहरूले बहुमत प्राप्त गर्न सक्छन् भने, उनीहरूले जनतालाई सही चीज बुझाएर जनतालाई आफ्नो पक्षमा लिन सक्छन् भने उनीहरूले शासन गर्छन्, होइन भने जनताले जसलाई विश्वास गर्छन्, उसैले शासन गर्न पाउने अधिकार हुनुपर्छ । त्यसो भएर हामीले नौलो जनवादी व्यवस्थालाई पनि बहुदलीय प्रणालीहरूलाई, आजको बहुदलीय व्यवस्थालाई पनि जनताको हितमा, जनताको लक्ष्य प्राप्ति गर्ने दिशामा लैजाने काममा हामी प्रयोग गर्नेछौँ । हामी खुसी भएका छैनौँ, हामी बत्ती बालिरहेका छैनौँ । पार्टीमाथिको प्रतिबन्ध हट्नेबित्तिकै एउटा निरङ्कुश शासनका केही दाँतहरू, केही नङ्ग्राहरू भाँचिन थाल्नेबित्तिकै हामी विश्वास गरेका छैनौँ । हामी ०१५ सालमा धोका खाएका, ०१७ सालमा धोका खाएका, ०३६ सालमा धोका खाएका जनताले अब पनि राजा र राजदरबारका धोकामा फस्यौँ भने हामीले आफूलाई धोका दिनेछौँ । त्यसो भएर आदरणीय जनसमुदायहरू, तपाईंहरू सजग हुनुहोस्, तपाईंहरू एकढिक्का हुनुहोस् । हाम्रो सफलता प्राप्त भएको छैन । हामी पुग्नुपर्ने ठाउँमा जाने हाम्रो यात्रा निकै लामो छ । भर्खरै एउटा खुड्किलोमा हामी टेक्दछौँ, त्यही खुड्किलोका पनि अधिकारहरूको ग्यारेन्टी हुन सकेको छैन । त्यसो भएर हाम्रो पार्टी नेकपा (माले) को धारणा के छ भने एकातिर तपाईंहरू जनसमुदायसँग एकाकार भएर सडकबाट, जनसमुदायको बीचबाट जबसम्म राजाका अधिकारहरू खोस्न सकिँदैन, जबसम्म दरबारका अधिकारहरू खोस्न सकिँदैन, जबसम्म जनताको सर्वोपरि संविधान बनाउन सकिँदैन, तबसम्म यसैगरी हामीले दबाब दिनुपर्छ, यसैगरी सङ्घर्षमा जानकार हुनुपर्छ । अर्कोतिर, हामीले यसरी लडेर ल्याएको बहुदलीय व्यवस्थामा अरू कोही जाओस्, हामी जाँदैनौँ, जनताले के भन्लान् ? जनताले अधिकार प्राप्त गर्न नपाउँदै मालेहरू पनि शासक बने, मालेहरू पनि मन्त्री बने, मालेहरूले पनि मोजमज्जा गर्ने भए, अब सङ्घर्षको बाटो छोडिदिने भए भने भन्छन् कि भनेर हामीले त्यो अवसरलाई छाड्दैनौँ । किनभने, अन्तरिम सरकारमा जाने साथीहरू झन्डा हल्लाएर, दुई-चार जना गार्ड लिएर हेलिकप्टरमा चढेर मन्त्री बन्न गएका होइनन् । राजालाई संविधानमा बाँध्नका निम्ति, जनताको हातमा संविधान बनाउने अधिकार ल्याउनका निम्ति र आमनिर्वाचन सम्पन्न गर्नका निम्ति, माथिबाट पनि सङ्घर्ष गर्नका निम्ति, सदनबाट पनि सङ्घर्ष गर्नका निम्ति हाम्रा साथीहरू जानुभएको हो, हामीले आफ्ना प्रतिनिधिहरूलाई पठाएका छौँ । त्यसलाई हामीले समर्थन गर्नुपर्छ र त्यसलाई सघाउनुपर्छ । त्यसलाई सघाउने भनेको पञ्चे सरकारलाई तलका पञ्चहरूले वक्तव्य दिएर सघाएजस्तो होइन । सडकमा लामबन्दी भएर, सडकमा अधिकारका निम्ति लडेर, सडकमा झन्डा उठाएर राजाका अधिकारहरू, दरबारका अधिकारहरू, नोकरशाहका अधिकारहरू, तानाशाहका अधिकारहरू अझै पनि बर्खास्त नगरिएका, पुलिसका, मिल्ट्रीका लगायत तलका पञ्चायतदेखिका तमाम नोकरशाहहरू, जसले नेपाली जनताको रगत चुसेर किर्नो बनेका छन्, तिनीहरूका अधिकार खोस्ने र तिनीहरूलाई अधिकारविहीन बनाउने काम नगरुन्जेलसम्म अझै पनि हामी बलियो भइसकेका छैनौँ ।

त्यसो भएको हुनाले हाम्रो पार्टी के भन्छ भने अझै पनि पञ्चायती व्यवस्थाको समूल रूपले खारेजी भएको छैन । औपचारिक रूपमा पञ्चायती व्यवस्थाको खारेजी भएको छैन । त्यसो भएर पञ्चायतीहरू धूप बालिसकेपछिका लामखुट्टेजस्ता भएका छन् । हामीले तिनीहरूलाई निमिट्यान्न नपारेसम्म हामी ढुक्क हुनुहुँदैन । त्यसो भएर पञ्चायतका सम्पूर्ण निकायहरू, पञ्चायती व्यवस्था समूल रूपमा खारेज नभएसम्म हाम्रो सङ्घर्ष जारी रहनेछ । त्यसपछि जबसम्म नेपाली जनताले संविधान बनाउने अधिकार प्राप्त गर्ने छैनन्, तबसम्म हाम्रो यो चलिरहेको सङ्घर्ष, फागुन ७ गतेदेखि जारी रहेको सङ्घर्ष अर्को रूपमा, अर्को स्वरूपमा जारी नै रहनेछ । त्यसपछि अहिले पनि भन्नुभो पूर्ववक्ता साथीहरूले, भर्खरै केपी ओलीजीले पनि भन्नुभो कि अझै पनि हाम्रो देशका विभिन्न जेलहरूमा झुट्टा मुद्दा लगाएर विभिन्न केसहरूमा, फौजदारी मुद्दामा, डाँका मुद्दामा, चोर मुद्दामा र अरू तमाम डकैती काण्डमा, बमकाण्डमा फसाइएका छन् । त्यसरी विभिन्न केसमा फसाइएकाहरूलाई, चाहे जेसुकै केसमा फसाइएको होस्, उहाँहरूलाई अविलम्ब रिहा गर्नुपर्छ । रामराजाप्रसादसँग सम्बन्धित बमकाण्डका भनिनेहरूलाई रिहाइ गर्नुपर्छ । पूर्तिघाट काण्डको नाममा फसाइएकाहरू, जो पूर्तिघाट काण्ड गर्नेहरू नेपाली जनताको सम्पत्तिबाट यस तानाशाही पञ्चायती व्यवस्थालाई ढाल्नका निम्ति बैंकमा रहेको सम्पत्ति ल्याएर उनीहरूले हातहतियार किन्ने अथवा सङ्गठन चलाउने काम गरेका थिए त के अपराध गरेका थिए ? उनीहरूले पञ्चायती व्यवस्थाविरुद्ध जुन क्रियाकलाप गरेका थिए, त्यसको कारण उनीहरूलाई जेलमा लगियो, त्यसपछि उनीहरू बाहिर निस्के । आज पनि उनीहरूमाथि मुद्दा छ, वारेन्ट छ । उनीहरू तपाईं-हामीजस्तो गरेर छाती फुलाएर हिँड्न नसक्ने स्थिति छ । ती सम्पूर्ण बन्दीहरूलाई रिहाइ गर्नुपर्छ । लम्जुङ जिल्लामा एक जना प्रधानपञ्च भीरबाट लडेर मऱ्यो, हाम्रा कैयौँ साथीहरूलाई उसलाई मारेर फाले भन्ने अभियोगमा जेलमा हालेर सडाइएको छ, ती बन्दीहरूको रिहा हुनुपर्छ । त्यसलगायत अरू तमाम बन्दीहरू जो विभिन्न मुद्दामा फसाइएका छन्, ती बन्दीहरू रिहा हुनुपर्छ ।

यसका साथसाथै हाम्रो पार्टी नेकपा (माले) को के पनि धारणा छ भने जबसम्म संविधान बनाउने अधिकार जनताले पाउँदैनन् र त्यस संविधानको आधारमा संसद्को चुनाव हुँदैन र त्यस संसद्को मातहतमा सेना र प्रहरी हुँदैनन्, तबसम्म नेपाली जनतामाथि दमन गर्ने काम, नेपाली जनताको प्रजातन्त्रमाथि षड्यन्त्र गर्ने काम जारी रहनेछ । त्यसो भएर सेना र प्रहरीहरू पनि संसद्को अधीनमा हुनुपर्छ भन्ने हाम्रो पार्टीको धारणा रहेको छ ।

आदरणीय जनसमुदायहरू,

यस्तै, यस्ता थुप्रै हाम्रा धारणाहरू छन्, जो सहिद भएका छन्, पञ्चायती व्यवस्था लागू भएदेखि थुप्रै-थुप्रै मारिएका छन्, उनीहरूलाई सहिदको सम्मान दिइनुपर्छ । यसै आन्दोलनमा पनि मारिएका सहिदका परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्छ । घाइतेहरूलाई भरणपोषणको व्यवस्था गर्नुपर्छ । उनको असहाय परिवारहरूलाई उचित संरक्षण र भरपोषणको व्यवस्था हुनुपर्छ भन्ने हाम्रो पार्टीले धारणा राखेको छ । यी तमाम मागहरू पूरा भएका छैनन् । हाम्रो पार्टीले १४/१५ वटा यस्ता मागहरू राखेको छ, ती मागहरूलाई पूरा नगरेसम्म र मुख्य कुरा जनताको हातमा संविधान बनाउने अधिकार प्राप्त नभएसम्म सङ्घर्षलाई जारी राख्नुपर्छ । काङ्ग्रेस र कम्युनिस्ट अब मन्त्रिमण्डलको सवालमा फुट्ने होइन, भोलिको चुनावको सवालमा

फुट्ने होइन । कम्युनिस्ट-कम्युनिस्टको बीचमा पनि मतभेद छन् । काङ्ग्रेस र कम्युनिस्टको बीचमा पनि गम्भीर मतभेद छन् । तपाईंहरूलाई लाग्ला, कहाँका काङ्ग्रेस, आज कहाँका कम्युनिस्ट । कम्युनिस्टहरूमा पनि मनमोहन समूह, मानन्धर समूह, माले समूह, मसाल समूह कति लड्थे ? यिनीहरू । आज के यिनीहरूका मतभेद समाप्त भए त ? समाप्त भएका छैनन् । सिद्धान्तका बारेमा छलफल-बहस गर्ने भोलि हो, हामी त्यस कुरामा अल्मलिने कुरा होइन । काङ्ग्रेस र कम्युनिस्टको बीचमा भएका मतभेदका बाबजुद, कम्युनिस्ट-कम्युनिस्टबीचमा भएका मतभेदका बाबजुद हामी अगाडि बढ्नुपर्छ । यही हाम्रै मञ्चमा पनि, अहिले यही हाम्रो आयोजना भएको सभामा पनि हाम्रा मसालका मित्र पनि आउनुभएको छ । उहाँहरूले नेपाली काङ्ग्रेस र कम्युनिस्टको बीचमा भएको संयुक्त वाममोर्चाको एकतालाई अस्वीकार गर्नुभयो र त्यो एकता, त्यो गठबन्धन गलत हो, त्यसमा हामी सामेल हुँदैनौं । हामीले बाहिरैबाट समर्थन गर्छौं भन्ने मित्र पनि यहाँ आउनुभएको छ । हामीले उहाँलाई पनि स्वागत गरेका छौँ ।

विचारहरू, मलाई भन्न मन लागेका कुराहरू मैले तपाईंहरूका अगाडि भन्दै गएँ । कति भन्नुपर्ने कुरा छुटे होलान्, कति भन्न आवश्यक नभएका कुरा, तपाईंहरूलाई झिझो लाग्ने कुरा अथवा तपाईंहरूलाई पट्यार लाग्ने कुरा पनि भनें हुँला । मेरो पहिलोपटक तपाईंहरू यत्रो जनसमुदायको बीचमा बोल्ने अवसर भएको हुँदा यसमा समझदारी राखिदिनुहुनेछ । र, मैले फेरि पनि त्यस्तो क्षेत्रीयस्तरका सभामा मात्रै होइन, अरू सानातिना सभाहरूमा पनि तपाईंहरूको अगाडि बोल्ने अनुमति माग्नेछु । मैले त्यस्तो अवसरको प्रतीक्षा गर्नेछु । तपाईंहरूले मलाई त्यस्तो अनुमति दिनुभो, अवसर दिनुभो भने मैले फेरिफेरि पनि तपाईंहरूका अगाडि आफ्ना विचारहरू राख्नेछु । किनभने, रूपन्देही जिल्ला भनेको मैले राजनीति सुरु गरेको जिल्ला हो, रूपन्देही जिल्ला भनेको मैले तानाशाही पञ्चायती व्यवस्थाद्वारा जेलनेल खाएको जिल्ला हो, रूपन्देही जिल्ला भनेको मैले यसै जिल्लाबाट आजभन्दा १९ वर्ष पहिला भूमिगत जीवन सुरु गरेको जिल्ला हो भने म तपाईंहरूको साथमा छु, म तपाईंहरूको बीचमा हमेसा रहनेछु र जबसम्म हाम्रो पार्टीले अगाडि ल्याएको नौलो जनवादी कार्यक्रमले राखेको लक्ष्य पूरा हुनेछैन, तबसम्म हाम्रो पार्टी कुनै पनि सुधारबाट, कुनै पनि षड्यन्त्रबाट, कुनै पनि धोकाबाट अलमलिने छैन । त्यस्ता सुधार, धोका र भ्रमको भण्डाफोर गर्दै अगाडि जानेछ । तपाईंहरूले हामीलाई सहयोग गर्नुभो भने, तपाईंहरूले हामीलाई समर्थन गर्नुभो भने, तपाईंहरूले हाम्रो कदमलाई अगाडि बढाउनका निम्ति प्रेरणा र उत्साह दिनुभयो भने हामी अगाडि बढ्नेछौँ । यति भन्दै मेरा आफ्ना केही भनाइहरू यहीँ टुङ्ग्याउँछु । हवस् त धन्यवाद ।

***(२०४७ वैशाख १३ गते कुशल सङ्गठक कमरेड जीवराज आश्रितले बुटवलमा गर्नुभएको सम्बोधन भाषण)***

# महान् जनआन्दोलन र त्यसले सुम्पेका अभिभाराहरू

**' रघु पन्त**

**महान् र ऐतिहासिक आन्दोलन**

नेपालमा भर्खरै सम्पन्न संयुक्त जनआन्दोलन यो देशको इतिहासमा मात्र नभएर संसारकै इतिहासमा महत्त्वका साथ उल्लेख गरिनुपर्ने जनआन्दोलनका रूपमा रहेको छ । एक्काइसौँ शताब्दीको पहिलो दशकको महानतम् जनआन्दोलनका रूपमा नेपालको जनआन्दोलनलाई स्थापित गर्न यो आन्दोलनले अघि सारेका लक्ष्य र मागहरूलाई पूरा गराउनु जरुरी छ । समकालीन विश्वमा यो आन्दोलनले आफ्नो महत्त्वपूर्ण उपस्थितिको अनुभव विश्व जनमतलाई गरायो । नेपालको जनआन्दोलनले विश्व सञ्चारमाध्यमहरूमा प्रमुखताका साथ स्थान पायो ।

यो आन्दोलनका क्रममा एकै दिन देशभरि गरेर पचासौँ लाख मानिस परिचालित भए । किशोर-किशोरीहरूदेखि लिएर वृद्धवृद्धासम्म यो आन्दोलनमा सामेल भए । लोकतन्त्र चाहने उच्च वर्गका उदारवादी मानिसहरूदेखि जुत्ता पालिस गरेर जीविका धान्ने र दैनिक ज्यालादारी काम गरेर परिवार पाल्ने सर्वहाराहरूसमेत यो आन्दोलनमा सहभागी थिए । डाक्टर, प्राध्यापक, इन्जिनियर, वकिल, शिक्षक, पत्रकार र कर्मचारीहरूलगायतका सचेत मध्यम वर्ग यो आन्दोलनको एउटा शक्ति नै थियो भन्ने गाउँ-गाउँबाट जागेर आन्दोलनमा सामेल भएका किसानहरू आन्दोलनका प्रमुख ऊर्जा थिए ।

यो आन्दोलन देशको कुनै खास भौगोलिक सीमाभित्र मात्रै सीमित थिएन । पूर्व मेचीदेखि पश्चिम महाकालीका जन-जनसम्म आन्दोलन फैलिएको थियो । कैलाली र कञ्चनपुर मात्रै होइन, हुम्ला, दैलेख, जुम्ला, मनाङ र मुस्ताङजस्ता दुर्गम ठाउँका सदरमुकाममा समेत हजारौँको सङ्ख्यामा उत्रेर जनताले लोकतन्त्रप्रतिको आफ्नो उत्कट चाहनालाई प्रकट गरेका थिए । पूर्वका इलाम, ताप्लेजुङ, धनकुटा र झापा पनि यसपल्ट जुर्मुराए र लोकतन्त्रको पक्षमा गर्जेका थिए । चितवन, पोखरा, दाङ, बुटवल, बिर्तामोड, नेपालगन्ज, वीरगन्ज, हेटौँडा, इटहरीलगायत अन्ततः काठमाडौँको रिङरोडमा उत्रेका दसौँ लाख जनताको समुद्र यो शताब्दीको एउटा दर्शनीय घटना थियो । काठमाडौँको कलङ्की, गोङ्गबु र त्रिपुरेश्वरमा निहत्था जनता जसरी प्रहरी र सेनाविरुद्ध जुधे, त्यो जनताको शौर्यको झलक थियो । हिमालदेखि तराईसम्म र पहाडका गाउँ-गाउँसमेत यसपल्ट आन्दोलित थिए ।

यो आन्दोलन नेपालभित्र मात्र पनि सीमित थिएन । जहाँ-जहाँ नेपालीहरू थिए, त्यहाँ-त्यहाँका नेपालीहरूले नेपालमा चलेको जनआन्दोलनका लागि आफूलाई भौतिक, आर्थिक र मानसिक रूपले क्रियाशील तुल्याए । भारत, अमेरिका, इङ्ल्यान्ड, हङकङलगायत संसारका विभिन्न ठाउँमा छरिएका नेपालीहरू आन्दोलनको पक्षमा प्रदर्शनमै उत्रे । जनसहभागिताको दृष्टिले यो आन्दोलन संसारकै एउटा विशाल र व्यापक आन्दोलनका रूपमा स्थापित भएको छ । यसरी देशव्यापी रूपमा सञ्चालित भएको, जनता स्वयम् निर्णायक रूपले आन्दोलनमा उत्रेको र अत्यन्त शान्तिपूर्ण रूपले सङ्घर्षमा सामेल भएको उदाहरण सायद अर्को छैन । विश्वका आन्दोलनहरूको इतिहासमा नेपालको यो जनआन्दोलनले आफ्नो छुट्टै विशेषता कायम गरेको छ र एउटा महान् आन्दोलनका रूपमा देखापरेको छ । त्यसैले यो आन्दोलनको महत्त्व, आदर्श, गरिमा, मर्यादा र भावनालाई प्रत्येक राजनीतिक व्यक्ति र दलले अत्यन्त गम्भीरतापूर्वक ग्रहण गर्नुपर्ने आवश्यकता छ ।

यो आन्दोलनमा नेपालका अधिकांश भाषाभाषी र जाति-जनजातिका जनता सामेल रहे । दलित र उत्पीडितहरू कम्मर कसेर लडे । यसरी लड्ने जनताले केही सपना बोकेका थिए । शान्ति स्थापनाको सपना, सम्मानपूर्वक बाँच्न पाउने सपना, समानता र हक बराबरी उपभोग गर्ने सपना र पूर्ण लोकतन्त्रको सपना । यी सपनाहरू सबै आन्दोलनकारीहरूको साझा सपना थियो । तसर्थ, यो साझा सपना आन्दोलनले बोकेको सपना हो । आन्दोलनले आत्मसात गरेको यो सपना सानोजस्तो लागे पनि पूरा गर्न कठिन मिहिनेत गर्नुपर्ने सपना हो । यो विपना हुनै नसक्ने, यथार्थमा रूपान्तरित हुनै नसक्ने सपना भने होइन ।

महान् आन्दोलन अहिले थामिएको छ । राजालाई झुक्न बाध्य पारेर आन्दोलनले एक चरणको विजय प्राप्त गरेको छ । हठी, अहङ्कारी र दम्भी राजाको घमण्ड चकनाचुर पारिदिएको छ । देवी-देउताका मन्दिर पूजा गरेर शासन टिकाउने राजाको अन्धविश्वासलाई जनआन्दोलनले धूलोमा मिलाइदिएको छ । तर, राजालाई पूर्ण रूपले परास्त गर्न भने अझै बाँकी छ । जनताको अधिकार खोसेर लिने राजाले अहिले त्यही खोसेको कुरा मात्र फिर्ता गरेका छन् । जनआन्दोलन र अन्तर्राष्ट्रिय दबाबमा परेर खोसेको अधिकार फिर्ता गरे पनि राजा परिवर्तित भएका छैनन् ।

**आन्दोलन र गणतन्त्रको नारा**

०६३ को वैशाखको पहिलो र दोस्रो सातामा उत्कर्षमा पुगेको नेपालको जनआन्दोलनले क्रमशः जनविद्रोहको रूप ग्रहण गर्दै गइरहेको थियो । राज्यले लगाएको कर्फ्यु र गोली हान्ने आदेशलाई लत्याउँदै निहत्था जनता छातीमा गोली थाप्दै सडकमा उत्रिरहेका थिए । लाखौँलाख जनता सडकमा उत्रेपछि कर्फ्यु स्वतः भङ्ग भएको थियो र सुरक्षाकर्मीहरू पछि हट्न बाध्य भएका थिए । राज्य पूर्ण रूपले असफल भएको थियो र सरकारको राज्यमाथिको नियन्त्रण क्रमशः समाप्त हुँदै गइरहेको थियो । देश आन्दोलनकारीहरूको प्रभाव र नियन्त्रणमा थियो भने सिंहदरबारभित्रको निजामती प्रशासनसमेत सरकारको विरुद्धमा उत्रिसकेको थियो । गृहमन्त्रीको नियन्त्रणमा स्वयम् गृह मन्त्रालयका कर्मचारीहरूसमेत थिएनन् । आफ्नै मन्त्रालयका कर्मचारीहरूलाई गिरफ्तार गर्न मन्त्रीले प्रहरी बोलाउनुपरेको थियो । यसरी सम्पूर्ण मुलुक र निजामती कर्मचारीतन्त्र खुलेआम राजाका विरुद्ध सङ्घर्षमा उत्रँदा समेत राज्यको सेना, सशस्त्र र जनपद प्रहरी भने राजाकै हुकुम मानिरहेका थिए । सशस्त्र प्रहरी र जनपद प्रहरीका मध्यम तहका अफिसर र जवानहरूमा राजाविरोधी भावना बढ्दै गएको भए पनि त्यो विद्रोहका रूपमा विकसित हुने अवस्थामा थिएन भने सेनाको माथिल्लो अफिसर पङ्क्ति पूरै राजाको प्रभावमा देखिन्थ्यो । यद्यपि, सेनाका जवानहरूमा पनि वर्तमान राजाप्रति आस्था देखिँदैन तर त्यसलाई विद्रोहका रूपमा विकसित गर्ने स्थिति भने थिएन । यदि सेना र प्रहरीलाई राजा र आन्दोलनकारीहरूबीचको सङ्घर्षमा तटस्थ मात्र बनाउन सकेको भए राजाका लागि देश छोडेर जानुपर्ने परिस्थिति उत्पन्न हुन्थ्यो ।

सेना र प्रहरी बलका प्रमुखहरू मात्र होइन, त्यहाँका अधिकांश वरिष्ठ अधिकारीहरू राजतन्त्रका विरुद्ध र आन्दोलनका पक्षमा बोल्न सक्ने हिम्मत नभएका र माथिको आदेश भन्दै अह्राएको काम गर्नेहरू भएकाले यो आन्दोलनका क्रममा सशस्त्र शक्तिमा मतभेद उत्पन्न हुनसकेन । मुलुकका जनताले बडो दुःखले तिरेको करबाट तलब र रासन खाने सेना र प्रहरी बल राजाको निरङ्कुश शासन टिकाउन जनतामाथि निर्मम दमन गर्न तम्सियो । यसको मूल कारण भनेको सेना र प्रहरीको माथिल्लो पदमा दरबारले छानी-छानी आफूप्रति बफादार रहेका मान्छेहरूलाई मात्र प्रमोसन गरेर लैजानु र सशस्त्र शक्तिलाई पूर्ण रूपले आफ्नो नियन्त्रणमा राख्नु थियो ।

यतिबेला राजाको जनआधार भत्केको छ र जनतामा राजा अत्यन्त अलोकप्रिय रहेका छन् । राजाबाट शक्ति पूर्ण रूपले जनताको हातमा ल्याउने हो भने अब सेना र प्रहरी बललाई पूर्ण रूपले जननिर्वाचित संसद् र सरकारको मातहतमा ल्याउनुपर्छ र सेना तथा प्रहरीमा शुद्धीकरणको अभियान थाल्नुपर्छ ।

यसपल्टको जनआन्दोलनको उचाइ गणतन्त्र ल्याउने तहको भए पनि आन्दोलनको नेतृत्व गरिरहेका सातै दलले एकताबद्ध भएर गणतन्त्र स्थापनाको नारा दिन सकेका थिएनन् । आन्दोलनका एक प्रमुख नेता तथा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला 'सेरेमोनियल किङ' भनेर संवैधानिक राजतन्त्रभन्दा अगाडि बढ्न चाहिरहेका थिएनन् भने काङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, नेपाल सद्भावना पार्टीका नेता भरतविमल यादव र नेपाल मजदुर किसान

पार्टीका नेता नारायणमान विजुक्छे पनि गणतन्त्रको पक्षमा थिएनन् । सहयात्रीहरूको विचार बुझेपछि आन्दोलनलाई गणतन्त्रको दिशातिर लैजाने निर्णय गरेको नेकपा (एमाले) ले पनि गणतन्त्रको पक्षमा सात दलभित्र बहस-छलफल चलाउने वातावरण पाएन । सात दलले प्रस्ट रूपमा गणतन्त्र भन्न नसक्दा आन्दोलनको आकार र उचाइ गणतन्त्र ल्याउने तहसम्म पुगे पनि त्यो राजनीतिका रूपमा साझा लक्ष्य बन्न सकेन ।

सात राजनीतिक दलले आफ्नो माग र नाराका रूपमा गणतन्त्र स्थापनाको कुरालाई अघि नसारे पनि आन्दोलनमा सामेल सम्पूर्णले सबैभन्दा बढी गणतन्त्रकै नारा घन्काएका थिए । राजतन्त्रको हुकुमी, असंवैधानिक र क्रूर शासनलाई प्रत्यक्ष भोगेको युवापङ्क्तिका लागि त आन्दोलनको एक मात्र ध्येय नै गणतन्त्र बनेको थियो । सबै आन्दोलनकारीको माग गणतन्त्र बनेको देख्दादेख्दै पनि सात राजनीतिक दलले गणतन्त्रलाई आफ्नो साझा लक्ष्य र मागका रूपमा अघि सार्न नसक्नु राजनीतिक निर्णयहीनताको उदाहरण हो । जनताको चेतना, जागरुकता र समयको गतिलाई बुझेर समयमै गणतन्त्रको नारा र मागलाई औपचारिक रूपमा अघि सारेको भए यसपल्ट गणतन्त्र त्यति टाढा थिएन । तर, राजनीतिक दब्बुपन, पिछडिएको चिन्तन, अग्रगामी विचारको अभाव र जनआन्दोलनको गतिलाई बुझ्ने क्षमताको अभावले गर्दा गणतन्त्रको उचाइतिर लम्कदै गएको आन्दोलन बीचमै थाम्नुपर्‍यो ।

आन्दोलनको बढ्दो गतिसँगै राजनीतिक माग र नारालाई अद्यावधिक गर्ने र जनतालाई सही ढङ्गले नेतृत्व दिने कुरामा सात राजनीतिक दलले राम्ररी ध्यान पुर्‍याएको भए यसपल्टको आन्दोलनले जनताको पोल्टामा ऐतिहासिक उपलब्धि हालिदिन सक्थ्यो । दुवै नेपाली काङ्ग्रेसले आफ्नै पार्टीका अत्यधिक कार्यकर्ताहरूको भावनालाई सम्मान गर्दै सेरेमोनियल राजतन्त्रको मोहबाट मुक्त भएर गणतन्त्रको नारा औपचारिक रूपमा अघि सार्न तयार भएको अवस्थामा आन्दोलनले अझ लडाकू रूप लिनसक्थ्यो । विडम्बना नै भन्नुपर्छ, राजाबाट पटक-पटक लात्ती खाँदा पनि काङ्ग्रेसका नेताहरूमा अझै चेत आएको छैन र उनीहरू 'संवैधानिक राजतन्त्र' को मोहबाट मुक्त हुनसकेका छैनन् ।

काङ्ग्रेसका नेताहरू चिन्तनको यो दासताबाट मुक्त हुन नसके पनि नेपालको युवापिँढी भने राजतन्त्रको भ्रम र मोहबाट पूर्ण रूपले मुक्त भएर गणतन्त्रको बाटोतिर लम्कन चाहन्छ । यसपल्टको आन्दोलनले गणतन्त्र नल्याए पनि जनताको मन र मस्तिष्कमा भने गणतन्त्रको विरुवा रोपिदिएको छ । नेपाली जनताको विश्वचर्चित यसपालिको आन्दोलनले गणतन्त्रलाई वर्तमान नेपाली राजनीतिको एउटा महत्त्वपूर्ण र केन्द्रीय विषयवस्तुका रूपमा उपस्थित गराइदिएको छ । गणतन्त्र एउटा प्रिय र रोचक विषयका रूपमा अहिले नेपाली जनताको घर-घरमा चर्चित छ । गणतन्त्रलाई यसरी जनताको मन-मनमा स्थापित गराउन सक्नु यसपल्टको आन्दोलनको एउटा महत्त्वपूर्ण वैचारिक उपलब्धि हो । राजतन्त्रको मानसिक, वैचारिक, सामाजिक, सांस्कृतिक र राजनीतिक आधारलाई कमजोर पार्न यसपल्टको आन्दोलनले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**आन्दोलनले सुम्पेका अभिभाराहरू**

आन्दोलन थामिएको छ, विश्राममा छ तर रोकिएको छैन, समाप्त भएको छैन । आन्दोलनको रूप, तरिका र शैलीमा मात्र परिवर्तन भएको छ। प्रतिनिधिसभाको पुनःस्थापना गर्ने आन्दोलनको पहिलो माग पूरा भएको छ। अरू प्रमुख माग र समस्याहरू यथावत् नै छन् ।

सडकको आन्दोलन पुनःस्थापित प्रतिनिधिसभाका सदस्यहरूमार्फत संसद्मा आइपुगेको छ र संसद्ले सरकार बनाएर आन्दोलनका मागहरूलाई कार्यान्वयन गर्ने जिम्मा सरकारलाई लगाएको छ । त्यो जिम्मेवारीलाई कार्यान्वयन गर्ने काममा ढिलासुस्ती नहोस् भनेर वर्तमान सरकारलाई पुनःस्थापित प्रतिनिधिसभाले निरन्तर खबरदारी गरिरहनेछ ।

मुलुकमा हिंसाको अन्त्य गरी शान्ति स्थापना गर्नु, संविधानसभाको निर्वाचनमार्फत नयाँ संविधान निर्माण गरी समावेशी लोकतन्त्रलाई संस्थागत रूपले बलियो पार्नु नै आन्दोलनको मूल लक्ष्य थियो । यो उद्देश्य प्राप्तिका लागि सरकारले नेकपा ( माओवादी) सँग वार्ता, माओवादीसहितको अन्तरिम सरकार गठन र संविधानसभाको निर्वाचन गराउनुपर्छ । पुनःस्थापित प्रतिनिधिसभा र यसबाट बनेको सरकारको सर्वाधिक ध्यान यसै काममा जानुपर्छ । यी बाहेक प्रतिनिधिसभाले तत्काल गर्नुपर्ने अरू केही महत्त्वपूर्ण कामहरू छन् । जसमा राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने, अधिकार राजाबाट संसद्मा ल्याउने, राजपरिषद् तत्काल खारेज गर्ने, राजाको खर्च र सुविधासम्बन्धी निर्णय गर्ने अधिकार संसद्मा ल्याउने, राजाको निजी सम्पत्ति र व्यापारमा कर लगाउने, राजाका काम-कारबाहीबारे अदालतमा प्रश्न उठाउन पाइने, श्री ५ को सरकारलाई 'नेपाल सरकार' मा रूपान्तरण गर्ने, कार्यकारिणी अधिकार पूर्ण रूपले संसद्मा ल्याउने, शाही नेपाली सेनाको परमाधिपति राजा रहने व्यवस्था खारेज गरी सेनालाई पूर्ण रूपले सरकार र संसद्को मातहतमा राख्ने, राजप्रासाद सेवा खारेज गर्ने र नेपाली जनतालाई वास्तविक अर्थमा सार्वभौमसत्ता एवम् राजकीयसत्ताको मालिक बनाउने कुराहरू पर्दछन् ।

जनआन्दोलन दबाउन भूमिका खेल्नेहरूलाई दण्डित गर्दै मुलुकमा शान्ति सुव्यवस्था कायम गर्नु पनि यतिबेलाको एउटा महत्त्वपूर्ण दायित्व हो । माथि उल्लिखित राजनीतिक अभिभाराहरूलाई पूरा गर्न प्रतिबद्धताको खाँचो पर्दछ र जनसमर्थनको पनि । पुनःस्थापित प्रतिनिधिसभाले सरकारलाई समर्थन र राजनीतिक आधार प्रदान गर्नेछ भने जनताले सडकमा उत्रेर सरकारका अग्रगामी कदमहरूलाई साथ दिनुपर्दछ ।

आन्दोलनको मैदानमा उत्रेका जनताले गणतन्त्रको नारालाई राष्ट्रव्यापी रूपमा घन्काएका थिए । राजतन्त्रले आफ्नो औचित्य आफैँले समाप्त गर्दै आएको वर्तमान अवस्थामा जनताले गणतन्त्रको चाहना राख्नु स्वाभाविक पनि छ । मुलुकका अग्रगामी राजनीतिक शक्तिहरूले गणतन्त्रको स्थापनाबारे पनि सोच्नैपर्ने अवस्था उत्पन्न भएकाले नेकपा (एमाले) ले 'संविधानको निर्वाचन गरौँ, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ' भन्ने नारा अघि सारेको छ र गणतन्त्रको आवाज प्रतिनिधिसभामा पनि गुञ्जन थालेको छ । गणतन्त्र आमनेपाली जनताले चाहेको हुँदा यसलाई प्राप्त गर्ने सचेतन प्रयत्नहरू संसद्भित्र र बाहिर दुवैतिर अघि बढाउनुपर्छ ।

आन्दोलनले सुम्पेका अभिभाराहरूलाई पूरा गराउन अर्को आन्दोलनको आवश्यकता पर्नेछ भन्ने कुरालाई हामीले कुनै पनि हालतमा बिर्सनु हुँदैन । मौका पर्दा राजा र राजाको निरङ्कुश कदमलाई साथ दिनेहरू अझै पनि सेना, प्रहरी र प्रशासनमा छन् । मुलुकको कुलीन सामन्ती वर्ग अझै पूर्ण रूपले पराजित भइसकेको छैन । यो वर्गले आफ्नो स्वार्थका लागि राजालाई केन्द्रविन्दु बनाएर पुनः षड्यन्त्रमा लाग्नेछ । सेना र प्रहरीका प्रतिगामीहरूलाई हातमा लिएर विद्रोहको प्रयत्न पनि गर्न सक्नेछ । त्यसैले सरकार र संसद् अत्यन्त सचेत भएर अघि बढ्नुपर्दछ ।

जनताले अग्रगामी सुधार, शान्ति र परिवर्तनका पक्षमा जनआन्दोलनका क्रममा निकालेको जस्तै लाखौंलाखको जुलुस फेरि निकाल्नुपर्नेछ र आवश्यकता पर्‍यो भने नारायणहिटी दरबारलाई चारैतिरबाट घेर्न पनि तयार हुनुपर्दछ । जनताले व्यापक रूपमा देशभरि राजनीतिक बहस-छलफलमा भाग लिनुपर्दछ र निरन्तर आफ्नो राजनीतिक चेतनालाई उन्नत बनाउँदै लैजानुपर्दछ । यो काममा जनतालाई राजनीतिक दलहरूले अगुवाइ गर्नुपर्दछ । नेपाली जनताका सामु चुनौतीहरू थुप्रै छन् तर उज्यालो भविष्यको विराट सम्भावना पनि सरकार हुँदै देखापरेको छ । चुनौतीहरूको सामना गर्दै उज्याला सम्भावनाहरूलाई हामीले यथार्थमा परिणत गर्न सक्नुपर्दछ । यो हाम्रो अत्यन्त महत्त्वपूर्ण र युगीन अभिभारा हो । ◆

# आखिर जित जनताकै भयो

## ' विष्णु रिजाल

**द**लहरूले बारम्बार भनेझैं आखिर जनताकै जित भएको छ । राजाले जनताका सामु घुँडा टेकेका छन् । राजाको निरङ्कुशतालाई जनताले जुझारु आन्दोलनमार्फत पराजित गरेका छन् । जनता नै सर्वोच्च, सार्वभौम र सर्वेसर्वा छन् भन्ने कुरा नेपालमा सफल भएको शान्तिपूर्ण आन्दोलनले प्रमाणित गरेको छ । गोली, अश्रुग्यास, लाठी र बुटले जनताको शान्तिपूर्ण आन्दोलनलाई रोक्न सक्दैन भन्ने विशिष्ट उदाहरण मुलुकमा सफल भएको जनआन्दोलनले पुष्टि गरेको छ । जनआन्दोलनमार्फत लोकतन्त्र स्थापना भएपछि मुलुक यतिबेला परिवर्तनको सँघारमा आइपुगेको छ । जनआन्दोलनको जगमा उभिएको परिवर्तनलाई अग्रगमनको दिशामा कसरी संस्थागत गर्ने भन्ने प्रश्नले अहिले सबैतिर प्राथमिकता पाएको छ । जनताले रगत बगाएर स्थापना गरेको लोकतन्त्रलाई बढीभन्दा बढी जनताका पक्षमा संस्थागत गर्नुपर्ने चेतनाका कारण नै यस दिशामा दबाब दिन नागरिकहरू थप जागरुक बनेका छन् । जनताको यस चाहनालाई सात राजनीतिक दलले समेत आत्मसात गरेका छन् । खासगरी माओवादी विद्रोहको शान्तिपूर्ण अवतरणका लागि अब मुलुकको ध्यान केन्द्रित हुने बेला आएको छ । यसक्रममा समय सकिएका सबै संस्था, व्यक्ति वा निकायहरूको समाप्ति र परिवर्तनलाई आत्मसात गर्न सक्ने नयाँ संरचनाहरूको स्थापनाका लागि पनि बहसहरू भइरहेका छन् ।

**समहमतिको थलो : संविधानसभा**

सात दलको नेतृत्वमा ०६२ वैशाख २५ गतेबाट सञ्चालित संयुक्त जनआन्दोलनले निरङ्कुश राजतन्त्रलाई पराजित गरेको छ । तर, नेपाली समाजमा उठेका धेरै बहस, विवाद र मुद्दाहरू अहिले पनि अनिर्णीत वा अपूर्ण अवस्थामा छन् । जबसम्म यिनीहरूको तार्किक र जनपक्षीय समाधान खोजिँदैन, तबसम्म जनताको लोकतान्त्रिक आकाङ्क्षा शान्त होला भन्ने अनुमान काल्पनिक मात्र हुनेछ । सबै विचार र मान्यताका राजनीतिक दल, संस्था र जनताको वास्तविक साझा चौतारी भनेको संविधानसभा नै हो भन्ने कुरा अहिलेसम्मका घटनाक्रमहरूले पुष्टि गरिसकेका छन् । विगत १० वर्षदेखि सशस्त्र युद्धमा क्रियाशील माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउनु नै अबको चुनौती हो ।

संविधानसभाको निर्वाचनलाई अहिलेको अवस्थामा माओवादीले आफ्नो न्यूनतम मागका रूपमा अघि सारेका छन् । आफ्ना मागप्रति विश्वास दिलाउने क्रममा माओवादी अध्यक्ष प्रचण्डले संविधानसभामार्फत आउने जुनसुकै परिणाम पनि स्वीकार्ने प्रतिबद्धता व्यक्त गरेका छन् । लोकतान्त्रिक गणतन्त्रदेखि निरङ्कुश राजतन्त्रसम्मका विकल्पहरू खुला राखी गरिने संविधानसभा मात्रै अब नेपाली जनताको शक्ति परीक्षणको साझा थलो हुनसक्दछ । त्यो वातावरण निर्माण जनताका प्रतिनिधिका रूपमा अहिले सत्तामा रहेका दलहरूले गर्नुपर्छ भन्ने जनभावनालाई कदापि अन्यथा भन्न मिल्दैन ।

संविधानसभाका बारेमा यतिबेला नेपाली समाज करिबकरिब सर्वसम्मतिको स्थितिमा पुगेको पाइन्छ । संस्थागत रूपमा संविधानसभाका विरुद्ध लाग्ने शक्ति कम्तीमा अहिलेसम्म देखिएको छैन । लोकतान्त्रिक लडाइँ लडेका सात दल मात्र होइन, दरबारिया र पूर्वपञ्चहरूको बाहुल्य रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय जनशक्ति पार्टीले समेत प्रतिनिधिसभाको बैठकमा संविधानसभाका पक्षमा मतदान गरेका छन् । यसले के देखाउँछ भने अग्रगमनको तगारो बन्ने हो भने समाप्त भइन्छ भन्ने चेतना सबै शक्तिमा धेरैथोरै मात्रामा पलाएको देखिन्छ ।

जनताका अगाडि आफ्नो पराजय कबोल गर्दा शब्द नै प्रयोग नगरे पनि राजाले 'सात दलले अघि सारेको मार्गचित्रका आधारमा अघि बढ्ने' बचनबद्धता प्रकट गरेर संविधानसभाको निर्वाचनलाई स्वीकारेका छन् । जनताका विरुद्ध षड्यन्त्र, तिकडम र छलछाम गर्ने राजपरम्परालाई राजाले फेरि पनि दोहोर्‍याउने छन् भन्ने नियमित आकस्मिकतालाई ध्यान दिँदै त्यसअघि नै उनलाई सम्पूर्ण रूपमा अधिकारविहीन बनाउने अभियान सचेततापूर्वक चाल्न जरुरी छ ।

०६३ वैशाख ११ गते राती साढे ११ बजे राजाले स्वेच्छाले वा रहरले जनताका अगाडि हार स्वीकारेका होइनन् । आफू र आफ्नो संस्थाको भविष्य नामेट हुन लागेको पूर्वाभास पाएपछि मात्रै राजा 'मर्नुभन्दा बहुलाउनु भलो' भन्ने निष्कर्षमा पुगेका हुन् भन्ने कुरा उनको पृष्ठभूमिले बताउँछ । यो अवस्थालाई सात दलले सचेततापूर्वक बुझ्न र चिर्न सक्नुपर्दछ । पुनःस्थापित

प्रतिनिधिसभाको गोलचक्करमा मात्रै अल्मलिने हो र अग्रगमनको राजमार्ग तय गर्न विलम्ब गर्ने हो भने जनताको आकाङ्क्षा पूरा हुन सक्दैन । सात दलले शाही घोषणाको प्रतिक्रियाका क्रममा वैशाख १२ गते भनेका छन्- 'प्रतिनिधिसभाको पुनःस्थापना हाम्रो प्रस्थानविन्दु मात्र हो । प्रतिनिधिसभामार्फत सर्वदलीय सरकारको निर्माण, संविधानसभाको निर्वाचन तथा समग्रमा मुलुकलाई अग्रगमनतर्फ लैजादै समावेशी तथा सहभागितामूलक पूर्ण लोकतन्त्र, राज्यको पुनःसंरचना र दिगो शान्ति कायम गर्ने हाम्रो लक्ष्य प्राप्त गर्न बाँकी छ ।' यही मान्यताका आधारमा दलहरूले बिनाविलम्ब आफूलाई अग्रगमनको नेता बनाउनुपर्छ ।

**माओवादी विद्रोहको समाधान**

माओवादी विद्रोहको समाधान नगरी अब अगाडि बढ्न सकिँदैन भन्ने कुरामा आमसहमति बनिसकेको छ । तर, सैद्धान्तिक अनुमान गरिएजस्तो माओवादी समस्याको सरल समाधान सम्भव छैन । उनीहरूमा रहेको एकदलीय सैद्धान्तिक अवधारणामा केही समययता परिवर्तन आएको छ । तर, स्थानीय तहमा उनीहरू अझै पनि एकदलीय व्यवहारका साथ क्रियाशील छन् । 'मेरो गोरुको बाह्रै टक्का' भन्ने प्रवृत्ति माओवादीमा अहिले पनि बलशाली छ । यस्तो अवस्थामा उनीहरूले उठाएका हतियारको होसियारीपूर्वक व्यवस्थापन गर्ने चुनौती मुलुकका सामु छ ।

विगतदेखि नै माओवादी विद्रोहको शान्तिपूर्ण समाधानका लागि प्रयासहरू नभएका होइनन् । १२ बुँदे समझदारी बन्नुभन्दा पहिले पनि नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललगायतका नेताहरूले माओवादीसँग वार्ता गर्दा आलोचना खेप्नुपरेको थियो । तर, अहिले राष्ट्रिय माहोल नै बनेको छ- माओवादी विद्रोह र त्यसले उठाएका मुद्दाहरूलाई सम्बोधन नगरी अग्रगमनतर्फ बढ्न सकिन्न । नागरिकस्तरमा समेत चर्को मात्रामा बढ्दै गरेको यो मान्यताले अवश्य पनि माओवादी विद्रोहको समाधानमा सकारात्मक र दबाबमूलक योगदान पुऱ्याउनेछ ।

के माओवादी समस्याको समाधन अपेक्षा गरेजति सजिलो छ त ? यसको उत्तर अवश्य पनि सकारात्मक छैन । प्रतिनिधिसभा पुनःस्थापना भएको साता दिनभित्रै विघटनको माग गर्ने र सर्वदलीय सरकारले आकार ग्रहण गरिनसक्दै भङ्ग गर्नुपर्ने अडान राख्नेजस्ता माओवादीका क्रियाकलापले कतिपय आशङ्काहरू जन्मिएका छन् । तर, चट्टानजस्ता समस्याहरूको पनि समाधान नखोजेर भाग्न सकिँदैन । विगतमा 'नोकरसँग होइन, मालिकसँग वार्ता गर्ने' माओवादीको 'मालिक' अडान अहिले लचिलो त भएको छ । तर, उसभित्र रहेका कैयौँ जटिलताहरू विद्यमान छन् । जनताले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्नुअगाडि नै ससर्त वा निःसर्तको अडान राख्नु पनि ती जटिलतामध्ये एक हो । तिनलाई चिर्दै उनीहरूलाई पनि विश्वासमा लिएर सात दलले भावी गन्तव्य तय गर्नुपर्दछ ।

**गन्तव्य : लोकतान्त्रिक गणतन्त्र**

लामो समयसम्म दलहरूको पक्षमा जनता छैनन् भनेर गरिएको प्रचार कति मिथ्या र भ्रामक थियो भन्ने कुरा त एमालेले गत वर्षको मङ्सिर महिनादेखि सुरु गरेका विशाल सभाहरूमा देखिएको जनताको उपस्थितिले नै सावित गरिसकेको थियो । एमालेको केन्द्रीय कमिटीको नवौं बैठकले 'आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लैजाने' निर्णय गरेपछि मूलधारमा संस्थागत रूपमा प्रवेश गरेको गणतन्त्रको मुद्दालाई अब निकासका लागि साझा नारा बनाउनुपर्दछ । यही मान्यतालाई महसुस गरेर एमालेले आकस्मिक रूपमा आयोजना गरेको केन्द्रीय कमिटीको एघारौं बैठकमार्फत 'संविधानसभाको निर्वाचन गरौं, लोकतान्त्रिक गणतन्त्र स्थापना गरौं' भन्ने कार्यनीतिक नारा तय गरेको छ । शताब्दीऔंदेखि नेपाली जनताको रगत, पसिना र स्वाभिमानमाथि राज गर्दै आएको वंशीय राजतन्त्रलाई समाप्त पार्नका लागि सबै जनपक्षीय शक्तिहरू मिल्दा यही नै एउटा उपयुक्त थलो हुनसक्दछ ।

यस अवस्थामा सरकारको नेतृत्व गरिरहेको नेपाली काङ्ग्रेस के गर्दछ भन्ने कुराले पनि महत्त्व राख्दछ । विधानबाट राजतन्त्र हटाए पनि अहिलेसम्म काङ्ग्रेसका नेताहरूको मानसिकता र बोलीबाट राजतन्त्र हट्न सकेको छैन । जनआन्दोलनका क्रममा सडकमा स्पष्ट रूपमा गुन्जिएको गणतन्त्रको नारा बोक्ने सामर्थ्य काङ्ग्रेसले राख्छ कि राख्दैन भन्ने कुराले नेपाली राजनीतिको अग्रगमनतर्फको यात्रा र स्वयम् काङ्ग्रेसकै भविष्यसमेत निर्धारण गर्नेछ । त्यस्तै अर्को ठूलो दल प्रजातान्त्रिक काङ्ग्रेसले पनि आफूलाई स्पष्ट रूपमा राजतन्त्रका विरुद्ध उभ्याउन सकेको छैन ।

तर, अब नेपालमा राजतन्त्रको सान्दर्भिकता, औचित्य र उपादेयता समाप्त भइसकेको छ । जनताभन्दा माथि कोही छैनन् भन्ने सर्वव्यापी र शाश्वत मान्यताका आधारमा चल्ने हो भने मात्र नेपाली जनतालाई साँचो अर्थमा सार्वभौमसत्तासम्पन्न बनाउन सकिन्छ । होइन भने पटकपटक जनताले रगत बगाइरहनुपर्ने बाध्यता दोहोरिरहनेछ ।

**सकारात्मक सुरुवात**

सात दलको सरकारसँग जनताले धेरै आशा र अपेक्षा गरेका छन् । सात दलले आह्वान गरेको आमहडताल र त्यसभन्दाअघिदेखि नै आमजनताले आन्दोलनसँग जोडेर धेरै सपना सँगालेका छन् । ठूला उद्योगी-व्यापारीदेखि निम्न आय भएका सैलुन व्यवसायीसम्मले बिनाकारण आन्दोलनप्रति ऐक्यबद्धता जनाएका होइनन् । अहिलेको सरकारले परम्परागत नियमबाट मुक्त भएर उनीहरूलेसम्म अनुभूत गर्ने गरी काम गर्नुपर्छ भन्ने मान्यता राख्नु अस्वाभाविक होइन ।

सरकारले सुरुवातमै केही सकारात्मक र ठोस काम गरेको छ । युद्धविरामको घोषणा, माओवादीमाथिको आतङ्ककारी बिल्ला र रेडकर्नर नोटिस रद्द, निरङ्कुशताको पक्षपोषण गर्ने एक दर्जन राजदूत फिर्ता, जनआन्दोलन दबाउने अपराधीमाथि कारबाही गर्न आयोग गठन, आयोगको सिफारिशमा दमनकारीहरूको गिरफ्तार, दमनको योजना कार्यान्वयन गर्ने नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई निलम्बनजस्ता सकारात्मक र आन्दोलनको भावनाअनुकूलका निर्णय गरेको छ । प्रतिनिधिसभाका आडमा उभिएको जनाधारयुक्त सरकारले कतिपय निर्णयमा विलम्ब गरेको जनगुनासो पनि सुनिन थालेको छ ।

नेकपा (एमाले) ले सरकारले गर्नुपर्ने कामका केही प्राथमिकताहरू निर्धारण गरेको थियो । सरकारमा जाने निर्णय गर्नुअघि नै एमालेले सेनालाई संसद्को मातहत ल्याउनुपर्ने, राजपरिषद् खारेज गर्नुपर्ने, स्थानीय निकाय पुनःस्थापना हुनुपर्ने, सरकार र

सेनाको नाम परिवर्तन गर्नुपर्नेजस्ता निर्णयहरू गरेको थियो । त्यही जगमा उभिएर सरकार र संसद्लाई क्रियाशील पार्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।

## संविधानसभामा जाने सङ्कल्प

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमार्फत अभिव्यक्त जनताको भावना, सात राजनीतिक दलहरूले जनआन्दोलनमा प्रस्तुत गरेको मार्गचित्र र सात दल एवम् नेकपा (माओवादी) बीच सम्पन्न भएको १२ बुँदे समझदारीसमेतका आधारमा जनआन्दोलनबाट स्थापित राज्यशक्तिको स्रोत नेपाली जनता भएको र राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको भन्ने यथार्थलाई संस्थागत गर्दै देशको विद्यमान गम्भीर सङ्कटको निकास दिनका लागि नयाँ संविधान निर्माण गर्न प्रतिनिधिसभाको यो बैठक संविधानसभाको निर्वाचनमा जाने सङ्कल्पसहित निर्णय गर्दछ ।

यस प्रयोजनका लागि नेकपा (माओवादी) सँग अविलम्ब वार्ता गर्ने, युद्धविरामको घोषणा गर्ने तथा भय, त्रास र हिंसामुक्त वातावरण सुनिश्चित गर्नेसमेत प्रतिबद्धता व्यक्त गर्दछ ।

**प्रस्तावक** : गिरिजाप्रसाद कोइराला

**समर्थक** : माधवकुमार नेपाल, शेरबहादुर देउवा, लीलामणि पोखरेल, नारायणमान विजुक्छे, हृदयेश त्रिपाठी

◆

# सरकारमा नेतृत्व गर्ने जिम्मा ओलीलाई

**जनआन्दोलनको सफलतापश्चात् गठित सर्वदलीय सरकारमा नेकपा (एमाले) को नेतृत्व गर्ने जिम्मा स्थायी समिति सदस्य केपी शर्मा ओलीले पाउनुभएको छ । वैशाख १६ गते सम्पन्न केन्द्रीय कमिटीको आकस्मिक बैठकले उहाँलाई सो जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरेको थियो ।**

**वैशाख १४ गते नियुक्त प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा वैशाख १९ गते गठित मन्त्रिपरिषद्मा ओली उपप्रधानमन्त्री नियुक्त हुनुभएको हो । उहाँले परराष्ट्रमन्त्रीको कार्यभार सम्हाल्नुभएको छ । पार्टीका तर्फबाट उपप्रधानमन्त्री हुने ओली चौथो नेता हुनुहुन्छ । यसअघि पार्टीका महासचिव माधवकुमार नेपाल तथा स्थायी समिति सदस्यद्वय वामदेव गौतम र भरतमोहन अधिकारीले उपप्रधानमन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ ।**

**पहिलो चरणमा गठित मन्त्रिपरिषद्मा प्रजातान्त्रिक काङ्ग्रेसका गोपालमान श्रेष्ठले भौतिक योजना तथा निर्माण, काङ्ग्रेसका महन्थ ठाकुरले कृषि तथा सहकारी, डा. रामशरण महतले अर्थ, कृष्णप्रसाद सिटौलाले गृह र वाममोर्चाका प्रभुनारायण चौधरीले भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कार्यभार सम्हाल्नुभएको छ । सात दलको एक घटक नेमकिपाले सरकारमा नजाने निर्णय गरेको छ भने अर्को घटक जनमोर्चाले विवादका बीच सरकारमा जाने निर्णय गरेको छ । बाँकी दलले यसअघि नै सरकारमा जाने निर्णय गरिसकेका थिए ।**

# जनआन्दोलनको अपेक्षा र पार्टीको प्रतिबद्धता

**' भानुभक्त ढकाल**

**लर्खिंदै गएको शाहीसत्ता**

शान्तिपूर्ण जनआन्दोलनले शाही सरकारलाई एकपछि अर्को गर्दै झुक्न बाध्य बनाएको छ । १९ दिनसम्म लगातार चलेको शान्तिपूर्ण आमहडतालसहितको जआन्दोलनको उत्कर्षले राजालाई ११ दिनमा तीनपटक शाही घोषणा गर्न बाध्य गऱ्यो । वैशाख १ गतको शाही घोषणामा राजाले संवादको बाटोमा आएर बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई क्रियाशील तुल्याउने अभिभारा लिन र योगदान दिन दलहरूलाई आह्वान गरे ।

वैशाख ८ गते उनी नेपाल अधिराज्यको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान ०४७ को धारा ३५ बमोजिम हुने गरी जनताको नासो जनतालाई नै फर्काएको घोषणा गर्न बाध्य भए । आन्दोलनको गति र जनसहभागितामा वृद्धि हुँदै

गएपछि राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको, सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याको समाधान गर्ने गरी संसद्को पुन:स्थापनाको घोषणा गर्न राजा बाध्य भएका छन्। यी घोषणाहरूका आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि शाहीसत्ता जनआन्दोलनको ताप र चापले लतारिँदै र पराजित हुँदै गएको हो ।

**एमालेको नीतिगत प्रस्टता**

लोकतान्त्रिक आन्दोलनमा नवौं केन्द्रीय कमिटीको बैठकबाट अघि सारिएको लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख सोचलाई व्यवहारमा लागू गर्न नेकपा (एमाले) ले आफूलाई आन्दोलनको अग्रमोर्चामा उभ्यायो । आन्दोलनलाई सिथिल बनाउन चालिएका षड्यन्त्रहरूप्रति खबरदारी गर्दै आन्दोलनलाई यो उचाइसम्म पुऱ्याउन नेकपा (एमाले) ले अहम् भूमिका निर्वाह गऱ्यो । यसैबीचमा शाही घोषणाबाट आन्दोलन र आन्दोलनकारीहरूलाई दिशाभ्रमित बनाउन गरिएका प्रयत्नहरूलाई विफल पार्ने उद्देश्यले पार्टीले आफ्ना अवधारणाहरूलाई अगाडि सारेको थियो ।

वैशाख १ को शाही घोषणाको सन्दर्भमा नेकपा (एमाले) का कार्यवाहक महासचिव अमृतकुमार बोहराले जारी गर्नुभएको विज्ञप्तिमा 'शाही सन्देश प्रतिगमनकै निरन्तराको रूपमा जारी राख्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायलाई भ्रम छर्ने काम गरेकाले राजाका तर्फबाट भएका बर्बर हत्या, दमन, गिरफ्तारी र मुलुकको दुर्दशाबाट मुक्ति दिलाउन जनआन्दोलनलाई अझ सशक्त र प्रभावकारी बनाउँदै पूर्ण लोकतन्त्र प्राप्त नभएसम्म आन्दोलनको यात्रा अझ उचाइबाट अघि बढाउन' अपिल गरेको छ ।

राजाद्वारा आन्दोलनलाई निस्तेज बनाउन विभिन्न व्यक्तिहरूसँगको राजनीतिक परामर्शका सन्दर्भमा एमालेले आफ्नो धारणालाई वैशाख ५ को विज्ञप्तिमार्फत- 'राजाको अर्थहीन परामर्शको केही अर्थ नरहेको प्रष्टोक्ति गर्दै जनआन्दोलनले सबैखाले चाल र षड्यन्त्रलाई परास्त गरी संविधानसभाको चुनाव र पूर्ण लोकतन्त्र स्थापनाको घोषित लक्ष्य हासिल गर्न साथै सम्झौता र बक्सीसबाट नभई आन्दोलनलाई निर्णायक विजयमा पुऱ्याउन सार्वजनिक आह्वान गरेको छ ।

त्यस्तै ८ गतेको शाही घोषणापछि आफ्नो धारणा सार्वजनिक गर्दै नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले वैशाख ९ गते जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ- 'सात दलको संयुक्त घोषणापत्र र दल-माओवादी १२ बुँदे समझदारीका आधारमा अघि बढेको संयुक्त जनआन्दोलनलाई राजाको ८ गतेको सम्बोधनले अस्वीकार गरेको र जनताको भावनालाई पूर्ण रूपमा तिरस्कार गरेको छ। सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार जनताको हातमा सम्पूर्ण रूपले नसुम्पिएसम्म र संविधानसभाको निर्वाचनको आधार सुनिश्चित नभएसम्म हाम्रो आन्दोलन जारी रहनेछ ।'

आन्दोलनमा सबै वर्ग, तह, समुदाय र पक्षको संलग्नतामाथि शाही सरकारले गरेको अमानवीय क्रूर, बर्बर एवम् हिंसात्मक कदमको उदाहरणले विश्वमा नै अग्रता कायम गरेको छ। यो दमनचक्रका योजनाकारलाई जनताले नछोड्ने भएकाले सेना, सशस्त्र र प्रहरीलाई दमनमा नलाग्न पार्टीका तर्फबाट आह्वान गरिएको थियो । शाही घोषणापछि एमाले आन्दोलन परिचालन कमिटीका तर्फबाट वैशाख १२ मा जारी विज्ञप्तिमा 'राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा निहित रहेको, जनआन्दोलनको माध्यमबाट अभिव्यक्त जनभावना र सात राजनीतिक दलहरूद्वारा प्रस्तुत मार्गचित्रलाई स्वीकार्दै शान्तिपूर्ण संयुक्त जनआन्दोलनले उठाएका पूर्ण लोकतन्त्र, दिगो शान्ति' लगायतका विषयहरूलाई सम्बोधन गर्न निरङ्कुश राजा बाध्य भएको उल्लेख छ। जनताको विशाल सहभागिताले शान्तिपूर्ण आन्दोलनलाई पूर्ण सफलताको बाटोमा पुऱ्यायो ।

यस्तै गरी वैशाख १३ गतेको पार्टी स्थायी कमिटीको बैठकले ११ गतेको शाही सम्बोधनका सन्दर्भमा 'शाही सम्बोधनलाई हाम्रो पार्टीले ऐतिहासिक महत्त्वको घटना र आन्दोलनका मागहरूको प्राप्तिका रूपमा लिएको छ । संसदीय राजनीति कमजोर भएको अवस्थामा राजाबाट खोसिएको जनताको सार्वभौमसत्ता, जनताकै शान्तिपूर्ण आन्दोलनको बलमा पुन: संसद्मा फर्किएको छ। त्यसैले हाम्रो पार्टी उक्त सम्बोधनलाई स्वीकार गर्दछ। साथै, वर्तमान शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई सफलतासम्म पुऱ्याउन दर्जनौं सहिदहरूको बलिदान, हजारौं घाइतेहरूको योगदानको अविस्मरणीय भूमिका रहेको छ । ... प्रतिनिधिसभाको पुन:स्थापना हाम्रो आन्दोलनको उपलब्धिको पहिलो पाइला हो' भनेको छ । बैठकले 'हामी नेकपा माओवादीलाई जनताको बलमा पुन:स्थापित संसद्प्रति सकारात्मक भाव राख्न, सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीप्रति इमानदार रहन र संविधानसभाको चुनाव गराउने प्रक्रिया आरम्भ गराउने संसद्को प्रतिबद्धतामा सहयोग पुऱ्याउन पनि आह्वान गर्दछौं । शान्तिपूर्ण आन्दोलनमा सहभागी भएर प्राप्त गरिएको वर्तमानको उपलब्धिको रक्षा र सुदृढीकरणको प्रक्रियामा सहभागी हुन पनि हामी माओवादीहरूसमक्ष आह्वान गर्न चाहन्छौं'- भनेको थियो ।

वैशाख १५ र १६ मा सम्पन्न एमाले केन्द्रीय कमिटीको बैठकले 'जनआन्दोलनका बलमा प्राप्त भएको यस सफलतालाई ऐतिहासिक उपलब्धि ठान्दछ र निर्धारित लक्ष्यसम्म पुग्ने मार्ग खुला भएको खुसी व्यक्त गर्दै उक्त लक्ष्यप्राप्तिका लागि दृढतापूर्वक अघि बढ्ने सङ्कल्प व्यक्त गर्दछ' भन्ने निष्कर्ष निकाल्यो । साथै, बैठकबाट लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख हुने नवौं बैठकको पार्टी सोचका आधारमा 'संविधानसभाको चुनाव गरौं, लोकतान्त्रिक गणतन्त्र स्थापना गरौं" भन्ने कार्यनीतिक नारा तय गरेको छ ।

**जनआन्दोलनको अपेक्षा र एमालेको प्रतिबद्धता**

आन्दोलनमा संलग्न जनताको अपेक्षालाई आत्मसात गर्दै त्यो भावनाको नेतृत्व एवम् कार्यान्वयन गर्ने जिम्मेवारी पूरा गर्न सात राजनीतिक दलहरू एवम् नेकपा (एमाले) को काँधमा छ । जनआन्दोलनमा व्यक्त जनभावनालाई कार्यान्वयन गर्न वर्तमान सरकार एवम् पार्टीहरूले विलम्ब गर्दा र आन्दोलनको राप र तापले प्राप्त गरेका उपलब्धिहरूलाई संस्थागत गर्नमा ढिलाइ गर्नाले प्रतिगमनकारीहरू एवम् षड्यन्त्रकारीहरूलाई नै फाइदा पुग्नेछ । यसले आन्दोलनमा व्यक्त जनादेशलाई जनआन्दोलनको

माध्यमबाट स्थापित संसद् एवम् जनताको सरकारले कार्य गर्नका निम्ति विलम्ब गर्नुहुन्न । आन्दोलनमा शहादत प्राप्त गर्नुभएका अमर सहिदहरूको सपना साकार पार्न संसद् एवम् सरकार दृढतापूर्वक अघि बढ्नुपर्छ ।

शाही सरकारलाई सम्पूर्ण रूपले परास्त गर्दै नेपाल सरकार बनाउने, शाही सेनालाई नेपाली सेनामा रूपान्तरण गरी त्यसलाई संसद्को मातहतमा ल्याउने, ०५९ असोज १८ पछि प्रतिगमनकारीहरूले गरेका आदेश, अध्यादेश, राजनीतिक नियुक्तिहरू अविलम्ब खारेज गर्ने, जनआन्दोलनमा घाइतेहरूको शीघ्र उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएका तथा सहिद परिवारका व्यक्तिहरूको जीविकोपार्जन एवम् सम्मानका लागि सरकारका तर्फबाट आवश्यक पहल गर्नुपर्ने, आन्दोलनलाई दमन गर्ने दमनकारीहरूमाथि अविलम्ब कारबाही गर्न जरुरी छ । प्रतिगमनकारीका मतियारहरू नसल्बलाउन र त्यसको नेतृत्व गर्ने तत्कालीन शाही सरकारका प्रधानमन्त्रीले पुनः शिर उठाउन सक्छ भन्ने विषयलाई हेक्का राख्दै जनतालाई सही अर्थमा सार्वभौमसत्तासम्पन्न बनाउन संविधानसभाको निर्वाचनको मिति घोषणा गर्न, त्यसको प्रक्रिया एवम् स्वरूपसम्बन्धी आवश्यक गृहकार्य गर्न विलम्ब गर्नु हुन्न । यी कामहरू पूरा गरेर नै आन्दोलनमा व्यक्त जनताको भावनाअनुरूप एमालेले आफ्नो कर्तव्य पूरा गर्नेछ । पार्टीका तर्फबाट संसद् एवम् सरकारलाई दिएको प्रति प्रतिबद्ध रहनु त्यसलाई कार्यान्वयन गर्न सङ्कल्पित हुनु नै आन्दोलन निर्देशनप्रति एमालेको निष्ठा हो । आरम्भका दिनमा सरकारले आकार ग्रहण गर्न नसक्दा, जनताको तत्कालीन भावनालाई नेतृत्व गर्न केही ढिलाइ भए पनि सरकारले थोरै समयमा जुन निर्णयहरू सार्वजनिक गरेको छ, यसले आन्दोलनकारीहरूलाई राहत पुगेको अनुभूत गर्न सकिन्छ । बिहानीले दिनको सङ्केत गर्छ भनेजस्तै यसको थप उचाइ र निरन्तरता भए आन्दोलनको भावना एवम् जनआन्दोलनबाट स्थापित संसद् र सरकारको औचित्य पुष्टि गर्न बल पुग्नेछ ।

**आन्दोलनको मैदानमा एमाले दह्रो, सहयात्रीबीच किन एक्लो ?**

चैत २४ गतेदेखि सञ्चालन गरिएको आमहडतालसहितको विरोध प्रदर्शन राष्ट्रव्यापी रूपमा सम्पन्न गर्ने नीति अघि सार्दा नेकपा (एमाले) का विरुद्ध सहकर्मीहरू एमाले आन्दोलनलाई कमजोर बनाउन एमाले उद्यत रहेको आरोपसमेत लगाउन पछि परेनन् । अधिराज्यका चितवन, पोखरा, नेपालगन्ज, बुटवल, विराटनगर, झापालगायत मुलुकका सबै ठाउँमा सम्पन्न जनआन्दोलन र जनसहभागिताले एमालेको उक्त नीति नै सही रहेको प्रस्ट पारेको छ । आन्दोलनसम्बन्धी योजना निर्माण, सङ्गठन परिचालन, प्रचार, नेतृत्व गर्ने क्षमता आन्दोलनमा शहादत प्राप्त गर्नेहरूमध्ये अधिकांश नेकपा (एमाले) का को पङ्क्ति रहनु, करिब पाँच हजार गोली लागी घाइतेहरूमध्ये अधिकांश एमालेकै रहनु, आन्दोलनका क्रममा गिरफ्तार परेका नेताहरूमध्ये एमालेकै उल्लेख्य सङ्ख्यामा रहेको तथ्य एमालेका लागि मात्र होइन, सहयात्री जो कसैले अनुभूत गर्ने विषय हो । आन्दोलनलाई एकस्तरमा पुऱ्याएपछि प्राप्त उपलब्धिको रक्षा गर्ने र थप उपलब्धिका निम्ति अघि बढ्ने सन्दर्भमा पुनःस्थापित संसद् र निर्माण गरिएको संयुक्त सरकारमा प्रतिनिधित्व गर्ने, सञ्चालन गर्ने सन्दर्भलाई लिएर सात दलहरूमध्ये मूलतः आफूलाई कम्युनिस्ट भन्ने साना राजनीतिक पार्टीहरू नेपाली काङ्ग्रेसको पक्षमा लाग्ने, आन्दोलनबाट प्राप्त उपलब्धि संस्थागत गर्न विलम्ब गर्नुहुन्न र जनअपेक्षाहरूलाई तत्काल समाधान गर्ने गरी जिम्मेवारी लिएर अघि बढ्नुपर्ने एमालेको धारणालाई पदलोलुप, सत्ताको निम्ति हतारो भएको प्रचारबाजी गराउने, आन्दोलनको मोर्चामा एकछत्र अगुवाइ गरेको एमाले सहयात्रीहरूबीच किन एक्लो बन्यो ? यसको समीक्षा गर्न र यसबाट शिक्षा लिन एमालेले विलम्ब गर्नुहुँदैन ।

**शान्तिपूर्ण जनआन्दोलन र जनसहभागिताको उत्कर्ष**

चालू लोकतान्त्रिक आन्दोलन शान्तिपूर्ण आन्दोलन नै हो । हतियार बोकेका सेनाहरूभन्दा राजनीतिक चेतना बोकेका जनता नै बलिया हुन्छन् भन्ने यथार्थलाई यो आन्दोलनले पुष्टि गरेको छ । यो आन्दोलनले नेपालको इतिहासमा मात्र नभएर विश्वको इतिहासमा नै एउटा नयाँ उचाइ प्राप्त गरेको छ । मूलतः शान्तिपूर्ण आन्दोलनको यो चरणले बलपूर्वक गर्न नसकिएका कैयौँ विषयहरू समाधान गर्न सकेको छ । आन्दोलनले हिंसात्मक फौजी कारबाहीमा लागेका माओवादीलाई समेत राजधानीमा फौजी कारबाही स्थगित गरेको घोषणा गर्न बाध्य बनाए । विगतको आन्दोलनमा राजधानीमा जनसहभागिता कम भएका कारण कार्यक्रमलाई केन्द्रीकृत गर्ने सोचिए पनि यो आन्दोलनमा राजधानीवासी जनता सडकमा प्रभावकारी ढङ्गले उत्रिए ।

शान्तिपूर्ण आन्दोलनको माध्यमबाट मुलुकमा कायापलट गर्न सकिन्छ भन्ने जनताको बहुदलीय जनवादको नीतिअनुरूप यो आन्दोलनले त्यसलाई थप पुष्टि गरेको छ । चक्रपथको घेराउ र शाही सरकारले लगाएको कर्फ्यु, निषेधाज्ञालाई निस्तेज पार्दै दसौँ लाख मानिसहरू एकैपटक सडकमा उत्रिए । आफूलाई शान्तिपूर्ण आन्दोलनको विपक्षमा उभ्याउँदै आएको नेकपा ( माओवादी) ले समेत राजधानीमा फौजी हमला स्थगित गरेको सार्वजनिक वक्तव्य दिन बाध्य भयो । यो घोषित शान्तिपूर्ण जनआन्दोलन नै हो । यसले नै निरङ्कुश शासकहरूलाई सत्ताबाट किनारामा धकेल्नका निम्ति निर्णायक भूमिका पूरा गरेको छ । यसलाई संसद् तथा सरकारको माध्यमबाट निरन्तरता दिनु, यसले अभियानलाई पूर्णतामा बदल्न सके मात्र शान्तिपूर्ण आन्दोलनको औचित्य एवम् आकर्षणलाई हामीले पुष्टि गर्न सक्छौँ ।

**शाही दमनको पराकाष्ठा**

लोकतान्त्रिक आन्दोलनको यो अवधिमा सरकारले हदैसम्मका दमनका शृङ्खलाहरू सञ्चालन गऱ्यो । निहत्था जनतामाथि गोली, विषालु ग्यास, ढुङ्गामुढा, लाठीचार्ज, अश्रुग्यासमेत प्रयोग गऱ्यो । रबरका गोली मात्र नभई सिसाका गोलीसमेत हजारौँको सङ्ख्यामा चलाइयो । सुरक्षा निकायका उपल्लो दर्जाका व्यक्तिहरूको घरबाट आन्दोलनकारीहरूमाथि गोली चलाइए । कतिपय स्थानमा प्रहरीले गोली नचलाउँदा शाही सेनाद्वारा नै गोली चलाइयो । यस्ता गोलीबाट आन्दोलनकारीहरू मात्र नभई प्रहरीका अधिकृतहरूसमेत घाइते बन्न पुगे । दमनको यो चक्रसँगै सञ्चालन गरिएको १८ घण्टे कर्फ्युका कारण घाइतेहरूलाई उपचार गराउन लानसमेत सकिएन । शाही सरकारको तर्फबाट गोली लागी घाइते भएका व्यक्तिहरूलाई उपचारका निम्ति उद्दार गर्न गएका एम्बुलेन्सहरूलाई समेत घाइतेलाई उपचार कक्षमा लान दिइएन । मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूलाई पास दिइएन । यो आन्दोलनमा पाँच हजारभन्दा बढी आन्दोलनकारीहरू गोली लागेर घाइते भएका छन् । पेसाकर्मीहरूको

प्रदर्शनमाथि समेत शाही सरकारले गोली चलायो । आन्दोलनलाई कमजोर बनाउन र भाँड्न नेताहरूमाथि साङ्घातिक आक्रमण गर्न सरकारी भिजिलान्तेहरूको प्रयोगसमेत गरियो । पार्टी महासचिव माधवकुमार नेपालको घरमा अराजक र उच्छृङ्खल जमातले आक्रमण गर्ने दुष्प्रयास गर्ने काम तथा सिंहदरबार गेटमा एमाले केन्द्रीय सदस्य प्रदीप ज्ञवालीमाथि भएको साङ्घातिक हमलालाई लिन सकिन्छ ।

**निष्कर्ष**

आन्दोलनले एउटा उचाइ प्राप्त गरिसकेपछि त्यसबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न जनआन्दोलनमा व्यक्त भावनाको कदर गर्नुपर्छ । यसअवधिमा नेतृत्वको अभिव्यक्ति र व्यवहार विपक्षी राजनीतिभन्दा माथि उठ्न सक्नुपर्छ । विषयमा प्रस्टताभन्दा सस्तो लोकप्रियताका लागि बहकिने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ । राजनीतिको मियो बन्ने जिम्मेवारी पूरा गर्न आवश्यक नीति एवम् योजना बनाउनुपर्छ । आन्दोलन परिचालनमा नेतृत्व केन्द्र बनेको एमालेले सरकारमा समेत त्यो पहिचान कायम गर्न सक्नुपर्थ्यो । अप्ठ्यारो बेला नेतृत्वबाट पन्छने र एकमना एकतासाथ लाग्ने जिम्मेवारी एमालेले पूरा गर्न चुक्नुहुँदैन । २१ जना सहिदहरूको शहादतबाट प्राप्त आन्दोलनको यो उचाइलाई सुदृढ गर्न सबै वर्ग, तह र समुदायको संलग्नतामा सञ्चालित ऐतिहासिक सङ्घर्षको यो अभिभारालाई पूरा गर्न नेकाप (एमाले) सुझबुझपूर्ण ढङ्गले लाग्नु अहिलेको तात्कालिक आवश्यकता हो । नीतिगत प्रस्टताका साथै व्यवहारमा समेत खरो उत्रन सक्नु अहिलेको हाम्रो चुनौती हो । हामी सम्पूर्ण रूपले सपना साकार बनाउन कटिबद्ध भएर लागौं । आन्दोलनको लक्ष्य र हामी सबैको भविष्य यसैमा अन्तरनिहित छ ।

◆

## वैशाख ११ को शाही घोषणा

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा नेपाल अधिराज्यको संविधान-२०४७ बमोजिम ०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणामार्फत पुनःस्थापित गरिबक्सेका छौँ । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवम् समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौँ । पुनःस्थापित प्रतिनिधिसभाको बैठक ०६३ साल वैशाख १५ गते शुक्रबार दिनको १ बजे संसद्भवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेका छौँ ।

नेपाल र नेपालीको बृहत्तर हित यो संसद्बाट हुनेछ भन्ने हामीलाई विश्वास छ । जनआन्दोलनमा जीवन गुमाएका प्रति समवेदना र घाइते एवम् आहत भएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौँ ।

# मोफसलमा उत्साहजक आन्दोलन

जनआन्दोलनका सुखद आश्चर्यहरूमध्ये एक हो-राजधानीबाहिर अर्थात् मोफसलमा देखिएको अपूर्व जनसहभागिता । मुलुकको ऐतिहासिक जनआन्दोलनका क्रममा यसपटक मोफसलमा देखिएको जनसहभागिता र उत्साहले ०४६ सालपछि राजनीतिक चेतनाको विस्तार कति तीव्र र प्रगाढ रूपमा भएको रहेछ भन्ने देखाएको छ । लोकतान्त्रिक आन्दोलनले विजय प्राप्त गर्नमा समाजका सबै वर्ग, तह, तप्का, समुदाय र सम्प्रदायको उस्तै उत्साहजनक सहभागिता नै प्रमुख कारण हो भन्नेमा सायद कसैको दुईमत हुन सक्दैन ।

**राष्ट्रव्यापी आन्दोलनको परिणाम**

जनआन्दोलनले अहिले जुन परिणाम हासिल गरेको छ, यो कतिपयले भन्ने गरेझैं स्वतःस्फूर्त, एकाएक वा आकस्मिक रूपमा आएको होइन । यसका पछाडि आन्दोलनरत शक्तिको तयारी, योजना र कार्यान्वयन नै निर्णायक तत्त्व हो भन्नेमा कुनै द्विविधा छैन । सात आन्दोलनकारी दलमध्ये जनाधारको भन्दा मञ्च र भाषणको राजनीति गर्ने दलहरूले कहिलेकाहीं बढी क्रान्तिकारी देखिन केही अन्योल सिर्जना गर्न खोजे पनि यथार्थमा आधारित योजनाले नै अन्ततः सकारात्मक परिणाममा पुऱ्याएको छ ।

सात दलभित्र नेकपा (एमाले) ले राष्ट्रव्यापी आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने प्रस्ताव राख्दा कतिपयले त्यसलाई अपव्याख्या गर्ने दुष्प्रयाससमेत गरे । एमालेले आन्दोलन भाँड्न खोजेको आरोप लगाउँदै केही दलहरूले आफ्नो अबुझपना, छुद्रता र अदूरदर्शिता देखाए पनि अन्ततः विकेन्द्रित र राष्ट्रव्यापी आन्दोलनले नै मुलुकमा लोकतन्त्रको स्थापना गऱ्यो भन्ने कुरा

प्रमाणित भइसकेको छ। आन्दोलन वा क्रान्ति कुनै आयात वा निर्यातको वस्तु होइन भन्ने कुरा सामान्य राजनीति बुझ्नेकाहरूका लागि पनि नौलो नहुनुपर्ने हो। तर, देशव्यापी आन्दोलनको आँधीबेहरी सिर्जना गरेर निरङ्कुश राजतन्त्रलाई समाप्त पार्ने एमालेको व्यावहारिक, उपयुक्त र यथार्थ प्रस्तावको पनि कतिपय दलले अपव्याख्या गर्ने निरर्थक प्रयास गरे पनि अन्ततः त्यही मान्यताका आधारमा मुलुकमा आन्दोलन सम्पन्न भएको कुरा छर्लङ्ग छ।

मोफसलबाट जनता राजधानीमा ल्याएर आन्दोलन गर्नुलाई नै केन्द्रीकृत आन्दोलन मान्ने हो भने त्यसले अहिलेको परिणाम ल्याउन सक्ने थिएन। किनभने, राजधानीबाहेक मुलुकका बाँकी भागमा आन्दोलन नहुने हो भने त्यसले शाही सत्तालाई दबाब दिन सक्ने थिएन। यसकारण एमालेले अघि सारेको आन्दोलनको अवधारणा कार्यान्वयन भयो र मुलुकले अपेक्षित निकास हासिल गर्न सक्यो।

**अपूर्व जनसहभागिता**

लोकतान्त्रिक आन्दोलनको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेकै यसमा देखिएको अभूतपूर्व जनसहभागिता नै हो। जनताको लोकतन्त्रप्रतिको अगाथ आस्था, विश्वास र प्रतिबद्धता यति धेरै मात्रामा सडकमै प्रकट भएको यही नै पहिलोपटक थियो। राजधानीबाहिरका चितवन, पोखरा, बुटवल, भैरहवा, विराटनगर, इटहरी, जनकपुर, नेपालगन्ज, धनगढी, महेन्द्रनगर, झापा, हेटौंडा, दाङलगायतका क्षेत्रमा जसरी आन्दोलन उठ्यो, त्यसले राजाको तानाशाही सत्तालाई स्थानीय तहबाट विस्थापित र पराजित गरेको थियो।

यसपटकको आन्दोलनमा हजारौँको सङ्ख्याबाट उक्लेर जनताको सहभागिता लाखौँमा पुगेको सहजै देख्न सकिन्थ्यो। स्थानीयस्तरमा आयोजना गरिएका स-साना कार्यक्रममा पनि पचासौं हजार मानिसहरूको स्वतःस्फूर्त सहभागिता देखिनुले जनता निरङ्कुश शाहीसत्ताका विरुद्ध छन् भन्ने प्रमाणित गर्दथ्यो। खासगरी बुटवल, नारायणगढ, पोखराजस्ता सहरहरूमा लगातार लाखौँलाख जनता सडकमा उत्रेको दृश्य नेपालका लागि नयाँ थियो।

**मौलिक आन्दोलन**

यसपटक मोफसलको आन्दोलनमा आ-आफ्नै क्षेत्रका खास मौलिकताहरू देखिनु अर्को महत्त्वपूर्ण पक्ष हो। आन्दोलन जति चर्कँदै गयो, त्यति नै स्थानीयस्तरमा यसलाई लोकप्रिय, जुझारु र जनसहभागितामूलक बनाउने प्रयत्नहरू भए। चाहे कुटो, कोदालो र जुवा बोकेर निकालिएका जुलुसहरू होउन्, वा कुचो र रित्ता भाँडाहरूसहित निकालिएका जुलुसहरू होउन्, ती सबैमा लोकतन्त्रको साझा भावना र चाहना प्रतिविम्बित भएको थियो। आफ्ना स्थानीय मौलिकतासहित आयोजना गरिने प्रदर्शनहरूले एकातिर स्थानीय बासिन्दाले अपनत्वको भावना जगाउँथे भने अर्कोतिर थप जनसहभागिताका लागि प्रेरित गर्दथे। भैंसी र राँगालाई रङ्ग्याएर होस् वा नाङ्गो टाउकोमा लोकतन्त्र लेखेर होस्, जनताले जुलुसमा मौलिकता दिने प्रयास गरेका थिए।

**जोखिमयुक्त सहभागिता**

अहिलेको लोकतान्त्रिक आन्दोलनमा विभिन्न पेसा, व्यवसाय र वर्गका जनताले जोखिमसहित जुन सहभागिता देखाए, त्यो सङ्ख्यात्मक रूपमा मात्र नभएर गुणात्मक रूपमा पनि निकै महत्त्वपूर्ण छ। निरङ्कुशताले चौतर्फी फणा उठाइरहेका बेला नागरिकले आफ्ना व्यक्तिगत सुविधा र हितहरूलाई पनि आन्दोलनको अधिनस्थ राखेर लोकतन्त्रप्रतिको आफ्ना प्रतिबद्धता व्यवहारमै देखाए।

सरकारी सेवामा रहेका राष्ट्रसेवकहरूले समेत आफ्ना रोजगारीको परवाह नगर्नु कुनै चानचुने कुरा होइन। किनभने, आन्दोलनमा लागेका र लाग्ने कर्मचारीको अभिलेख बनाउने, उनीहरूको तस्बिर खिच्ने र उनीहरूमाथि निगरानी राख्नेजस्ता काममा शाहीसत्ता व्यस्त रहँदारहँदै पनि उनीहरूले साहसका साथ जोखिम मोले। चितवन, पोखरा, बुटवल, नेपालगन्ज, विराटनगर, धरान, धनगढीजस्ता प्रमुख सहरमा सरकारी कार्यालयका कर्मचारीहरूसमेत आन्दोलनमा निस्के। त्यति मात्र होइन, जिल्लाजिल्लामा प्रशासन कार्यालयमा समेत तालाबन्दी गरेर उनीहरूले आफ्नो लोकतन्त्रप्रतिको चाहना र प्रतिबद्धता प्रकट गरेका थिए।

**महिलाको उत्साहजनक अगुवाइ**

यसपटकको आन्दोलनमा देखिएको अर्को महत्त्वपूर्ण पक्ष महिला सहभागिता हो। मोफसलका महिलाहरू हातमा डाडुपन्यु, कुचो, थालजस्ता घरेलु प्रयोजनका वस्तु लिएर लोकतन्त्रका लागि सडकमा निस्के। अहिलेको आन्दोलनमा राजधानीभन्दा मोफसलमा महिलाको सहभागिता धेरै उत्साहजनक देखिएको छ। सुदूरपूर्वको इलामदेखि सुदूरपश्चिमको दार्चुलासम्मका जिल्लामा महिलाहरू अभूतपूर्व रूपमा आन्दोलनमा उत्रिए। सधैँ चुलोचौको र घरधन्दामा मात्र सीमित राखिएका महिलाहरू निरङ्कुशताको अन्त्यका लागि जुझारु रूपमा आन्दोलनमा उत्रिए।

# परिवर्तित परिस्थितिमा पार्टीको दायित्व

नेकपा (एमाले) केन्द्रीय कमिटीको आकस्मिक रूपमा बोलाइएको एघारौँ बैठक ०६३ वैशाख १५-१६ गते महासचिव माधवकुमार नेपालको अध्यक्षतामा बस्यो। बैठकमा जनआन्दोलनको सफलतापछि विकसित नयाँ परिस्थिति र हाम्रो पार्टीको काँधमा आएको जिम्मेवारीका सम्बन्धमा गम्भीरतापूर्वक छलफल भयो।

बैठकपछि निकालिएका निष्कर्षहरूको सारसंक्षेप प्रस्तुत गरिएको छ :

**जनआन्दोलनको सफलता र हाम्रासामु उपस्थित कार्यभार**

०५९ असोज १८ गतेको प्रतिगामी घोषणामार्फत राजाले थोपरेको निरङ्कुश एवम् स्वेच्छाचारी शासनका विरुद्ध मुलुकका प्रमुख राजनीतिक दलहरूले लामो समयदेखि सञ्चालन गर्दै आएको शान्तिपूर्ण संयुक्त जनआन्दोलनले यही वैशाखको दोस्रो सातामा आएर जनउभारको रूप लिन पुग्यो र त्यसले दुई सय ३८ वर्षदेखि नेपाली जनताको थाप्लोमा बुर्कुसी मार्दै आएको निरङ्कुश राजतन्त्रलाई जगैदेखि हल्लाई दियो। शान्तिपूर्ण जनआन्दोलनले देशव्यापी जनविद्रोहको रूप लिएपछि राजा जनताका सामु झुक्न, राज्यशक्तिको स्रोत जनता नै हुन् भन्ने यथार्थलाई स्वीकार गर्न र मुलुकको सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार नेपाली जनतामै रहेको पुन:पुष्टि गर्न र मुलुकको समस्या समाधानका लागि सात दलको मार्गचित्रलाई स्वीकार गर्दै संसद् पुन:स्थापनाको घोषणा गर्न बाध्य भए। नेपाली जनताले आन्दोलनको बलमा प्राप्त गरेका यी उपलब्धिहरू ऐतिहासिक र दूरगामी महत्त्वका छन्। अब हाम्रो काँधमा जनआन्दोलनले पराजित गरेका प्रतिगामी तत्त्वहरूको षड्यन्त्रलाई चिर्दै प्राप्त उपलब्धिहरूलाई संस्थागत एवम् सुदृढ गर्ने र आन्दोलनमा अभिव्यक्त जनताको इच्छाबमोजिम मुलुकलाई संविधानसभाको निर्वाचनमार्फत लोकतान्त्रिक गणतन्त्रतर्फ अघि बढाउने जिम्मेवारी आएको छ। हाम्रो पार्टीको केन्द्रीय कमिटीले आफ्नो नवौँ बैठकबाटै चालू जनआन्दोलनलाई शान्तिपूर्ण रूपले लोकतान्त्रिक गणतन्त्रको दिशातर्फ अघि बढाउने निर्णय गरेको थियो। त्यसैगरी केन्द्रीय कमिटीको दसौँ बैठकले पनि युवा, विद्यार्थी, बुद्धिजीवी, नागरिक समाजलगायत आमजनताको ठूलो हिस्सामा उठिरहेको लोकतान्त्रिक गणतन्त्रको मागसम्बन्धी उन्नत चेतनालाई पक्रनुपर्दछ र मुलुकलाई अग्रगामी परिवर्तनको दिशातर्फ अघि बढाउनुपर्दछ भन्ने निर्णय गरेको थियो। अहिले जनआन्दोलनको बलमा पुन:स्थापित प्रतिनिधिसभाको बैठकले सर्वसम्मतिबाट संविधानसभाको निर्वाचनमा जाने निर्णय गरिसकेको परिप्रेक्ष्यमा संविधानसभामार्फत मुलुकलाई शान्तिपूर्ण रूपले लोकतान्त्रिक गणतन्त्रमा पुऱ्याउने सम्भावनाको ढोका खोलिदिएको छ। यसपटकको आन्दोलनमा विभिन्न वर्ग, तह, पेसा र समुदायका जनताले लोकतान्त्रिक गणतन्त्रको माग जुन व्यापकता, सशक्तता र दृढताका साथ उठाए, त्यसबाट यो नारा अब क्रियात्मक चरणमा प्रवेश गरेको पुष्टि भएको छ। जनताको त्यही भावनालाई कदर गर्दै हाम्रो पार्टी केन्द्रीय कमिटीको एघारौँ बैठकले "संविधानसभाको निर्वाचन गरौँ, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ" भन्ने मूल कार्यनीतिक नारा अघि सार्दै चालू आन्दोलनलाई गुणात्मक रूपमै नयाँ उचाइमा उठाउने र मुलुकलाई राजाबिनाको लोकतन्त्रतर्फ अघि बढाउने निर्णय गरेको छ। सङ्घर्षलाई सडक, संसद् र सरकारको मोर्चाबाट समन्वयात्मक रूपमा अघि बढाउँदै मुलुकलाई यथाशीघ्र संविधानसभाको निर्वाचनमा लैजानु र संविधानसभाको निर्वाचनबाट लोकतान्त्रिक गणतन्त्रतर्फ अघि बढाउनु अहिलेको हाम्रो प्रमुख कार्यभार हो। पार्टीको यो ऐतिहासिक महत्त्वको निर्णयलाई सिङ्गो पार्टी पङ्क्तिले तदनुरूप नै आत्मसात गर्न, यसलाई योजनाबद्ध ढङ्गले व्यापक जनताको बीचमा पुऱ्याउन र कार्यान्वयनका निमित्त अनुकूल परिस्थिति निर्माण गर्न दृढताका साथ अघि बढ्नु जरुरी छ।

**संयुक्त सरकारमा पार्टीको सहभागिता**

हाम्रो पार्टीले लोकप्रिय अभिमतका आधारमा सरकारमा सहभागी हुन सकिने र अधिरचनाको तहबाट पनि आन्दोलनका कार्यभारहरू सम्पन्न गर्न सकिने मान्यता अघि सार्दै आएको छ। यसैका आधारमा हाम्रो पार्टी अलग-अलग समयमा विभिन्न पार्टीहरूसँग संयुक्त सरकारमा सहभागी हुँदै आएको छ। अहिले आन्दोलनको बलमा प्रतिनिधिसभा पुन:स्थापित भएको परिप्रेक्ष्यमा हाम्रो काँधमा सात दलको पूर्वघोषित मार्गचित्रबमोजिम गठन हुने अधिकारसम्पन्न सर्वदलीय सरकारमा संलग्न भएर आन्दोलनको लक्ष्यप्राप्तिको दिशामा बाँकी रहेका कार्यहरू पूरा गर्ने जिम्मेवारी आएको छ। वर्तमान सर्वदलीय सरकारमा संलग्न भएर हामीहरू आन्दोलनबाट पराजित प्रतिगामी तत्त्वहरूले सिर्जना गर्न सक्ने बाधा-अवरोधहरूलाई पन्छाउने, आन्दोलन दबाउन शक्तिको दुरूपयोग गर्ने तत्कालीन शाही सरकारका पदाधिकारीहरूमाथि कारबाही गर्ने, माओवादीसँग सार्थक वार्ता गरी अन्तरिम सरकार गठन गर्ने र संविधानसभाको निर्वाचन गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दै मुलुकलाई दिगो शान्ति र समृद्धिको दिशातर्फ अघि बढाउने ऐतिहासिक कार्यभार पूरा गर्न चाहन्छौँ। हाम्रो पार्टीले आन्दोलनको अग्रभागमा उभिएर निर्वाह गरेको भूमिका र मुख्य रूपमा उपरोक्त उद्देश्य पूरा गर्नका लागि पार्टीले सर्वदलीय सरकारमा सहभागी हुने निर्णय गरेको हो। पार्टी केन्द्रीय कमिटीले हाम्रो पार्टीका तर्फबाट सरकारमा सहभागी हुने टोलीको नेतृत्वको जिम्मेवारी स्थायी कमिटीका सदस्य कमरेड केपी शर्मा ओलीलाई दिएको छ। टोलीका अन्य सदस्यहरूको छनोट गर्ने जिम्मेवारी स्थायी कमिटीलाई दिइएको छ।

आन्दोलनमा अभिव्यक्त जनताको चाहनाबमोजिम मुलुकलाई अघि बढाउन सर्वदलीय सरकारले अविलम्ब निम्न कार्यहरू गर्न जरुरी छ :

- जनआन्दोलनका सहिद परिवारका लागि जनही १० लाख रुपियाँको आर्थिक सहायता गर्ने। जनआन्दोलनका सहिदहरूको स्मारक निर्माण गर्ने। सहिदका छोराछोरीहरूलाई नि:शुल्क शिक्षाको व्यवस्था गर्ने। सहिद परिवारमा रोजगारीको व्यवस्था गर्ने।
- जनआन्दोलनमा अङ्गभङ्ग भएकाहरूलाई नोक्सानीको प्रकृति हेरी क्षतिपूर्ति र रोजगारीको व्यवस्था गर्ने।
- जनआन्दोलनमा घाइते भएका बिरामीहरूको औषधोपचारको व्यवस्था गर्ने।

- जनआन्दोलनमा लागेबापत खोसुवा, सरुवा र कारबाहीमा परेका निजामती र संस्थानका कर्मचारीहरूमाथिको सबै कारबाही रद्द गरी साविक पदमा पुनःस्थापना गर्ने ।
- जनआन्दोलनमा सरिक हुने उद्योगपति, व्यापारी, व्यवसायीहरूको आमहडतालका बखतको बैंक ब्याज मिनाह गर्ने । सोको पुर्ताल सरकारले गर्ने । कर नतिरेबापत लागेको दण्डजरिवाना मिनाह गर्ने ।
- ०६१ माघ १९ गतेको निरङ्कुश कदमपछिका राजदूत, क्षेत्रीय प्रशासक, अञ्चल प्रशासकलगायत सबै राजनीतिक नियुक्तिहरू खारेज गर्ने ।
- जनआन्दोलन दबाउन उद्दण्डतापूर्वक लागेका सरकारका मुख्यसचिवलगायत सरकारी पदाधिकारीहरूलाई पदमुक्त गर्ने ।
- जनआन्दोलन दबाउन जनतामाथि दमन गर्न निर्देशन दिने प्रतिगमनका मतियारहरूलाई जनताविरुद्ध राजनीतिक अपराध गरेबापत कारबाही गर्ने ।
- जनआन्दोलनमा अधिकारको दुरूपयोग गरी जनतामाथि दमन गर्नेहरूहरूको अपराधको छानबिन गरी कारबाही गर्नका लागि प्रतिवेदन पेस गर्न आयोग गठन गर्ने ।
- ०६१ माघ १९ गतेपछि राष्ट्रको ढुकुटीमा ब्रम्हलुट मच्चाउनेहरूले गरेका अपराधको छानबिन गरी तथ्य-सत्य सार्वजनिक गर्ने । अनियमित प्रकारले सरकारी धन लिने र खानेबाट सो रकम फिर्ता गराउने ।
- मानवताविरोधी अपराध गर्नेहरूलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा चलाउन सक्ने गरी त्यस्तो सन्धि-सम्झौतामा नेपाल सरिक हुने गरी आवश्यक कारबाही सुरु गर्ने ।
- ०६१ माघ १९ गतेपछि प्रतिगमनलाई टेवा दिने र जनतामाथि निरङ्कुशता लाद्ने हिसाबले जारी गरिएका सबै आदेश, अध्यादेशहरू खारेज गर्ने ।
- प्रतिगामी सरकारको कार्यकालमा प्रशासन, सेना, प्रहरीमा दरबारबाट गएका आदेश, निर्देशन अबउपरान्त कार्यान्वयन नगर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिने । प्रहरी, सेना, प्रशासनमा दरबारको हस्तक्षेप पूर्णतः अन्त्य गर्ने ।
- मन्त्रिपरिषद्को सञ्चालनसम्बन्धी कार्यविधिलाई परिमार्जन गरी यसमा रहेका दरबारका सबै प्रकारका हस्तक्षेपको अन्त्य गर्ने ।
- संसद्को पहिलो बैठकले सात आन्दोलनकारी पार्टीहरूको मार्गचित्रलाई अङ्गीकार गर्ने । सोअनुरूप संसद् र मन्त्रिपरिषद् सञ्चालन गर्ने प्रतिबद्धताको घोषणा गर्ने ।
- माओवादीमाथिको रेडकर्नर नोटिस तथा आतङ्ककारी बिल्ला खारेज गर्ने, सरकारका तर्फबाट युद्धविरामको घोषणा गर्ने र माओवादीलाई शान्ति वार्तामा आउन आह्वान गर्ने ।
- सात आन्दोलनकारी दलहरूले माओवादीहरूसँग गरेको १२ बुँदे समझदारीको आधारमा शान्ति वार्ता गर्ने, सहमति निर्माण गरी माओवादीहरूलाई समेत सामेल गराई अन्तरिम सरकारको गठन गर्ने र संविधानसभाको निर्वाचन गर्ने आधारमा वार्ता गर्ने कुराको सार्वजनिक प्रतिबद्धता गर्ने ।
- संसद्को बैठकले सुशासन, कानुनी राज्य, शान्ति सुरक्षाको व्यवस्था, स्वच्छ र छरितो प्रशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, मानवअधिकारको ग्यारेन्टी, नागरिक स्वतन्त्रताको पूर्ण सम्मान, व्यापक राष्ट्रिय हितमा अन्तर्राष्ट्रिय सम्बन्ध र जनतालाई तत्कालीन राहत पुऱ्याउने विषयमा प्रतिबद्धता व्यक्त गर्ने ।
- निरङ्कुश शाहीसत्ताले गराएको तथाकथित निर्वाचनबाट गठित सबै नगरपालिकाको खारेजी गर्ने । मनोनीत जिल्ला विकास समितिको खारेजी गर्ने। गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समितिको ०५४ सालको निर्वाचनबाट निर्वाचित स्थानीय निकायहरूको पुनःस्थापना गर्ने । देशमा जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य गर्ने ।
- विगत चार वर्षदेखि राष्ट्रियसभाका लागि सदस्यहरूको निर्वाचन हुन नसकी राष्ट्रियसभाको सदस्य सङ्ख्या घट्दै गई अब १८ जना मात्र बाँकी रहेको अवस्था छ । यसका ऐन नियममा आवश्यक संशोधन गरेर भए पनि ०६३ सालमा नै प्रतिनिधिसभा र स्थानीय निकायहरूबाट राष्ट्रिय सभाका सदस्यको निर्वाचन सम्पन्न गर्ने । राष्ट्रियसभालाई पूर्णता दिने । संसद्का दुवै सदनलाई चलायमान गराउने ।
- संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्नुअगावै पनि संसद्लाई बलियो बनाउनुपर्ने, प्रभावकारी भूमिका खेल्न सक्षम बनाउने र प्रतिगमनले पुनः टाउको उठाउन नसकोस् भन्ने कुरा सुनिश्चित गर्न वर्तमान संविधानमा निम्न विषयहरूमा परिवर्तन गर्ने :
- संविधानसभाका प्रतिनिधिसभाको निर्वाचन भई तिनले शपथग्रहण गरी कार्य गर्न सुरु नगरुञ्जेल वर्तमान प्रतिनिधिसभा कायम नै राख्ने ।
- सेनाको व्यवस्थापन, सञ्चालन गर्ने सम्बन्धमा हाल कायम रहेको सुरक्षा परिषद्को व्यवस्थालाई संशोधन गरी सेना संसद्प्रति उत्तरदायी र मन्त्रिपरिषद्को मातहतमा रहने किटानी व्यवस्था गर्ने ।
- सेनालाई प्रजातान्त्रिक, जनउत्तरदायी र पारदर्शी राष्ट्रिय चरित्रको सेनामा रूपान्तरण गर्ने ।
- सरकार र सेनाको नाम फेर्ने । श्री ५ को सरकारको ठाउँमा नेपाल सरकार र शाही सेनाको ठाउँमा नेपाली सेना नामकरण गर्ने । राष्ट्रिय गीत परिवर्तन गर्ने ।
- राजपरिषद्को व्यवस्था खारेज गर्ने ।
- संविधानको धारा ३५ लाई फेरेर कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहनेछ भन्ने प्रस्ट व्यवस्था गर्ने ।
- संविधानको धारा १२७ प्रधानमन्त्रीको सिफारिसमा प्रयोग हुने प्रस्ट उल्लेख गर्ने ।
- ➤ प्रतिनिधिसभाको बैठकसँगै राष्ट्रियसभाको बैठक सुरु गर्ने ।

- संसद्को अनुमोदनमा मन्त्रिपरिषद्ले माओवादीसँग वार्ता गर्ने टोली गठन गर्ने । माओवादीसँग वार्ताको प्रगतिको अनुगमन गर्न र संसदीय निर्देशन दिन दुवै सदनको प्रतिनिधित्व हुने गरी संयुक्त संसदीय विशेष समितिको गठन गर्ने ।
- संसद्को अनुमोदनमा मन्त्रिपरिषद्ले दुईवटा सर्वदलीय, सर्वपक्षीय समितिहरू बनाउने । एक राज्यको पुनःसंरचना र समावेशी प्रजातन्त्रका विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन पेस गर्न, दोस्रो त्यसै गरी आगामी संविधानको मूल स्वरूपको विषयमा अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेस गर्न । यी दुवै समितिहरूले तीन महिनाभित्र आफ्नो प्रतिवेदन पेस गर्ने । यो संसद्मा टेबुल गर्ने र राष्ट्रिय छलफलको लागि सार्वजनिक गर्ने ।
- आन्दोलनकारी सात दलको पूर्वनिर्णयअनुरूप विघटित अवस्थाको तलब-भत्ता संसद्ले नलिने घोषणा गर्ने । दुवै सदनका सदस्यहरूले देशको आर्थिक स्थितिलाई विचार गरी बैठकभत्ताबापतको आधा रकम मात्र लिने, बाँकी आधा रकम आन्दोलनमा घाइते भएका, अङ्गभङ्ग भएकाहरूको सेवामा खर्च गर्न सरकारलाई अनुरोध गर्ने । यसप्रकार संसद् सचिवालयले पनि आफ्नै खर्चमा कटौती गरी मितव्ययिता गर्ने ।
- अविलम्ब उपरोक्त कार्यहरू सम्पन्न गर्दै मुलुकलाई निःसर्त संविधानसभामा पुऱ्याउन र संविधानसभाको निर्वाचनबाट लोकतान्त्रिक गणतन्त्रलाई सुनिश्चित तुल्याउन दबाबमूलक जनपरिचालन गरिनुपर्छ । प्रतिनिधिसभा र राष्ट्रियसभाबाट दबाबपूर्ण सहयोगका निमित्त योजनाबद्ध प्रयत्न हुनुपर्दछ ।

**दबाबमूलक जनपरिचालन र सङ्गठन विस्तार एवम् सुदृढीकरण**

विगत लामो समयदेखि हाम्रो पार्टी निरङ्कुश राजतन्त्रविरोधी जनआन्दोलनमा केन्द्रित भएर लाग्नु परेको कारणले सङ्गठन विस्तार एवम् सुदृढीकरणको काममा जुट्न सम्भव भएको छैन । सुदृढ सङ्गठन र फराकिलो जनाधारबिना हामीले जनआन्दोलनका उपलब्धिहरूलाई संरक्षण, विस्तार र संविधानसभा हुँदै लोकतान्त्रिक गणतन्त्रमा पुग्ने उद्देश्यलाई साकार तुल्याउन सम्भव हुने छैन । तसर्थ, अब हामीले एकैसाथ दबाबमूलक जनपरिचालनका साथै पार्टी सङ्गठन, जनसङ्गठन, सामुदायिक सङ्गठन तथा पेसागत सङ्गठनहरूको सुदृढीकरण एवम् विस्तारको काममा केन्द्रित भएर लाग्न जरुरी छ । यस निम्ति सम्पूर्ण पार्टी शक्तिलाई केन्द्रीकृत योजनाअन्तर्गत परिचालित गर्न जरुरी छ । स्थानीय कमिटीहरू (खासगरी पार्टीका अञ्चल समन्वय कमिटी तथा जिल्ला कमिटी) को योजना र पहलमा निम्नानुसारका कार्यहरू सम्पन्न गर्नु जरुरी छ :

यो काममा आजैदेखि सम्पूर्ण पार्टी शक्तिलाई एकीकृत र केन्द्रीकृत योजनाअन्तर्गत परिचालन गर्नु पर्दछ र यो कामलाई संविधानसभाको घोषणा नभएसम्मका लागि जारी राख्नुपर्दछ ।

**गर्नुपर्ने कामहरू :**

- प्रारम्भिक कमिटीदेखि अञ्चल समन्वय कमिटीसम्म सबै तहका पार्टी कमिटीहरू र पार्टी सेलहरूको बैठक बस्ने । पार्टी कमिटीहरूलाई नियमितता प्रदान गर्ने । आधार तयार भएका स्थानहरूमा पार्टी कमिटी वा पार्टी सेलहरू निर्माण गर्ने ।
- जनआन्दोलनमा निर्वाह गरेको भूमिकाको मूल्याङ्कन गरी विधानको व्यवस्थालाई ख्याल गर्दै पार्टी कमिटी र जनसङ्गठनहरूको पुनर्व्यवस्थापन गर्ने ।
- पार्टी तथा जनसङ्गठनका अगुवा कार्यकर्ताहरूको उपस्थितिमा अनिवार्य रूपमा एक-एकवटा जिल्लास्तरीय, नगर/इलाकास्तरीय र गाविस/नगरका वार्डस्तरीय कार्यकर्ता भेला सम्पन्न गर्ने ।
- पार्टीको सङ्गठित सदस्यता नवीकरण गर्ने । साधारण सदस्यता विस्तार तथा नवीकरण गर्ने । अभिलेख दुरुस्त गर्ने र अञ्चल समन्वय कमिटी हुँदै केन्द्रमा पठाउने ।
- सबै गाविस र नगरका प्रत्येक वार्डहरूमा त्यसअन्तर्गतका पार्टी कार्यकर्ता, सदस्य, जनसङ्गठनका सदस्य तथा समर्थकहरूको सहभागितामा पार्टीको झन्डा, ब्यानर र अपिलका साथ घरदैलो गर्ने, पर्चा वितरण गर्ने, टोल, वार्ड र गाविसस्तरमा ऱ्याली तथा जनभेलाहरू सम्पन्न गर्ने ।
- घरदैलो, जनभेला र स्थानीय सभाहरूमा केन्द्रीय कार्यालयबाट उपलब्ध गराइएको नमुनाअनुरूपको पार्टीको प्रवेशपत्र, जनसङ्गठनहरूको सदस्यतापत्र वितरण गर्ने र सम्बन्धित स्थानीय पार्टी कमिटीमा सो सम्बन्धमा व्यवस्थित अभिलेख राख्ने । पार्टीको प्रवेशपत्र तथा जनसङ्गठनहरूको सदस्यतापत्र ग्रहण गर्न जनपङ्क्तिका हरेक व्यक्तिसँग अनुरोध गर्ने ।
- पार्टी, जनसङ्गठन, सामुदायिक सङ्गठन, पेसागत सङ्गठनका सदस्यहरू, समाजका अगुवा र इच्छुक व्यक्तिहरूलाई लिएर गाविस तथा नगरका वार्डस्तरमा 'लोकतान्त्रिक गणतन्त्रका लागि संविधानसभाको निर्वाचन अभियान समिति, नेकपा (एमाले)' निर्माण गर्ने । यस्ता समितिहरूले संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको पक्षमा जनमत निर्माण गर्न जुलुस, सभा, ऱ्याली, पदयात्रा, गोष्ठी, छलफल, पर्चा वितरणलगायतका कार्यहरू सम्पन्न गर्ने ।
- निःसर्त संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको मार्गमा अवरोध बन्न खोज्ने प्रतिगामी वा प्रतिक्रियावादी तत्त्वहरूका विरुद्ध गाविस, नगर, इलाका र जिल्लास्तरमा 'खबरदारी जनसभा' हरू आयोजना गर्ने ।

**कमिटीका बैठक, कार्यकर्ता भेला तथा जनसभाहरूमा निम्न विषयहरूमा केन्द्रित भएर पार्टीको नीति, विचार तथा दृष्टिकोण प्रस्तुत गर्ने :**

- सात राजनीतिक दलको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण संयुक्त जनआन्दोलनले प्राप्त गरेको उपलब्धि तथा यसलाई रक्षा गर्न र संविधानसभा हुँदै लोकतान्त्रिक गणतन्त्रमा पुग्नका लागि केन्द्रीय र स्थानीयस्तरमा गर्नुपर्ने कामहरूका बारेमा बताउने,
- संविधानसभा, पूर्ण लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रका सम्बन्धमा संसद् र सरकारबाट गरिने प्रयत्न र यस सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायको भूमिकाका बारेमा जानकारी दिने,
- सात राजनीतिक दलको एकताको महत्त्वका बारेमा जानकारी दिने र यो एकतालाई जोगाइरहन स्थानीय पार्टी कमिटी तथा आमजनसमुदायका तर्फबाट खेल्नुपर्ने भूमिका सम्बन्धमा प्रशिक्षित गर्ने,
- नेकपा (माओवादी) का गलत विचार एवम् प्रवृत्तिसँग वैचारिक सङ्घर्ष गर्दै दिगो शान्ति स्थापनका लागि उनीहरूको शान्तिपूर्ण रूपान्तरणको महत्त्व बताउने र त्यसनिम्ति गरिएका प्रयत्नहरूका सम्बन्धमा उल्लेख गर्ने,

♦ अभियान सम्पन्न भएपछि सम्बन्धित स्तरका पार्टी कमिटीको बैठक आयोजना गरी समीक्षा गर्ने र समीक्षा प्रतिवेदन ठीक माथिल्लो पार्टी कमिटीसमक्ष पठाउने । जिल्लास्तरीय समीक्षा प्रतिवेदन अञ्चल समन्वय कमिटी र केन्द्रीय कार्यालयमा पठाउने ।

■

# जनआन्दोलनका सहिदहरु

निरङ्कुशताको अन्त्य र लोकतन्त्र स्थापनाका निम्ति सात राजनीतिक दलद्वारा सञ्चालित जनआन्दोलन एकस्तरको सफलतामा टुङ्गिएको छ । १९ दिन लामो राष्ट्रव्यापी आमहडतालका क्रममा तानाशाही सत्ताले दमन गरी डेढ दर्जन भन्दा बढी आन्दोलनकारीहरूको ज्यान लिएको छ । २०५९ असोज १८ पछि सञ्चालित प्रतिगमनविरोधी आन्दोलनका क्रममा सर्वप्रथम बुटवलमा देवीलाल पौडेले शहादत प्राप्त गरेका थिए । त्यसपछि आन्दोलनलाई अघि बढाउने क्रममा थुप्रै जनयोद्धाहरू हाँसीहाँसी मृत्युवरण गर्न तयार भए र राज्यको दमन, लाठी र गोलीको समेत परवाह गरेनन् । यसरी निरङ्कुश सत्ताको पतनलाई अवश्यम्भावी तुल्याएका जनयोद्धाहरू मरेर पनि अमर बनेका छन् । यिनै सहिदहरूको बलिदानका कारण १५ महिना लामो राजाको प्रत्यक्ष शासन समाप्त भएको छ र चार वर्षपहिले विघटित प्रतिनिधिसभाको पुनःस्थापना गरिएको छ । यी सदिहरूको सपना संविधानसभाको चुनावमार्फत पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापना गर्नु नै थियो । अब बाँचेकाहरूले तिनका परिवारको लालनपालन, शिक्षा र रोजगारीको प्रबन्ध मिलाउँदै अमर सदिहरूका अधुरा सपना साकार पार्न अघि बढ्न जरुरी छ । प्रस्तुत छ, लोकतान्त्रिक जनआन्दोलनका अमर सहिदहरूको संक्षिप्त विवरण :

**देवीलाल पौडेल** : ०५९ असोज १८ को राजाको प्रतिगमनकारी कदमका विरुद्धको आन्दोलनका क्रममा शहादत प्राप्त गर्ने पहिलो योद्धा हुन्- देवीलाल पौडेल । तत्कालीन सरकारले पेट्रोलियम वस्तुहरूमा अत्यधिक मूल्यवृद्धि गरेको विरोधमा आठ विद्यार्थी सङ्गठनले चरणबद्ध आन्दोलनको घोषणा गरे । त्यसअन्तर्गत चैत २५ गते बुटवलमा भएको प्रदर्शनमा प्रहरीले चलाएको गोली कञ्चटमा लागी विद्यार्थी देवीलालको घटनास्थलमै मृत्यु भयो । नेपाल प्रगतिशील विद्यार्थी युनियन रूपन्देहीका अध्यक्ष रहेका देवीलाल स्याङ्जाको विचारी चौतारा-९, पुवाडाँडामा जन्मेका थिए, २५ वर्षअघि । ०५५ देखि बुटवल बहुमुखी क्याम्पसमा अध्ययनरत देवीलाल पिता मित्रलाल र आमा चन्द्रकला पौडेलका जेठा छोरा थिए ।

**मोहम्मद ताहिर अन्सारी** : वि.सं. १९८९ मा रौतहटको मठिया गाविस-१ मा जन्मेका मोहम्मद ताहिर अन्सारी ०६० चैत १९ गते काठमाडौँमा प्राणघातक अश्रुग्यासको सेल लागी गम्भीर घाइते भए । पाँच राजनीतिक दलद्वारा आयोजित 'रत्नपार्ककेन्द्रित' प्रतिगमनविरोधी आन्दोलनका क्रममा घाइते उनको ०६१ वैशाख ५ गते रौतहटस्थित आफ्नै घरमा मृत्यु भयो । उनलाई त्यतिखेर राजनीतिक दलहरूले सहिद घोषणा गरे । ७२ वर्षीय अन्सारी नेकपा (एमाले) रौतहट जिल्ला कमिटीका सदस्य एवम् अखिल नेपाल किसान सङ्घको जिल्ला समितिका अध्यक्ष थिए । उनका श्रीमती र पाँच छोराछोरी रहेका छन् ।

**उमेशचन्द्र थापा** : नगरचुनावको दिन ०६२ माघ २६ गते दाङको घोराहीमा सेनाको गोली प्रहारबाट मारिएका उमेशचन्द्र थापा निरङ्कुशताविरोधी लोकतान्त्रिक आन्दोलनका प्रथम सहिद हुन् । ०११ सालमा प्यूठानको बरौंला गाविसको मलवाङमा जन्मिएका उनले ०३५ सालदेखि दाङको घोराहीमा स्वर्गद्वारी प्रेस सञ्चालन गर्दै आएका थिए । नेकपा (एमाले) दाङ जिल्ला परिषद्का सदस्य पनि रहेका थापाको परिवारमा श्रीमती तथा दुई छोराहरू रहेका छन् । उनको हत्यापश्चात् छोराहरूको अध्ययनमा गम्भीर समस्या परेको छ ।

**होरीलाल राना थारु** : २०३६ वैशाख १५ गते धनगढी नगरपालिका-१०, घुइयाघाट कैलालीमा जन्मेका होरीलालको हत्या २०६२ माघ २६ गते भएको हो । नेपाली कांग्रेस ( प्रजातान्त्रिक) का समर्थक उनी कथित नगर निर्वाचन बहिस्कारमा सक्रिय थिए । शाही सेनाले बिहानै उनको हत्या गरेपश्चात् 'एम्बुस थाप्दै गरेको अवस्थामा मारिएको माओवादी' भन्ने झूठो प्रचार गरेको थियो ।

बाबु गंगाराम राना र आमा छिदुदेवी रानाका छोरा होरीलालले जनकल्याण प्राथमिक विद्यालय-जुगेडा-कैलालीबाट प्राथमिक तहसम्मको शिक्षा प्राप्त गरेका थिए । सहिद रानाथारुकी २३ वर्षीया पत्नी सरोजवती, ७५ वर्षीय हजुरबुबा पारेलालसहित १७ जनाको ठूलो आश्रित परिवार रहेको छ ।

**दशनलाल यादव** : सप्तरीको मलेकपुर गाविसका पूर्वउपाध्यक्ष यादव ०६२ चैत २३ गते साँझ मसाल जुलुस प्रदर्शनका क्रममा राजविराजमा प्रहरीको दमनमा परेका थिए । नेकपा (एमाले) ९ नं. इलाका कमिटीका सदस्य रहेका ५० वर्षीय यादवको सगरमाथा अञ्चल अस्पतालमा उपचार गराउने क्रममा मृत्यु भएको थियो । चालू जनआन्दोलनमा शहादत प्राप्त गर्ने उनी मधेसी समुदायका पहिलो व्यक्ति हुन् ।

**भीमसेन दाहाल** : काभ्रे पलाञ्चोकको उग्रचण्डी नाला गाविसका स्थायी बासिन्दा भीमसेन दाहालमाथि पोखरामा सेनाले गोली हानेको थियो । एकदशकदेखि त्यहाँ साइबर व्यवसाय गरी बसेका ३४ वर्षीय दाहालका दुई श्रीमती र तीन नाबालक छोराछोरीहरू रहेका छन् । सरकारले उनको शव पोखरामै रहेकी श्रीमतीलाई नबुझाई काभ्रेको बनेपामा ल्याई सुरक्षाघेराबीच

परिवारका सदस्यहरूलाई बुझाएको थियो । जनआन्दोलनका क्रममा गिरफ्तार उनका दाजुलाई वागमती अञ्चल प्रशासक कार्यालयमा लगी आतङ्ककारीको अभियोगमा केरकार गरी अपमानसमेत गरिएको थियो । एमालेका कार्यकर्ता दाहालको चैत २६ गते भएको नृशंस हत्याले काभ्रे र पोखरामा जनआक्रोश अझ बढाएको थियो ।

**तुलसी क्षत्री** : आमहडतालको तेस्रो दिन चैत २६ गते चितवनको भरतपुरमा घरमै बसिरहेकी गृहिणी तुलसी क्षत्रीलाई गोली लागेको थियो । सिपाहीले चलाएको गोली लागेर अन्य दुई जना पनि घाइते भएकोमा तुलसीको चैत २७ गते मृत्यु भएको हो । उनका पति अरबबाट फर्केपछि ६ दिनपश्चात् उनको दाहसंस्कार भएको थियो । उनका एक नाबालक छोरा छन् ।

**शिवहरि कुँवर** : पोखरामा मारिएका भीमसेन दाहालको अन्त्येष्टिका क्रममा बनेपामा भएको प्रदर्शनमा चैत २७ गते सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा कुँवरको मृत्यु भएको थियो । उनी वाल्टिङ- ७ का स्थायी बासिन्दा हुन् । २२ वर्षीय शिवहरि कुँवर पशुपति क्याम्पस चाबहिलमा पढ्दा अखिलको विद्यार्थीका रूपमा राजनीतिमा सक्रिय थिए ।

**विष्णु पाण्डे** : स्वाठी-५, भूमही रामनगरका बासिन्दा विष्णुप्रसाद पाण्डेको सेनाले चलाएको गोली लागी मृत्यु भएको थियो । चैत ३० गते नवलपरासीमा उर्लेको जनप्रदर्शनका क्रममा ३२ वर्षीय पाण्डेको दायाँ कोखा र टाउकोमा गोली लागेको थियो । उनी एमालेका सङ्गठित सदस्य हुन् ।

**हीरालाल गौतम** : ०६२ वैशाख ४ गते बाराको निजगढमा युनिफाइड कमान्डका सुरक्षाकर्मीहरूले चलाएको गोलीबाट २५ वर्षीय गौतमको दुःखद निधन भएको थियो । कृषि विकास बैंकको छतबाट त्यस दिन सुरक्षाकर्मीले गोली चलाउँदा गौतमको कम्मरमा लागेको थियो । एमालेका कार्यकर्ता हीरालालका श्रीमती र चार वर्षमुनिका तीन छोरीहरू सहाराविहीन भएका छन् ।

**सेतु विक** : नेपालगन्ज ज्ञानेन्द्र चोकमा प्रहरीले हानेको अश्रुग्यासको सेल लागी ढलेकी सेतु विकलाई उपचारका निम्ति लखनउ लैजाने क्रममा भारतको नानपारामा मृत्यु भएको थियो । वागेश्वरी गाविस बाँकेकी २५ वर्षीया सेतुको शवयात्रामा करिब एक लाख जनसमुदाय सहभागी भए । एमालेकी समर्थक उनले तीन नाबालकसहित मजदुरी गर्दै जीविका चलाउँदै आएकी थिइन् । वैशाख ५ गते त्यहाँस्थित ज्ञानेन्द्र चोक भत्काउने क्रममा उनको मृत्यु भएको हो ।

**राजन गिरी** : वैशाख ६ गते झापाको चन्द्रगढीमा सेनाले चलाएको गोली लागी राजन गिरीको मृत्यु भयो । अर्जुनधारा-६, लक्ष्मीपुरका बासिन्दा गिरी १२ कक्षाका विद्यार्थी हुन् । उनी नेपाल विद्यार्थी सङ्घका कार्यकर्ता थिए ।

**सुरज विश्वास** : सेनाकै गोली लागेर वैशाख ६ गते अर्का अन्दोलनकारी सुरज विश्वासको चन्द्रगढी गोलीकाण्डमा ज्यान गयो । भद्रपुर-९ का बासिन्दा २६ वर्षीय विश्वास नेपाली काङ्ग्रेसका समर्थक हुन् । उनी सानैदेखि सङ्घर्षशील स्वभावका थिए ।

**दीपक कामी** : वैशाख ७ गते काठमाडौंको कलङ्कीमा भएको गोलीकाण्डमा मारिएका दीपक जनमोर्चा नेपालका कार्यकर्ता हुन् । खोटाङ नेचाका स्थायी बासिन्दा उनी नेपाल राष्ट्रिय दलित मुक्ति सङ्गठनका सक्रिय कार्यकर्ता थिए । थानकोटस्थित डेरीमा मजदुरी गरिरहेका २१ वर्षीय दीपकको मृत्यु सशस्त्र प्रहरीले चलाएको गोलीबाट भएको हो ।

**वासुदेव घिमिरे** : आमभञ्ज्याङ-३, मकवानपुरका बासिन्दा घिमिरेको काठमाडौं कलङ्कीमा फर्निचर उद्योग थियो । उनको वैशाख ७ गते हत्या गरेपश्चात् प्रहरीले शवसमेत परिवारका सदस्यलाई नबुझाई जबर्जस्ती आफैंले अन्त्येष्टि गरेको थियो । अत्यधिक कुटपिटका क्रममा मृत्यु भएपछि उनको शवमा गोली हानिएको रहस्य खुल्ने डरले गृहमन्त्री कमल थापाको विशेष निर्देशनमा उनको शवसमेत सार्वजनिक नबुझाइएको बताइन्छ । घिमिरे नेपाल तरुण दलका कार्यकर्ता थिए । तर, प्रहरीले उनका आफन्तलाई आतङ्ककारीको समर्थक रहेको मुचुल्कामा हस्ताक्षर गराउन निकै जोडबल गरेको थियो ।

**सगुन ताम्राकार** : यसपालिको जनआन्दोलनमा सगुन ताम्राकार सबैभन्दा कम उमेरको सहिद बन्न पुगे । पनौती-७, काभ्रेका स्याथी बासिन्दा उनी १८ वर्षका थिए । आमा जया जोशीसँग धादिङको नौबीसेमा बस्दै आएका सगुनले त्यहीँको महेन्द्र माध्यमिक विद्यालयबाट आठ कक्षा उत्तीर्ण गरेका थिए । उनको हत्या वैशाख ७ गते कलङ्कीमा नै भएको हो ।

**यामलाल लामिछाने** : वैशाख ७ गते बर्दियाको गुलरियामा घाइते भएका ५५ वर्षीय यामलालको उपचारका क्रममा भारतको लखनउमा भोलिपल्ट मृत्यु भएको हो । एमालेका सक्रिय कार्यकर्ता लामिछाने अखिल नेपाल किसान सङ्घ गुलरिया नगर कमिटीका सदस्य थिए । उनका चार छोरा र तीन छोरी छन् । गुल्मीको बामिटक्सारमा जन्मेका यामलाल बर्दियाकै पण्डितपुरका स्थायी बासिन्दा थिए ।

**गोविन्दनाथ शर्मा** : पर्वतको कुश्मामा वैशाख ८ गते गोली लागी घाइते भएका शर्माको उपचारका क्रममा १२ गते मृत्यु भयो । उनी स्थानीय स्थापित उद्यमी थिए । नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय सदस्य रहिसकेका शर्मा धवलागिरि अञ्चलमै यो आन्दोलनका क्रममा शहादत प्राप्त पहिलो आन्दोलनकारी हुन् । ५३ वर्षीय शर्माका पाँच छोरी, एक छोरा र दुई श्रीमती छन् ।

**प्रद्युम्न खड्का** : वैशाख ७ गते काठमाडौंको कलङ्कीमा एसएसपी दुर्जकुमार राईले चलाएको गोली लागी घाइते भएका प्रद्युम्न खड्काको उपचारका क्रममा मृत्यु भयो । वैशाख १३ गते शनिबार भारतको नयाँदिल्लीस्थित एम्स अस्पतालमा उपचारका लागि लगिएका उनी नेपाली काङ्ग्रेसका क्रियाशील सदस्य हुन् । आन्द्रा र दिसानली काम नलाग्ने भएको खड्काको मिर्गौलासहित सात ठाउँमा गोली लागेको थियो । ३२ वर्षीय खड्काका बाबु, आमा, श्रीमती तथा ११ र सात वर्षका दुई छोरा छन् । उनी परिवारमा एक्लो छोरा थिए ।

**मोहम्मद जहाँगिर खान** : वैशाख ९ गते त्रिपुरेश्वरमा भएको प्रदर्शनमा घाइते मोहम्मद जहाँगिर खानको उपचार गर्दागर्दै वैशाख १८ गते सोमबार बिहान ५:४५ बजे निधन भएको हो । नयाँबानेश्वरमा सिलाइ व्यवसाय गर्दै आएका खान भारतको विहार राज्यको सीतामडी-बैरगनियाका स्थायी बासिन्दा हुन् । उनको टाउकोमा गम्भीर चोट लागेको थियो । उनी नेपाली जनआन्दोलन-०६२/६३ मा शहादत प्राप्त गर्ने पहिलो विदेशी नागरिक हुन् ।

**अनिलकुमार लामा** : काठमाडौं-६ खाइबाटोल बौद्धमा बस्दै आएका लामा नेकपा (एमाले) का सक्रिय कार्यकर्ता हुन् । बौद्ध-चुच्चेपाटीमा अश्रुग्यासको मुस्लोमा परी घाइते लामाको वैशाख २३ गते दिउँसो पौने एक बजे निधन भएको थियो । वैशाख ४ गते अश्रुग्यासले मुटु र फोक्सोमा असर पुगेकाले उनलाई वैशाख १३ गते नेपाल मेडिकल कलेज जोरपाटीमा भर्ना गरिएको थियो । आर्थिक अवस्था नाजुक रहेका लामाले थान्का चित्र बनाई बौद्ध, ठमेल र स्वयम्भूमा बिक्री गरी जीविका चलाउँदै आएका थिए । उनको परिवारमा श्रीमती, चार छोराछोरी र ८३ वर्षीया आमा छन् ।

**चन्द्र बयलकोटी (सार्की)** : विदुर नगरपालिका-७ नुवाकोटका स्थायी बासिन्दा चन्द्रबहादुर बयलकोटीले ०६३ वैशाख २३ गते राती १२ बजे शहादत प्राप्त गरे । संयुक्त जनआन्दोलनका क्रममा वैशाख ९ गते भोटाहिटीमा अश्रुग्यास लागी उनी गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि नेपाल मेडिकेयर अस्पतालमा भर्ना गरिएको थियो । नेकपा (एमाले) का सक्रिय कार्यकर्ता उनी नेपाल उत्पीडित जातीय मुक्ति समाज काठमाडौंका सदस्य हुन् । बयलकोटीका श्रीमती, दुई छोरी र एक छोरा छन् । काठमाडौंको गल्कोपाखामा बसोवास गर्दै उनले छालाजुत्ता मर्मतको काम गरेर जीविका चलाइरहेका थिए ।

■ **सूर्य थापा**

# संविधानसभाको स्वरूप, प्रक्रिया र मुद्दाहरू

## रवीन्द्र अधिकारी

ऐतिहासिक जनआन्दोलन ०६२/०६३ को माध्यमबाट पुरानो निरङ्कुश शासन अन्त्य भई नयाँ लोकतान्त्रिक शासनको सुरुवात भएपछि मुलुक संविधानसभामा प्रवेश गरेको छ । विगत १० वर्षदेखि जारी सशस्त्र विद्रोहको शान्तिपूर्ण रूपान्तरण गरी जनतालाई पूर्ण सार्वभौमसत्ता सम्पन्न बनाई समावेशी लोकतन्त्र स्थापना गर्नका लागि संविधानसभा जनआन्दोलनको जनादेश हो । यतिबेला निरङ्कुश राजतन्त्र परास्त भएको छ तर संविधानसभामार्फत वास्तविक लोकतन्त्र स्थापित हुन बाँकी छ । जनआन्दोलनले प्रतिनिधिसभालाई पुनःस्थापित गरेपछि प्रतिनिधिसभादेखि संविधानसभासम्मको यात्राका यावत् विषयहरूमा देशभर चलिरहेका छलफलहरूलाई जनआन्दोलनको भावनाअनुसार तात्विक निष्कर्षमा पुऱ्याई जनताले प्रत्यक्ष निर्वाचनद्वारा पूर्ण समावेशी लोकतान्त्रिक शासन व्यवस्थालाई वैधता दिनु अबको प्रमुख काम हो ।

**के हो संविधानसभा ?**

संविधानसभा नयाँ संविधानको मस्यौदा गर्ने थलो हो । जब-जब राजनीतिक, सामाजिक वा आर्थिक परिस्थितिले नयाँ संविधानको माग गर्दछ, तब संविधानसभाको आवश्यकता पर्दछ । संविधानसभाको औचित्य नयाँ संविधानको आवश्यकतासँग हुन्छ ।

❖ 'संविधान बनाउन निर्वाचित प्रतिनिधिहरूको सभा संविधानसभा हो ।'

- *बृहत् नेपाली शब्दकोश*

❖ 'मुलुकको मूल कानुन अथवा संविधान बनाउनका लागि गठित जनताका निश्चित प्रतिनिधिहरूको सभा नै संविधानसभा हो ।'

- नरहरि आचार्य, *संविधानसभा : जनताको स्वामित्व र अपनत्व*

लोकतन्त्रमा जनता आफैले आफ्नो संविधान बनाउने संस्थागत माध्यम नै संविधानसभाको मूल मर्म हो । सामान्य रूपमा भन्ने हो भने संविधान बनाउने मूल उद्देश्यले बनेको संसद् अर्थात् सार्वभौमसत्ता सम्पन्न जनताले बालिग मताधिकारको आधारमा छानेको प्रतिनिधिहरूको समूह नै संविधानसभा हो । भारत, दक्षिण अफ्रिकालगायतका कतिपय देशमा संविधानसभा संसद् पनि बनेका छन् । वास्तवमा संविधानसभा संविधान बनाउने प्रक्रिया मात्र नभएर संविधानमा जनताको सर्वोच्चता र स्वामित्व स्थापित गर्ने लोकतान्त्रिक सिद्धान्त पनि हो ।

कुनै पनि शासन व्यवस्थाको नयाँ सुरुवात गर्दा नयाँ संविधान चाहिन्छ । कस्तो अवस्थामा नयाँ सुरुवातको आवश्यकता महसुस हुन्छ भन्ने सम्बन्धमा धेरै अन्तर्राष्ट्रिय अनुभव छन् । भइरहेको वा शासन गरिरहेको संविधानअन्तर्गतको सरकार वा यस प्रणालीलाई जनताद्वारा अमान्य गरिनु वा त्यसलाई मान्यता नदिनु । उदाहरणका लागि सन् १९१८ मा चकेस्लोभाकिया, हङ्गेरी, अस्ट्रेलियाका जनताले तत्काल शासन गरिआएको सरकारलाई मान्यता नदिई मुक्त हुन र आफूद्वारा बनाइएको संविधानद्वारा शासित हुने इच्छा व्यक्त गर्नु । सन् १८८९ मा फ्रान्स तथा १९१७ मा सोभियत सङ्घमा क्रान्तिद्वारा शासन गरिआएको सरकारलाई मिल्काउनु र नयाँ व्यवस्थाअन्तर्गतको सरकार गठन गर्ने इच्छा देखाउनु । अङ्ग्रेज साम्राज्यलाई धपाएर स्वतन्त्र लोकतान्त्रिक भारत बनाउन भारतमा संविधानसभा भयो । दक्षिण अफ्रिकाको अनुभव अलि फरक छ । लामो समयसम्म सरकार (गोरा) र कालालगायत अन्य शक्तिहरूबीचको आपसी द्वन्द्वपछि १९९१ तिर दुईपक्षीय वार्ता सुरु भयो र पछाडि अफ्रिकी

कङ्ग्रेसका नेता नेल्सन मन्डेला र गोरा राष्ट्रपति पिटर बोथाबीच भएको सम्झौताले संविधानसभाबाट संविधान निर्माण गर्ने निर्णय गर्‍यो । चाहे सम्झौता गरेर होस्, चाहे पुरानो शासन व्यवस्था पूर्ण समाप्त पारेर होस्, संविधानसभाको निर्वाचन नयाँ व्यवस्थाकै लागि हुन्छ । एउटा व्यवस्थाअन्तर्गत रहेर त्यही व्यवस्थाअन्तर्गत अर्को संविधानसभा गठन हुन सक्दैन र एउटा संविधानले त्यही संविधानबमोजिम अर्को संविधानसभाको परिकल्पना गर्दैन । संविधानसभा नयाँ स्थापित शक्तिले आफ्नो इच्छालाई वैध रूप दिने एउटा तरिका पनि हो ।

अभूतपूर्व जनक्रान्तिपछि नेपालमा पुरानो निरङ्कुश शासन समाप्त भएको तर राजा रहिरहेको अवस्थामा नयाँ शासन व्यवस्थाको स्वरूप कस्तो हुने भन्ने सम्पूर्ण निर्णय जनताद्वारा गर्नका लागि संविधानसभाको निर्वाचनको सङ्कल्प गरिएको छ । यो संविधानसभाले राजादेखि लिएर सम्पूर्ण विषयमा फैसला गर्नेछ ।

**संविधानसभाको प्रक्रिया**

संसद्को पुनःस्थापनापछि संविधानसभाको निर्वाचनमा जाने भन्ने विषय सात राजनीतिक दलको मार्गचित्र भए पनि संविधानसभासम्म पुग्ने प्रक्रियामा अनेकन जटिलताहरू छन् । संसद्का दलहरू संसदीय गोलचक्करमा नै फस्ने भएकाले संविधानसभासम्मको प्रक्रिया चुस्त र प्रभावकारी हुन सक्दैन भन्ने मान्यताले नै माओवादी प्रतिनिधिसभादेखि संविधानसभासम्मको प्रक्रियामा असन्तुष्ट देखिएको छ । तथापि, सात दलको प्रतिबद्धतालाई पर्खेर हेरिरहेको छ । ००७ सालमा राजा त्रिभुवनले संविधानसभाको निर्वाचन मात्र घोषणा गरेका थिएनन्, प्रतिनिधिहरूको सभाले गणतान्त्रिक संविधान बनाउने कुरा पनि व्यक्त गरेका थिए तर दुर्भाग्य ००७ सालमा घोषणा भएको संविधानसभा ०१४ सालमा आइपुग्दा नपुग्दै तत्कालीन प्रधानमन्त्री टङ्कप्रसादले संविधानसभाको निर्वाचन गर्नु नपर्ने मात्र भनेनन्, बीपी कोइरालाले राजाको घोषणाअनुसारको संविधानसभा निर्वाचन गर्नुपर्दछ भनी प्रधानमन्त्री टङ्कप्रसादलाई विपक्षी बनाई हालेको मुद्दालाई सर्वोच्चले सकारात्मक फैसला दिएन । संविधानसभाको निर्वाचनअगाडिको तत्कालीन शासन कसले गर्ने र कुन विधानअनुसार गर्ने भन्ने प्रश्न सबैभन्दा महत्त्वपूर्ण भएकाले सर्वप्रथम यो सङ्क्रमणकालमा सम्पूर्ण शासनसत्ता जनताको हातमा ल्याउनु पर्दछ । त्यसका लागि संसद्को सर्वोच्चतालाई स्थापित गरी संविधानसभासम्म पुग्ने प्रक्रिया तथा राज्यको सेना, अदालत, संवैधानिक निकायलगायत सम्पूर्ण राज्यसंरचना सञ्चालन गर्ने अन्तरिम विधान बनाउनु आवश्यक छ । राज्यको सम्पूर्ण शक्ति जनादेश प्राप्त सरकारको हातमा नआई संविधानसभासम्मको यात्रा निश्चित गर्न कठिन हुनेछ । सात दलले लिएको संविधानसभासम्म पुग्ने मार्गचित्र कस्तो हुने ? अझै स्पष्ट देखिएको छैन । यहाँ थुप्रै जटिलताहरू छन् किनभने यो औपचारिकताको विषय मात्र होइन, सङ्क्रमणकालबाटै जनताको हातमा शक्ति हस्तान्तरण गर्ने सारभूत प्रश्न हो ।

प्रतिनिधिसभा पुनःस्थापित भएको अवस्थामा अबउप्रान्त राजनीतिक निर्णय लिने जनआन्दोलनको जनादेश प्राप्त वैधानिक थलो यो प्रतिनिधिसभा नै हुने भएबाट अब राजाबाट संवैधानिक शक्तिको प्रयोग जनताका प्रतिनिधिमा सरेको छ । जुन सबैभन्दा अहम् विषय हो । संविधानसभासम्म पुग्ने प्रक्रियामा सात दल मात्र छैनन्, माओवादीलाई यस प्रक्रियामा सक्रिय सहभागी नगराई दल-माओवादीको १२ बुँदे समझदारी कार्यान्वयन गराउन सकिँदैन । माओवादीबिना अगाडि बढाइने प्रक्रियाले माओवादीलाई अलग बनाइदिन सक्दछ, जसले गर्दा माओवादीसमेतको सहमतिमा र सहभागितामा संविधानसभा नहुन सक्दछ, जुन मुलुकले खोजेको समाधान होइन । एकातर्फ राजाबाट जनतामा सत्ता हस्तान्तरणको सवाल छ भने अर्कोतर्फ सत्ता हस्तान्तरणमा माओवादीको सहभागिताको प्रश्न सँगै जोडिएको छ । यी दुवै विषयलाई एकसाथ लैजान सक्नुपर्दछ । जुन काम सोचेजस्तो सजिलो छैन तर असम्भव भने हुँदै होइन । त्यसकारण दुवैतर्फ युद्धविराम भइसकेको अवस्थामा प्रभावशाली युद्धविराम आचारसंहिता निर्माण गर्नुपर्दछ । पुरानो संविधानमा संशोधनको माध्यमबाट संविधानसभासम्म जाँदा यो न्यायिक पुनरावलोकनको विषय बन्ने र अदालतले अवैधानिक घोष्णा गर्न सक्ने मात्र होइन, यो संविधानअन्तर्गत माओवादीहरू शान्ति प्रक्रियामा आउन सम्भव पनि छैन । त्यसकारण या त यो संविधानलाई पूर्ण संशोधन गरी यसैलाई अन्तरिम विधान मान्नु पर्दछ, होइन भने यो प्रतिनिधिसभाबाटै अन्तरिम विधान जारी गर्नुपर्दछ । अनावश्यक संवैधानिक संरचनाहरू, प्रावधानहरू र पदावलीहरू तत्काल खारेज गर्दै सेनालाई लोकतान्त्रीकरण र राजाका सम्पूर्ण अधिकार कटौती गरेर जनआन्दोलनका उपलब्धिहरू तत्काल संस्थागत गर्न अन्तरिम विधान पहिलो सर्त हो ।

१२ बुँदे सहमतिमा शाही र माओवादी सेनालाई अन्तर्राष्ट्रिय निगरानीमा राख्ने सहमति भइसकेको छ, यो जटिल सवाल हो । तर, जतिसुकै जटिल भए पनि समाधान नगरी नहुने विषय हो । त्यसकारण सकेसम्म अन्तरिम सरकार बन्ने सँगसँगै यो प्रश्नको निरूपण गर्न सकियो भने संविधानसभासम्मको प्रक्रियामा बेरोकटोक जान सकिन्छ ।

अन्तरिम विधान बनेपछि अन्तरिम सरकारले सहमतिमा संविधानसभाको निर्वाचन तोक्नेछ र संविधानसभाका लागि प्रतिनिधित्व प्रणाली संविधानसभाका आधारभूत संरचनाजस्ता कुरा पनि तय गर्नेछ । यहाँनेर दक्षिण अफ्रिकाको उदाहरण हाम्रालागि अनुकरणीय हुन सक्दछ । दक्षिण अफ्रिकामा संविधानसभामा जाने सम्झौता भयो । सम्झौतामा अन्तरिम संविधान निर्माण गर्ने र त्यसअनुसार समानुपातिक निर्वाचन प्रणालीबाट संसद् निर्वाचित गर्ने सर्त पनि समावेश थियो । संसद्को निर्वाचनपछि संसद्ले राष्ट्रपतिको निर्वाचन गर्ने र समापन भएपछि त्यो संसद् संविधानसभामा परिणत हुने व्यवस्था अन्तरिम विधानले गरेको थियो । त्यतिबेला संसद् निर्वाचनपछि नेल्सन मन्डेलालाई राष्ट्रपतिमा निर्वाचन गर्ने कार्य त्यस संसद्ले गर्‍यो र त्यही दिन राष्ट्रपतिको घोषणाद्वारा संसद् संविधानसभामा परिणत भयो । जब संविधान पारित गर्ने कार्य समाप्त भई राष्ट्रपतिबाट नयाँ संविधान जारी भएको घोषणा भयो, त्यसपछि संविधानसभा पुनः बाँकी अवधिका लागि संसद्मा परिणत भयो ।

संविधानसभाको निर्वाचन प्रक्रिया सदस्य सङ्ख्या, संविधानसभा बनेपछिको कार्यकारी निकायको व्यवस्थालगायत राज्य एकात्मक हुने कि सङ्घात्मक, शासन प्रणाली अध्यक्षात्मक हुने कि समानुपातिक, निर्वाचन प्रणाली कस्तो हुने जस्ता विषयहरूमा पनि संविधानसभा अगाडि नै सैद्धान्तिक सहमति बनाउन सकिन्छ, त्यसो भयो भने दक्षिण अफ्रिकाजस्तै

संविधानसाभालाई संसद्को रूपमा पनि प्रयोग गर्न सकिन्छ । संविधानसभामा समावेश हुने विषयहरू जस्तो राजाको हैसियत राज्यको स्वरूप, सदन सङ्ख्या, प्रधानमन्त्रीको निर्वाचनजस्ता यावत् विषयहरूमा विवाद हुँदा ती विषयको छिनोफानो कसरी गर्ने भन्ने कुरा संविधानसभाको कार्यविधिले तय गर्नेछ । संविधानसभामा सहमति नभएका राष्ट्रिय सरोकारका कतिपय विषयहरूको निर्णय जनमतसङ्ग्रहबाट गर्नुपर्ने हुन सक्दछ । संसारमा त्यस्ता अभ्यासहरू भएका छन् ।

**संविधानसभाको स्वरूप (संरचना)**

सन् २००१ को राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २,२७,३६,९३४ र जातजाति, जनजाति र धार्मिक समुदाय गरी १०३ समूह छन् । तिनीहरू सानोमा १६४ देखि ठूलोमा ३५ लाखभन्दा बढी जनसङ्ख्या भएका जातिहरू पनि छन् । सङ्ख्यात्मक हिसाबले पाँच प्रतिशतभन्दा बढी जनसङ्ख्या भएका जातजातिमा क्षेत्री (१५.८ प्रतिशत) र बाहुन (१२.७ प्रतिशत) जनजातिहरूमध्ये मगर (७.१४ प्रतिशत), थारु (६.७५ प्रतिशत), तामाङ (५.६ प्रतिशत) र नेवार (५.४८ प्रतिशत) सहित केवल छवटा समुदाय मात्र छन् । एक प्रतिशतदेखि पाँच प्रतिशत जनसङ्ख्या हुने जनजातिमा राई (२.७९ प्रतिशत), गुरुङ (२.३९ प्रतिशत), लिम्बू (१.५८ प्रतिशत) र जातजातिमा ठकुरी (१.४७ प्रतिशत), कामी (३.९४ प्रतिशत), दमाई (१.७२ प्रतिशत), सार्की (१.४० प्रतिशत), चमार (१.१९ प्रतिशत), यादव (३.९४ प्रतिशत), तेली (१.३४ प्रतिशत), कोइरी (१.११ प्रतिशत) र मुस्लिम (४.२७ प्रतिशत) छन् । बाँकी अरू सबै एक प्रतिशतभन्दा कम जनसङ्ख्या छन् ।

यति धेरै जाति र जनजाति भएको मुलुकमा एउटै मात्र जाति रहेको देशमा उपयुक्त हुने वेस्टमिनिस्टर मोडेलबाट गरिने प्रतिनिधित्व असमान र असमावेशी भएको स्पष्ट छ । ०४६ सालको जनआन्दोलनबाट निर्मित ०४७ को नेपाल अधिराज्यको संविधानपछि वि.सं. ०४८, ०५१ र ०५६ मा भएको निर्वाचनलाई हेर्ने हो भने पनि प्रतिनिधिसभामा प्रतिनिधित्वको तस्बिर देख्न सकिन्छ ।

- ❖ संसद्मा पुगेको प्रतिनिधित्व र जनसङ्ख्याबीच मेल छैन । समानुपातिक प्रतिनिधित्व छैन ।
- ❖ ठूलो जनसङ्ख्या भएका जनजातिको प्रतिनिधित्व भए पनि कम सङ्ख्यामा रहेका जनजातिहरूको प्रतिनिधित्व छैन ।
- ❖ संविधानले महिलाहरूलाई पाँच प्रतिशत भने पनि जनसङ्ख्याको अनुपातमा प्रतिनिधित्व अत्यन्त कमजोर छ ।
- ❖ खासमा उत्पीडित जातिको प्रतिनिधित्व नै छैन ।
- ❖ संसद्मा पहाडे बाहुन, क्षेत्री, ठकुरीहरूको पकड छ । यसको जनसङ्ख्याको करिब दोब्बर प्रतिनिधित्व रहेको छ ।

संसद्मा प्रतिनिधित्व गर्ने समानुपातिक प्रणाली भएको भए जाति र जनजातिको प्रतिनिधित्वको अवस्था फरक पर्ने थियो । जाति जनजातिको जनसङ्ख्याको हिसाबको प्रतिनिधित्व वा पार्टीहरूले प्राप्त गरेको मतका आधारमा सबै जाति, जनजाति र क्षेत्र, लिङ्गको प्रतिनिधित्व भएको भए कस्तो हुन्थ्यो ? तुलनात्मक स्थितिको अध्ययन गरौं ।

माथिको तालिकाले ०४७ पछिको संसद्को वास्तविक प्रतिनिधित्वको अवस्थालाई स्पष्ट पार्दछन्, त्यसकारण संविधानसभाको स्वरूपलाई सबैको समानुपातिक प्रतिनिधित्व हुनसक्ने गरी बदल्नु पर्दछ अन्यथा समस्या समाधान हुन सक्दैन ।

नेपालजस्तो बहुभाषा, बहुधर्म, विभिन्न जातजाति, जनजाति, पिछडिएका जाति र क्षेत्रलाई समावेश गरिएको (अर्थात् उनीहरूको उचित प्रतिनिधित्व गरिएको) संविधानसभाको स्वरूप बन्नुपर्दछ । भारत, क्यानडा, दक्षिण अफ्रिका, अस्ट्रेलिया, स्वीजरल्यान्ड, केन्यालगायतका देशहरूको संविधानसभाको बनोटको अध्ययन गर्दा संविधानसभाको स्वरूप निर्धारण गर्न सजिलो हुनेछ । पूरै समानुपातिक गर्दा पनि पार्टीहरूको नोकरशाहीतन्त्र हावी हुने र पूरै प्रतिस्पर्धात्मक (धेरै मत ल्याउनेले जित्ने) प्रणालीबाट प्रतिनिधित्व गराउँदा पनि सबैको प्रतिनिधित्व हुन नसक्ने भएकाले कुल संविधानसभाको ५० प्रतिशत जनसङ्ख्याका आधारमा प्रतिस्पर्धाबाट बढी मत लिएर आउने र ५० प्रतिशत जनसङ्ख्याका आधारमा सबै जाति, भाषा, जनजाति, उत्पीडित, लिङ्गको जनसङ्ख्याको अनुपातले प्रतिनिधित्व गराउने वा कुन जाति र जनजातिले कति जनसङ्ख्या ओगट्छन्, त्यसका आधारमा राष्ट्रिय चुनाव क्षेत्र बनाएर प्रतिनिधित्व गराउने । अत्यन्त निम्न जनसङ्ख्या भएकोलाई आरक्षण वा एक/एक प्रतिनिधिको व्यवस्था गर्ने । संविधानसभाको संरचनामा विभिन्न पेसा, व्यवसाय, नागरिक समाजको प्रतिनिधित्वको पनि व्यवस्था गर्न सकिन्छ । हाम्रो मुलुकको परिस्थितिलाई हेर्दा यस्तो मिश्रित प्रणाली उपयुक्त देखिन्छ (यदि पार्टीले प्राप्त गरेको मतका आधारमा समानुपातिक गर्ने हो भने) । पार्टीले समानुपातिक प्रतिनिधित्वको सूची पेस गर्दा जाति, जनजाति सबैलाई जनसङ्ख्याको हिस्साअनुसारको क्रमागत प्रतिनिधित्व पेस गर्नुपर्ने व्यवस्था गर्नुपर्छ भने कम्तीमा ३३ प्रतिशत महिलाहरूलाई हर क्षेत्रमा उभ्याउनु पर्दछ । ०४७ सालको संविधानले नेपालको बहुजातीय, बहुभाषिक बनोटलाई विधिवत स्वीकार गरे पनि तिनलाई राजनीतिक संरचनाभित्र समेटेर अधिकार सम्पन्न बनाउने काम भएन, अब संविधानसभाको स्वरूपले उपरोक्त विषयलाई आत्मसात गर्न सक्नुपर्दछ । संविधानसभाको स्वरूप नै समावेशी भएन भने त्यसले राज्यको पुनःसंरचना गरी समावेशी लोकतन्त्र स्थापित गर्न सक्दैन ।

**संविधानसभाका मुद्दाहरू**

दोस्रो जनआन्दोलन ०६२/०६३ को स्पष्ट जनआदेश भनेको संविधानसभाको माध्यमबाट नेपाली जनतालाई पूर्ण सार्वभौमसत्ता सम्पन्न बनाउने हो । त्यसका लागि संविधानसभाको माध्यमबाट सामन्ती राजतन्त्रलाई समाप्त पारी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु हो । दुई सय ४० वर्षदेखिको सामन्ती एकात्मक राज्य संरचनालाई पूर्णरूपमा समाप्त पारेर समानताका आधारमा समावेशी राज्य संरचना स्थापित गर्नु हो । सँगसँगै विगत १० वर्षदेखिको सशस्त्र विद्रोहलाई सम्बोधन गरेर जनताले आफ्नो फैसला आफैं गर्ने थलोमा ल्याउनु हो । स्वाधीनता, शान्ति, लोकतन्त्र र समृद्धि यसका मुद्दाहरू हुन् ।

१) अब जनता पूर्णतः प्रभुसत्तासम्पन्न हुनुपर्छ । सेना जनप्रतिनिधिको मातहतमा रहने गरी जनताको सर्वोच्चता कायम गरिनु पर्दछ । अदालत संवैधानिक निकायलगायत राज्य संरचनाका सम्पूर्ण अङ्गहरूमा लोकतान्त्रीकरण गर्नुपर्दछ ।

२)अबको राज्य संरचना सामेलीपूर्ण हुनुपर्दछ । देशको बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक र बहुधार्मिक यथार्थ समेट्ने चरित्रको हुनुपर्दछ । विभिन्न धर्म, भाषाभाषी र जातजातिका आधारमा गरिने भेदभावपूर्ण व्यवहार तथा विशेषाधिकारहरूको अन्त्य गर्नुपर्दछ । राज्य धर्मनिरपेक्ष हुनुपर्छ ।

३)अबको राज्य संरचना विकेन्द्रीकृत हुनुपर्दछ । केन्द्र प्रदेश, जिल्ला र स्थानीय निकायबीच राज्य शक्तिको बाँडफाँट हुनुपर्दछ । प्रदेश, जिल्ला र नगर, गाउँ तहमा अधिकतम स्वायत्तता र स्वशासनको हक हुनुपर्दछ ।

४) पुरानो सामन्ती, आर्थिक संरचना भत्काएर दलाल व्यापारिक पुँजीको प्रभुत्वबाट मुक्त राष्ट्रिय पुँजी र प्रविधिले विकसित नयाँ लोककल्याणकारी समानतामा आधारित आत्मनिर्भर आर्थिक संरचना निर्माण गर्नुपर्दछ ।

५)क्रान्तिकारी भूमिसुधार गरी वास्तविक भूमिपुत्रहरूलाई जमिन वितरण गर्नुपर्छ ।

६)अबको राज्य संरचनामा शिक्षा, स्वास्थ्य, सामाजिक, राजनीतिक सबै क्षेत्रमा समानताको हक हुनुपर्दछ ।

७)अबको राज्य संरचनामा न्यायालयका न्यायाधीशहरू सम्बन्धित तहको जनप्रतिनिधिसभाबाट अनुमोदित र त्यसप्रति उत्तरदायी हुनुपर्दछ ।

८) अबको राज्य संरचना चुनिएका मान्छेलाई उसले ठीकसँग जिम्मेवारी बहन नगरे कुनै पनि बेला फिर्ता बोलाउने हक निर्वाचकहरूलाई हुनुपर्दछ ।

९)मधेसीहरूको नागरिकताको समस्या र उत्पीडित जाति र क्षेत्रका लागि विशेष व्यवस्था गरिनुपर्दछ ।

१०) अबको राज्य संरचनामा महिलाहरूलाई आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा समानताको हक हुनुपर्दछ ।

संविधानसभामा जनताका मुद्दाहरू धेरै छन् तर मुख्य कुरा मुलुकलाई स्वतन्त्र, स्वाधीन, समृद्ध, समावेशी लोकतान्त्रिक नयाँ नेपाल बनाउने नै हो । आन्दोलन जारी छ । छलछाम, षड्यन्त्र हुन थाल्यो र जनादेशलाई बिर्सने गल्ती भयो भने तेस्रो जनआन्दोलनका लागि तम्तयार हुनुपर्छ ।

**सन्दर्भ सामग्री**

*१) राज्यको पुनःसंरचना एक छलफल - रवीन्द्र अधिकारी*

*२) नेपालको सन्दर्भमा राज्यको पुनसंरचना पुस्तकमा हर्क गुरुङ, नरहरि आचार्य, कृष्ण खनाल, राजेन्द्र श्रेष्ठ, परि थापा, महेन्द्र लावतीका लेखकहरू*

*३) कानुन पत्रिका - भरतराज उप्रेती र चन्द्रकान्त ज्ञवालीका लेख*

*४)कान्तिपुर- कृष्ण पहाडी, दमननाथ ढुङ्गाना, युवराज सङ्ग्रौलाका लेखहरू*

*५) संविधानसभा- नरहरि आचार्य*

*६) मूल्याङ्कन मासिकका अङ्कहरू*

*७) गोविन्द न्यौपाने- नेपालको जातीय प्रश्न ।*

*८)CBRS 2002, Statistical Pocket Book, Nepal*

*९) नेपाल अधिराज्यको संविधान- २०४७*

*- ०६३ वैशाख २७ गते*

## कूल २०५ सदस्य भएको प्रतिनिधिसभामा जाति, जनजाति एवम् महिलाको प्रतिनिधित्व स्थिति

| जनजाति | जनसङ्ख्या | प्रतिशत | ०४८ | ०५१ | ०५६ |
|---|---|---|---|---|---|
| पहाडे माथिल्लो जात | ७०,२३,२२० | ३०.८९ | ११४ (५५.६१%) | १२९ (६२.९३%) | १२२ (५९.५१%) |
| पहाडे जनजाति | ५०,११,६३१ | २२.०४ | ३४ (१६.५९%) | २४ (११.७१%) | २८ (१३.६६%) |
| पहाडे दलित | १६,१६,५९२ | ७.११ | १ (०.४८%) | - | - |
| नेवार | १२,४५,२३२ | ५.४८ | १४ (६.८३%) | १२ (५.८५%) | १४ (६.८३%) |
| भित्री मधेसका जनजाति | २,५१,११७ | १.११ | १ (०.४८%) | - | - |
| तराई जात | ३४,६४,२४९ | १५.२४ | १८ (८.७८%) | २२ (१०.७३%) | २९ (१४.१५%) |
| तराई दलित | ९,०४,९२४ | ३.९९ | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| तराई जनजाति | २८,१४,९२७ | ८.११ | १८ (८.७८%) | १४ (६.८३%) | १० ( ४.८८%) |
| मुसलमान | ९,७१,०५६ | ४.२४ | ५ (२.४३%) | ४ (१.५९%) | २ ( ०.९७%) |
| महिला | १,१३,७७,५५६ | ५०.०४ | ७ (३.४१%) | ७ *३.४१%* | १२ ( ५.८८%) |
| पुरुष | १.१३,५९,३७८ | ४९.९६ | १९८ (९६.६%) | १९२ (९६.६%) | १९३ ( ९४.१५%) |

***स्रोतः केन्द्रीय तथ्याङ्क विभाग २००२ र निर्वाचन आयोग ०४८, ०५१, ०५६***

# शाहवंशीय राजाहरू : चरित्र र नियत

**' सूर्य थापा**

**नु**वाकोटका राजा कुलमण्डन शाहले कास्कीमा आक्रमण गरी त्यहाँका राजा ब्रम्ह घलेको हत्या गरी आधुनिक शाहवंशीय राजतन्त्र अघि बढाएका थिए । यसरी शाहवंशीय राजतन्त्रको जग नै हिंसा र मारकाटबाट बलियो भएको देखिन्छ । कास्कीबाट लमजुङ, लिगलिगकोट, गोरखा, नुवाकोट र कीर्तिपुर हुँदै काठमाडौं र आधुनिक नेपालको राजा हुने क्रममा हालसम्म शाहवंशीय राजाहरूको २२ पुस्ता चलिरहेको पाइन्छ । पृथ्वीनारायण शाहले अघि बढाएको राज्य विस्तारको महत्त्वाकाङ्क्षाले एकीकरण अभियानको रूप लिएपश्चात् नेपालमा शाहवशीय राजतन्त्र दुई सय ३८ वर्षदेखि निरन्तर चलिरहेको छ । यसक्रममा राजा ज्ञानेन्द्र तेह्रौं राजाका क्रममा रहेका छन् । यद्यपि, त्रैलोक्य विक्रम र दीपेन्द्र दुई जनालाई राजा नमान्ने हो भने पृथ्वीनारायण शाहपछिका उनी दसौं राजा हुन् । के राजा बन्नासाथ भनिन्छ भने एक जना जोगीले पृथ्वीनारायण शाहलाई 'यो राज्य तिम्रा दस उत्तराधिकारीसम्म जानेछ' भनेको बताइन्छ । यस हिसाबले राजा ज्ञानेन्द्र शाह वंशका अन्तिम राजा हुन् भन्ने विश्लेषकहरूको कथन रहेको पाइन्छ ।

शाह राजाहरूले देशलाई के योगदान दिए ? यो यतिबेला सबभन्दा महत्त्वपूर्ण प्रश्न बनेको छ । ठूलो भू-भाग र धनी मुलुकको राजा बन्ने पृथ्वीनारायण शाहको धोको नै उनले थालेको राज्यविस्तारको अभियान थियो । पछि त्यही अभियानका क्रममा आधुनिक नेपालको मानचित्र कायम भएको हो । यसरी पृथ्वीनारायण शाहद्वारा नकारात्मक उद्देश्यले थालिएको राज्यविस्तार अन्ततः अलग-अलग राज्यहरूलाई बलपूर्वक नै भए पनि एकताबद्ध गर्दै आजको नेपाल बनेको हो र स्वतन्त्र राष्ट्र नेपालका नागरिकका रूपमा नेपालीको पहिचान बनेको हो । यसको श्रेय तमाम कमजोरीका बाबजुद पृथ्वीनारायण शाहलाई जान्छ । उनले सैनिकीकरणको माध्यमबाट नै एकीकृत नेपाल निर्माणको अभियान थालेर एउटा विन्दुमा पुऱ्याएका थिए । त्यसपछि उनका सन्तान-दरसन्तानहरू भने यो मुलुकलाई आफ्ना पूर्खाको विर्ताका रूपमा शासन गर्न अभिशप्त छन् । राजकुमार बहादुर शाह राजा त भएनन् तर उनले एकीकरण अभियानलाई पूर्णता दिन महत्त्वपूर्ण योगदान दिए । उनीबाहेक त्यसपछिका पृथ्वीनारायणका सन्तति राजाहरूले आफ्नो छुट्टै पौरख र पहिचानका आधारमा चिनिने योगदान गरेको पाइँदैन । उनीहरूको चरित्र र व्यवहार बुझ्न त्यस समयका तिनका काम र रवैया हेर्नु जरुरी छ । यसआधारमा नेपालका शाह राजाहरूको नालीबेली निम्नअनुसार देखिएको छ :

१. **बर्बर-आततायी राजा** : गोरखा राज्यको विस्तार थालेर उपत्यकासम्म विजय हासिल गरेका पृथ्वीनारायण शाह एक बर्बर, निर्दयी र युद्धसरदार चरित्रका राजा थिए । उनलाई कतिपय इतिहासकारहरूले एकीकृत नेपालका निर्माता र दूरदर्शी राजा भनेर प्रशंसा गरेको पाइन्छ । तर, तथ्यहरूले उनी अत्यन्तै बदलाको भावना भएका, कठोर र दुष्ट व्यक्ति थिए । पटक-पटक आक्रमण गर्ने क्रममा विश्वासिला भारदार कालु पाँडेको मृत्यु भएको, भाइ शूरप्रताप शाहले आँखा गुमाउनुपरेको र आफैं पनि झन्डै मारिएको स्थितिका कारण क्रुद्ध बनेका पृथ्वीनारायणले कीर्तिपुरका बासिन्दामाथि गरेको ज्यादतीले उनलाई जनविरोधी दुष्ट शासकको पहिचान दिएको छ । कीर्तिपुर विजयको दुई दिनपश्चात् उनले त्यहाँका काख नछोडेका बालकको सम्म नाक-कान काट्ने आदेश दिएका थिए । वंशावलीअनुसार यसरी काटिएको समस्त कीर्तिपुरको नाक-कान र ओँठको तौल १७ धार्नी पुगेको थियो । उनले कीर्तिपुरको नाम 'नककटाको देश' राख्ने आदेश समेत दिएका थिए । कीर्तिपुरअघि नुवाकोटको विजयपश्चात् बेलकोटको युद्धमा पराजित जयप्रकाश मल्लका सेनापति जयन्त रानालाई ज्युँदै छाला तरेर मारिएको थियो । पहिले पृथ्वीनारायणकै दरबारमा सेनापति रहेका जयन्त रानापछि काठमाडौँका राजा जयप्रकाशको सेनापति बन्न पुगेका थिए । आफ्नो युद्ध अभियानमा बाधक बनेकाले पृथ्वीनारायण शाहले जयन्तको त्यस्तो छाला तरेर मार्ने आदेश दिएका थिए । यसरी

उनी कति धेरै बदलाको भावनाले ग्रस्त युद्धसरदार थिए भन्ने प्रस्ट हुन्छ । २० वर्षको कलिलो उमेरमा राजा भएका पृथ्वीनारायणले २५ वर्ष छ महिना गोरखा र छ वर्ष पाँच महिना नेपालको गरी ३२ वर्ष शासन गरे । १८३१ सालमा नुवाकोटको देवीघाटमा उनको मृत्यु भयो ।

२. **शङ्कालु-अयोग्य राजा** : सिंहप्रतापको नामले समेत चिनिने पृथ्वीनारायणका जेठा छोरा प्रतापसिंह २६ वर्षको उमेरमा राजा भए । दुई वर्ष १० महिना पाँच दिन मात्रै राजा बनेका उनको विफरको रोग लागी मृत्यु भएको बताइन्छ । उनको शासनकालमा एकीकरण अभियान प्रायः ठप्प रह्यो । चितवनबाहेक कुनै राज्य नेपालमा एकीकृत हुन सकेनन् । उनी अत्यन्तै शङ्कालु र अयोग्य व्यक्ति थिए । फलतः उनको दिनचर्या सुरा र सुन्दरीहरूसँग नै बित्दथ्यो । बाबुको किरिया बसेका भाइ बहादुर शाहले आफूलाई अपदस्थ गर्नसक्ने शङ्कामा उनले भाइलाई पक्रेर नुवाकोटमा कैद गरेका थिए । अत्यधिक भोगविलास र मदिरा सेवन गर्ने उनको मृत्यु रगत छादेर भएको थियो भन्ने एकथरी इतिहासकारहरूको दाबी छ ।

उनका भाइ बहादुर शाह राजा नभईकन नेपाल निर्माणको तत्कालीन अभियानलाई पूर्णता दिन एकहदसम्म सक्षम राजकुमारका रूपमा इतिहासमा प्रसिद्ध रहेका छन् । यसरी पृथ्वीनारायणका जेठा छोरा हुनुबाहेक प्रताप सिंहको कुनै योग्यता र क्षमता देखिन्न । उनको शासनकाल प्रायः इतिहासको विस्मृतिमा पुगिसकेको छ भन्दा अत्युक्ति हुँदैन ।

३. **प्रसिद्ध पागल राजा** : शाह वंशका सटीक चरित्र र सर्वोपरि व्यक्तित्व हुन्- रणबहादुर शाह । समग्र रूपमा हेर्दा उनलाई बहुलाहा राजा भन्न सकिन्छ । उनी स्त्रीलम्पट र दुष्ट एवम् दुराचारी पनि थिए । अढाई वर्षको उमेरमा राजा भएका रणबहादुर २१ वर्ष पाँच महिना राजा भए । उनका पाँचवटी घोषित रानी थिए । मिथिला क्षेत्रबाट पशुपतिनाथको पूजाआजा र तीर्थ गर्न आएकी विधवा कान्तिवतीलाई अपहरण गरी छ महिना दरबारमा थुनेर राखी बिहे गरेका कारण नेपालको राजगद्दीको रोलक्रम नै विशृङ्खलित भएको थियो । कान्तिवतीलाई बिहे गर्नुअघि रणबहादुरले उनका तर्फबाट जन्मने छोरालाई राजा बनाउने वचनबद्धता गरेका थिए । फलतः सुवर्ण प्रभाका छोरा रणउद्योत शाह जेठा सन्तान हुँदाहुँदै राजगद्दीबाट वञ्चित भए र कान्तिवतीका छोरा गिर्वाणयुद्ध रणबहादुरकै जीवनकालमा राजा बनाइए । शाह राजाहरूको नाममा गिर्वाणयुद्धकै पालादेखि गद्दीको क्रम भङ्ग भएकाले विक्रम जोडिएको पाइन्छ ।

आमा राजेन्द्रलक्ष्मी र काका बहादुर शाहको नायवीअन्तर्गत रणबहादुर १८ वर्ष राजा बने भने पाँच वर्ष राजाकै प्रत्यक्ष शासन चलाए । उनले केही वर्ष आफ्ना रानीहरूलाई छोरा राजाको नायब बनाएर अप्रत्यक्ष शासन गरे । एकपटक राजगद्दी त्यागेर स्वामी बनेको घोषणा गरेपछि समेत छोरा राजाविरुद्ध आक्रमण गरी पुनः राजा बन्ने असफल प्रयास पनि गरे । तर, असफल भएपछि तीन वर्षजति निर्वासित समेत भए । जीवनको अन्तिम घडीतिर उनले तीन वर्षजति छोरा राजाको प्रधानमन्त्री या मुख्तियारजस्तो भएर पनि शासन चलाए । उनी क्रूर, आततायी र पागल नै थिए । उनको शासनकालमा पं. ब्रजनाथ पौडेललाई देशनिकाला गरियो । मूलकाजी सर्वजित राना र उनका अनुयायीहरूलाई राजदरबारकै आडमा काटियो । काजी वंशराम पाण्डेलाई दरबारभित्रै छिंडीको कोठामा काटियो भने अर्को काजी स्वरूपसिंह कार्कीलाई पनि गोरखामा काटियो । काका बहादुर शाहलाई पक्राउ गरी कैद गरेको अवस्थामा हिरासतभित्र हत्या गरियो । मूल काजी कीर्तिमानसिंह बस्नेतलाई भागेर काशी पुग्दा समेत दुई जना मान्छे पठाई मूलकाजी दामोदर पाण्डेलाई पक्रेर थुनी दुईवटा छोरासहित काट्न लगाए । अरू थुप्रै भारदार, काजी र सुसारेसमेत उनको आदेशमा मारिए ।

तर कस्तो संयोग ! सयौं भाइभारदारहरूको हत्या गरेका रणबहादुर शाह स्वयम् आफ्ना भाइ शेरबहादुर शाहद्वारा काटिए । १८६३ साल वैशाख १४ को राती भएको त्यस घटनामा प्रतापसिंह शाहका तीन छोराहरू विदुर, रणबहादुर र शेरबहादुर शाह मारिएका थिए । यसरी करिब ३२ वर्षको अल्पउमेरमा काटिएका रणबहादुर शाहलाई हरेक हिसाबले इतिहासमा नकारात्मक प्रसिद्धि कायम गर्न सफल राजाका रूपमा देखिन्छ ।

४. **काखका राजा** : विधवा कान्तिवतीको रूपबाट भुतुक्क भएका रणबहादुरले १८५५ सालमा गद्दी त्यागेर आफ्नो वचन पूरा गरे । र, मृत्यु हुनुपूर्व नै एक वर्ष पाँच महिना १७ दिनका नाबालक छोरालाई रानी कान्तिवतीले राजा बनाइछाडिन् र प्राणत्याग गरिन् । यसरी बाबुलाई गद्दी त्याग्न विवश पारी राजा बनेका थिए- गिर्वाणयुद्ध विक्रम । १७ वर्ष र आठ महिनासम्म मुलुकको राजा रहेका गिर्वाणयुद्धको १९ वर्षको अल्पायुमै मृत्यु भयो । यसकारण गिर्वाणयुद्धलाई काखका राजा भनिएको हो । उनी सबभन्दा कम उमेरमा राजा भई सबैभन्दा कम उमेरमा मर्ने शाह राजा हुन् । उनी ठेउला र विफरको प्रकोपले मरेका थिए । भीमसेन थापाको उदय भइसकेको हुँदा राजा गिर्वाणयुद्ध उनको खेलौना मात्र थिए, तसर्थ उनको शासन भीमसेन थापाको मुख्तियारीकालको जगजगीका रूपमा मात्र चिनिन्छ ।

५. **रानीका राजा** : तीन वर्षको उमेर पुग्दा नपुग्दै बाबुको मृत्युका कारण राजा बनाइएका राजेन्द्रविक्रम गजबका राजा देखिन्छन् । उनी जनता वा भारदारको राजासमेत बन्न सकेनन् । इतिहासमा उनी आफ्ना दुईवटी रानीको मात्र राजाका रूपमा अर्थात् 'रानीका राजा' मात्रै हुनसकेका थिए भन्ने पाइन्छ । रानी साम्राज्यलक्ष्मी र राज्यलक्ष्मीको सौतेनी झगडामा जोइटिङ्ग्रे राजा राजेन्द्र किंकर्तव्यविमुढ थिए । जसका कारण उनको शासनकालभरि दरबार हत्या, मारकाट र रगतको पोखरीमा परिणत भयो । बहुचर्चित कोत, भण्डारखाल र अलौ पर्वले राजेन्द्रविक्रम शाह रानीका राजा मात्र थिए भन्ने देखाउँछन् । यस्तो निकम्मा, नालायक र लम्पट भईकन राजेन्द्रविक्रम ३१ वर्ष नेपालको राजा भए भने गद्दी त्याग गरेपछि ३४ वर्ष लामो बन्दी जीवन बिताउन बाध्य भए र पनाति पृथ्वी वीरविक्रमको पालामा उनको गुमनाम मृत्यु भयो । उनी आफैंद्वारा नियुक्त प्रधानमन्त्री जङ्गबहादुर राणा, छोरा राजा सुरेन्द्र र पनाति राजा पृथ्वीवीरको आदेशमा कैदमा बसेर शाह राजाहरूमध्ये सबभन्दा बढी ६८ वर्षको उमेरमा मरेका थिए । उनको शासन रक्तरञ्जित षड्यन्त्रको घटनाले भरिपूर्ण रहेको देखिन्छ ।

६. **सन्काहा राजा** : लहडी, स्त्रीलम्पट र बहुलट्ठी स्वभावका सुरेन्द्रविक्रम शाह आफ्ना यिनै योग्यताको जगमा राणाहरूको खेलौना बने र ३४ वर्षसम्म राजा भए । जङ्गबहादुर राणाको जङ्गली महत्त्वाकाङ्क्षा सुरेन्द्रकै सन्काहा स्वभावले गर्दा मौलाएर त्यस रूपमा राणाहरूको जहानियाँ शासनको जग बसाल्न सफल भएको थियो । कोतपर्वको रक्तकुण्डपछि सुरेन्द्रविक्रम

जङ्गबहादुरकै कृपामा पूर्ण राजा घोषित भएका थिए । त्यसको गुन चुकाउन उनले जङ्गबहादुरलाई कास्की र लमजुङको राजा बनाएर 'श्री ३ महाराज' घोषित गरिदिएका थिए । उनी एक त्यस्ता अर्धपागल थिए, जो सौतेनी आमाको षड्यन्त्र सफल भएर राजा बन्न नपाइने हो कि भन्ने ध्याउन्नमा प्रायः तल्लिन रहेको इतिहासले देखाउँछ । उनी कोतपर्वपछि सर्वशक्तिमान बनेका जङ्गबहादुर राणाको लाचार छायाका रूपमा मात्रै राजा रहे । राणाहरूको जहानियाँ शासन दिगो बनाउने प्रयत्नस्वरूप जङ्गबहादुरले आफ्ना छोराहरूको विवाह राजा सुरेन्द्रका छोरीहरूसँग गराउन उनको यही निरीह अवस्थाकै कारण सकेका थिए । बाँचुन्जेल राणाहरूका सच्चा सहयोगीका रूपमा सुरेन्द्रले भूमिका खेले, फलस्वरूप राणाशासन बलियो हुनसक्यो भन्दा अत्युक्ति नहोला । उनी राणाहरूको जहानियाँतन्त्रविरुद्ध कहिल्यै उभिने प्रयत्नमा पनि लागेनन् ।

७. **विष पिउने युवराज** : राणा शासन नष्ट गर्न लागेकोमा राजगद्दीका उत्तराधिकारी अर्थात् युवराज नै षड्यन्त्रपूर्वक मारिएको भन्दा धेरैलाई आश्चर्य लाग्नसक्छ । तर, युवराज त्रैलोक्यविक्रमको मृत्यु धीरशमशेरको अगुवाइमा खुवाइएको विषका कारण भएको थियो । युवराज त्रैलोक्यसँग जङ्गबहादुरले आफ्ना दुईवटी छोरीको विवाहसमेत गरेका थिए । तर, रणोद्दीप सिंहको हत्या र वीरशमशेर श्री ३ भएपश्चात् युवराज त्रैलोक्यले विष पिउनु पऱ्यो । र, उनी राजा हुन पाएनन् । उनको हत्याको तीन वर्षपछि मात्र सुरेन्द्रविक्रमको मृत्यु भएको थियो । तर, युवराज त्रैलोक्यको मृत्युका सम्बन्धमा राजा सुरेन्द्र विक्रमले कुनै शङ्का र खोजबिनसम्म गर्न सकेनन् ।

८. **खोपीका राजा** : राणाहरूले शाह राजाहरूलाई खोपीका देउताजस्तो बनाएका थिए । छ वर्षको उमेरमा राजा भई नाममा 'वीर' लेख्न आरम्भ गरेका पृथ्वी वीर विक्रमको ३० वर्ष लामो राज्यकाल यसको सटीक दृष्टान्त हो । चन्द्रशमशेरलाई लेखेको एक पत्रमा उनले स्वयम् उल्लेख गरेका छन्- 'म केही पनि जान्दिनँ । बाबु भने पनि, आमा भने पनि, ससुरा भने पनि, सम्धी भने पनि जे भने पनि म तिम्रो काखमा छु । मलाई यति तालिम गरेको पनि तिमीले हो । ... मैले तिमीलाई बाबु सम्झेको छु । राजा, सम्धी, बाबु जे भने पनि मेरा तिमी हौ । नेपालको भाग्यले तिमीजस्तो राजा पाएको हो ।' यसरी बडामहाराज पृथ्वीनारायणलाई 'राजाको पनि राजा' का रूपमा स्वीकारेका छन् । यसबाट स्पष्ट हुन्छ- उनी चन्द्रशमशेरको मुठीमा कैद थिए । तर, विडम्बना ! जतिसुकै राणाहरूको खेलौना बन्न तयार भए पनि अन्ततः राणाशासनविरोधी उद्योगमा लागेको आरोपमा १९६८ सालमा चन्द्रशमशेरले उनलाई मन्द विष प्रयोग गरी हत्या गरे ।

त्रिभुवनकी एरिकामा उल्लेख भएअनुसार राजा भएपछि एकदिन उनले एरिका ल्युकट्यागलाई आफ्ना बाबुको निजी दरबार देखाउँदै तिरस्कारयुक्त शैलीमा भनेका थिए- 'जहाँ उनले अफ्ना पाँच सय स्वास्नीहरूलाई राखेका थिए । यति मात्र होइन, पृथ्वी वीर विक्रम अत्यन्तै मदिरापान गर्दथे । उनी, गेहेन्द्रशमशेर र रुद्रशमशेरहरू भई जब रक्सी पिउन थाल्दथे, दिनदिनै नौ बोतल 'स्कच ह्वीस्की' रित्याउँदथे ।

९. **जाली-कपटी राजा** : शाह वंशमा सबभन्दा बढी समय अर्थात् ४३ वर्षसम्म त्रिभुवन वीर विक्रम राजा भए । चार वर्षबाहेक बाँकी समय उनी राणा शासनको कठोर नियन्त्रणमा पिँजडाको सुगाजस्तै भएर बस्नुपऱ्यो । झन्डै एक जुग राजा भएका उनले राणा शासनविरुद्ध जनलहर र विद्रोहको ज्वार सिर्जना हुनेक्रममा प्रजापरिषद्का क्रान्तिकारीहरूसँग भेटेर राणा शासनविरोधी कुराकानी गरे । तर, पछि धर्मभक्तलगायतका चार अमर सहिदहरूलाई मृत्युदण्ड दिने आदेशमा उनैले स्वीकृति जनाए । उनी राणा शासकहरूसँग असन्तुष्ट र क्रुद्ध अवश्य थिए । तर, त्यसको मतलव उनी प्रजातन्त्रप्रेमी र जनप्रेमी राजा थिए भन्न मिल्दैन । ००७ सालको राणाविरोधी सङ्घर्षको उर्लंदो भेलसँगै उनी एक जना नातिलाई छाडी सपरिवार भारतीय राजदूतावासमा शरण लिन पुगे, पछि भारतीय प्रबन्धमा नयाँदिल्ली पलायन भए र भारतीय सरकारको पाहुना बनेर बसे । देशभित्रै उनलाई दरबारबाट निकालेर आन्दोलनकारीहरूको हातमा लैजाने प्रयास भइरहँदा उनी भारततिर लागे र दिल्ली सम्झौतामा भारतको हातमाथि पार्न प्रमुख भूमिका खेले । उनले प्रजापरिषद्को सदस्य बन्ने इच्छा प्रकट गरे र त्यसको कार्यक्रम मस्यौदाका क्रममा गणतन्त्र हुनुपर्ने सुझाव पनि दिए भनिन्छ । ००७ फागुन ७ को घोषणामार्फत उनले संविधानसभाको चुनाव गराउने वचनसमेत व्यक्त गरे । तर, तमाम घटनाक्रमले उनी घोषित प्रतिबद्धतामा इमानदार देखिएनन् । अनेक जाल-प्रपञ्च र कपटपूर्ण खेलहरूमार्फत उनले ०१० साल लाग्दा नलाग्दै 'फागुन ७' को शाही घोषणाको वचनलाई अर्थहीन बनाए । राणाविरोधी सङ्घर्ष नेपाली जनताले गरेका थिए, उनको कदमले त्यसलाई अवश्य टेवा पुगेको थियो । तर, ००७ सालपछि उनले 'प्रजातन्त्रका पिता', 'राष्ट्रपिता' आदि भनेर आफ्नो प्रशस्ति गराउन भाट-साहित्यमा जोड दिए । इतिहासमा राजनीतिक दलभित्र एक नेतालाई उचालेर अर्कोलाई पछार्ने खेले उनैले सुरु गरेको पाइन्छ । त्रिभुवनकै कपटका कारणले आज ५६ वर्ष बित्दासमेत संविधानसभाको चुनावसम्बन्धी विषय अनिर्णीत नै रहेको अवस्था छ । उनले राणा शासकको शासन, हैसियत र तत्कालीन भूमिकामा शाही राजाहरूलाई पुनः स्थापित गराउन मात्रै त्यतिखेरका तमाम जालझेल र अभिनय गरेका थिए भन्ने तथ्य इतिहासले सिद्ध गरिसकेको छ ।

१०. **षड्यन्त्रकारी-निरङ्कुश राजा** : शाह राजाहरूमा सबभन्दा निरङ्कुश, जनद्रोही र जनभावनाविरुद्ध षड्यन्त्र गर्ने राजा महेन्द्र नै देखिन्छन् । उनी १७ वर्षसम्म देशको राजा भए र सम्पूर्ण समय जनविरोधी सक्रिय र निरङ्कुश हकुमीतन्त्र स्थापना गरेर अघि बढ्न व्यतित गरे । संविधानसभाको चुनावको सट्टा संसद्को चुनाव गराउने संविधान राजाले दिने, त्यसमा धारा ५५ को विशेष व्यवस्था गर्ने, सर्वत्र 'शाहीकरण' गर्ने संविधानको त्यही आफैँले राख्न लगाएको धारामा टेकेर तीन वर्ष नबित्दै जननिर्वाचित संसद् र सरकार भङ्ग गरी ०१७ पुस १ को कालो काण्ड गर्नेजस्ता काममा महेन्द्र अनेक षड्यन्त्रका तानाबाना बुन्दै सफल भएका थिए । दलविहीन निरङ्कुश पञ्चायती व्यवस्था उनकै षड्यन्त्रको उपज हो । राजनीतिक दलहरूमाथि प्रतिबन्ध गर्ने, दलका नेताहरू खरिद गर्ने र कथित राष्ट्रवादको नाममा हकुमीतन्त्र चलाउने नियत र योजनाका साथ उनी बाँचुन्जेल सक्रिय रहे ।

११. **अकर्मण्य राजा** : राजा वीरेन्द्रको जसरी हत्या र वंशविनाश भयो, त्यस आधारमा कतिपयले उनलाई उदार र प्रजातन्त्रप्रेमी राजाको बिल्ला भिराइदिने गर्दछन् । यद्यपि, पञ्चायती व्यवस्था उनको आफ्नो सिर्जना थिएन तर पिताको

विरासतमा प्राप्त पञ्चायतका १८ वर्षहरूमा कठोर दमनकारी उभारका सामु झुकेको देखाउने क्रममा उनले ०३७ सालमा जनमतसङ्ग्रह गराउने घोषणा गरे तर धाँधली र षड्यन्त्रपूर्वक त्यसको परिणामार्फत जनमतसङ्ग्रहको माध्यमबाट जनताले अनुमोदन गरेको देखाउने उनको नियत त्यसपछिका घटनाक्रमहरूबाट अझ छर्लङ्ग भयो । ०४६ सालको जनआन्दोलनमा जनता 'वीरे चोर- देश छोड' को नारा उराल्दै बलिदानीपूर्ण भावनाका साथ नारायणहिटी दरबारतिर अघि बढेको स्थितिमा उनी बाध्यतावश नै झुकेका थिए । उनको आदर्श प्रजातन्त्र थिएन तर जनआन्दोलनको आँधीबेहरी रोक्न उनले निर्दलीय पञ्चायती व्यवस्था खारेज गर्नुको विकल्प छँदै थिएन । त्यसपछि अन्तरिम सरकार गठन गर्दा होस् वा संविधान बनाउँदा र नयाँ संविधानको घोषणा गर्दा आफ्नो खल्तीबाट प्रस्तावना झिकेर पढी उनले आफ्नो नियत प्रकट गरेका थिए । संसद्ले पारित गरेका कानुनमा स्वीकृतिको लालमोहर नलगाउने, संसद्लाई लिखित/गोप्य निर्देशन पठाउने, आफूखुसी राष्ट्रियसभाका सदस्यहरू मनोनयन गर्ने, विद्रोही माओवादीका सूत्रहरूसँग सरकारको जानकारीबेगर गोप्य बातचित गरी प्रशंसा गर्नेजस्ता काम उनले बाँचुञ्जेल गरे । तर, उनी दरबारभित्रको कठोर निरङ्कुशतावादी गिरोहजत्तिकै अघि बढ्न तयार थिएनन् । उनी जननिर्वाचित संसद्, सरकार र जनआधारित राजनीति पटक्कै रुचाउँदैनथे, तर त्यसका विरुद्ध अघि बढिहाल्न पनि सकेनन् । त्यस अर्थमा उनी अकर्मण्य थिए भनिएको हो । २९ वर्ष चार महिना राजा भएका वीरेन्द्र दरबारभित्रको निरङ्कुशतावादी गिरोहको चाहनाअनुरूप अघि बढ्न नसकेकै कारण मारिए र उनको वंशवृक्ष विनाश भयो ।

१२. **मरणोपरान्त राजा** : शाह वंशमा दीपेन्द्र एक यस्तो राजा भए, जसलाई आफू राजा भएको समेत अत्तोपत्तो भएन । उनले श्रीपेच लगाउन पाएनन् । ३० वर्षको उमेरमा अस्पतालको शय्यामा अर्धमृत अवस्थामा उनी राजा घोषित भए भने तीन दिनपछि जेठ २२ गते उनको मृत्यु भएको भनियो र शवयात्राबेगर गुपचुपमा दाहसंस्कार गरियो । १३ दिन बित्दा नबित्दै उनी बाबु, आमा, भाइ र बहिनीलगायत जेठ १९, ०५८ को नारायणहिटी संहारका वास्तविक अपराधीका रूपमा प्रस्तुत गरिए । उनको गोरो वर्णको अनुहारमा कालो पोतियो र हत्याराको अन्तर्राष्ट्रिय छवि बनेर बदनाम भए । आफूले मन पराएकी केटी 'देवयानी' सँग विवाह गर्न नपाएको झोंकमा उनले 'नाम नखुलेको कालो पदार्थ' सेवन गरी दरबारमा त्यो संहार मच्चाएको प्रतिवेदन उनका काकाको स्वेच्छामा गठित प्रतिनिधिसभाका तत्कालीन सभामुख तारानाथ रानाभाट र सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय सम्मिलित दुई सदस्यीय समितिले दियो । तर, दुनियाँले यस्तो दाबीलाई पत्याएनन् र हास्यास्पद ठहर गरे । वास्तवमा दीपेन्द्रको मुकुन्डो लगाई षड्यन्त्रकारीहरूद्वारा 'जेठ १९' को त्यो संहार रचिएको थियो । यसरी 'मरणोपरान्त राजा' घोषित भएका दीपेन्द्र त्यसपछि 'हत्यारा' का रूपमा नेपाली इतिहासमा अङ्कित गरिएका छन् ।

१३. **आतङ्ककारी राजा** : ऐतिहासिक जनआन्दोलन ०४६ को उपलब्धिका रूपमा बनेको संविधान र तदनुरूपको शासन-व्यवस्थालाई भताभुङ्ग पार्न राजा ज्ञानेन्द्रले 'गद्दी आरोहण' लगत्तैदेखि प्रयास गरेका थिए । माओवादीविरुद्ध निर्वाचित सरकारले सेना परिचालन गर्न खोज्दा रोक्ने र सङ्कटकालको सर्त तेर्साउने क्रियाकलापसँगै उनको नियत स्पष्ट भएको थियो । जननिर्वाचित संसद् र सरकार हुँदा सेना परिचालन गर्न सङ्कटकाल चाहिने तर प्रतिनिधिसभा विघटन गरेको स्थितिमा सेनालाई सङ्कटकाल नचाहिने विरोधाभासपूर्ण रवैयाका पछाडि परमसेनाधिपतिको कृपाले नै काम गरेको थियो । पार्टी-पार्टीबीच तीव्र विवाद, नेता-नेताबीच आरोप-प्रत्यारोप गराउँदै अन्ततः ०५९ जेठ ८ गते राती प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रतिनिधिसभा विघटनको सिफारिस गर्न लगाउने र तत्कालै विघटनको घोषणा गर्ने काम राजा ज्ञानेन्द्रबाट भयो । त्यसपछि स्थानीय निकायहरूको न चुनाव, न त म्याद थपको स्थिति सिर्जना गर्दै १८ असोज ०५९ मा निर्वाचित प्रधानमन्त्रीलाई असंवैधानिक ढङ्गले बर्खास्त गरी जनआन्दोलनको उपलब्धिलाई खोस्ने र आसेपासेको शासन प्रारम्भ गर्ने काम यिनै राजाले गरे । ०६१ माघ १९ को मध्ययुगीन असभ्य कदममार्फत सिङ्गो मुलुकलाई अँध्यारो सुरुङमा परिणत गरी निरङ्कुश हुकुमीतन्त्र चलाउने प्रत्यक्ष शासन थोपर्ने उनको प्रयत्न १५ महिनामै असफल भएको छ । 'राजा महेन्द्रको सुयोग्य छोरा' बनेर उनले नयाँ रूपको पञ्चायती कालरात्रि आरम्भ गरेका थिए । तर, जनआन्दोलन ०६२-६३ को बेगवान् आँधीबेहरीका सामु उनी भाग्ने वा आत्मसमर्पण गर्ने स्थितिमा पुगे र अहिले तत्कालका लागि दोस्रो बाटो रोज्न विवश भए । तर, उनी सधैंका लागि पछि हटेका कदापि होइनन् । आतङ्कवादविरुद्धको दुन्दुभी बजाउँदै उनले १५ महिनासम्म देशमा राज्यआतङ्कको बलमा शासन गर्न खोजे । उनी स्वयम् आतङ्ककारी बनेर जनहत्या, गिरफ्तार, थुनछेक र यातनाको शृङ्खला चलाए । तर, जनताले उनको नियत र विनाशकारी क्रियाकलाप नारायणहिटी संहारदेखि माघ १९ सम्म आइपुग्दा राम्रैसँग बुझेका थिए । फलतः उनको हठ र निरङ्कुशतावादी योजना विफल भइछाड्यो र उनी वैशाख ११ गते राती ११:३० बजे राजकीयसत्ता, सार्वभौमसत्ता र शासनअधिकार जनताको हो भन्ने स्वीकारेर 'जनक्रान्तिको मार' मा पर्नबाट जोगिने प्रयास गरे । तर देशलाई संविधानसभाको विन्दुसम्म जान नदिन उनले षड्यन्त्र गरिरहने सम्भावना यथावतै छ ।

यसरी पृथ्वीनारायणदेखि ज्ञानेन्द्रसम्मका सबैजसो शाह राजाहरूको नालीबेली केलाउँदा के देखिन्छ भने उनीहरूको विलासिता, लम्पट चरित्र, अदूरदर्शिता र जनविरोधी शासनशैलीका कारण देशको यो हविगत हुन पुगेको हो । नेपालको उन्नति र प्रगतिको प्रमुख बाधक यही शाहवंशीय राजतन्त्र हो र शाह राजाहरूले जनआधारित राजनीतिलाई दिगो बन्न नदिन नम्बरी दुश्मनको भूमिका खेल्दै आएका छन् । यो तथ्य कसरी पनि पुष्टि हुन्छ भने पृथ्वीनारायण शाहपछि कोतपर्व हुँदासम्मको ७२ वर्ष लामो अवधिमा राजा-रानीहरूकै कारण देशका कोही प्रमुख भारदार र प्रधानमन्त्री वा मुख्तियार कालगतिले मर्न पाएनन् । राणाकालमा त्यो क्रम धेरै हदसम्म रोकियो, बरु दुई जना राजा र युवराजको कालगतिले मृत्यु भएन । ००७ सालपछि अहिलेसम्मको ५६ वर्षमा कुनै प्रधानमन्त्रीको नेतृत्वको सरकारले पाँच वर्ष पूरा अवधि काम गर्न नपाएको पनि तथ्य हो । यसरी मुलुकमा अस्थिरताको कारक र समृद्धिको बाधकका रूपमा शाह राजाहरूको अतुलनीय नकारात्मक योगदान रहेको प्रस्ट हुन्छ । राणाहरूले शाह राजाहरूको वास्तविक रुचि र क्षमता बुझेर रक्सीको आहाल र खोपीहरूको राम्रो प्रबन्ध मिलाइदिएका थिए तर प्रजातान्त्रिक नेताहरूबाट यसमा नै पटकपटक त्रुटि गरियो । फलतः शाह राजाहरूले गाँजा, अफिम र रक्सीको नसामा लट्ठिदै

तमाम काला कर्तुतहरू गर्दै आफूलाई शासकका रूपमा प्रस्तुत गर्न पाइरहेका छन् । राजसंस्थाका नाममा यसप्रकारको बाधा-अवरोध नपन्छाई लोकतन्त्र, शान्ति र समृद्धिसहितको नयाँ नेपाल निर्माण गर्नु सम्भव नहुने निश्चित छ ।

◆

# जनआन्दोलनमा महिला सहभागिता

**' कमला पराजुली**

सेतै फुलेकी, उमेरले नेटो काटेकी हेर्दा वृद्ध तर युवा जोस र जाँगर बोकेर शाही प्रतिगमनविरुद्धको लोकतान्त्रिक आन्दोलनको अग्रमोर्चामा उभिएर आमनेपाली महिलाकी प्रतिविम्ब बनिन् छायादेवी पराजुली । ती वृद्धा अन्याय र अत्याचारका विरुद्ध आवाज उठाउने हरेक नेपाली महिलाकी उपमा बनिन् ।

आज मात्र होइन, विश्वको इतिहासलाई हेर्दा शदीयौँदेखि आन्दोलनका मोर्चामा महिलाको अर्थपूर्ण सहभागिता रहँदै आएको छ । नेपालकै सन्दर्भमा पनि विसं १९७४ देखि आन्दोलनमा महिला सङ्गठित रूपमा सहभागी भएको थाहा हुन्छ ।

राणा शासनको अन्त्यदेखि महिलाको नागरिक तथा राजनीतिक अधिकार, शैक्षिक अधिकार प्राप्तिजस्ता हरेक कुरामा आन्दोलित भएर महिलाले सफलता प्राप्त गरेका छन् । तर, हरेक आन्दोलनमा महिलाले निर्वाह गरेको अर्थपूर्ण भूमिकाको अभिलेख हुन सकेको छैन र त्यसको महत्त्वको पहिचानसमेत राम्ररी हुन सकेको छैन ।

महिलाको भूमिका भनेको सहयोगी मात्र हो, महिलाको आफैँमा कुनै महत्त्वपूर्ण क्षमता हुँदैन भन्ने मानसिकताबाट अझ पनि हामी पूर्ण रूपमा मुक्त हुन सकेका छैनौँ । महिलाले पनि नीति-निर्णय र नेतृत्व गरेर अहम् भूमिका निर्वाह गरेका छन् र गर्न सक्छन् भन्ने कुरा देखेर पनि स्वीकार्न नसक्ने सामन्ती संस्कार अझ पनि हामीमा छँदैछ ।

अप्रत्यक्ष रूपमा त हरेक आन्दोलनमा महिलाको अहम् भूमिका रहन्छ नै । हरेक राजनेताको सफलतासँगै उनका परिवारका महिला (आमा, दिदी, बहिनी, पत्नी, छोरी) को महत्त्वपूर्ण भूमिका, सहयोग, त्याग र समर्पण रहेको हुन्छ । यसको लेखा-जोखा कहीँकतै हुँदैन । उनीहरूले भोगेका अप्ठ्यारा र कठिनाइले ती नेतालाई सफलतामा पुऱ्याएको हुन्छ । त्यति मात्र होइन, ती सबै परिस्थितिको सामना गरेर महिला आफैं पनि आन्दोलनमा लागेका छन् । राजनीतिक परिवर्तन र प्रजातन्त्र स्थापनामा महिलाको अहम् भूमिका रहँदै आएको छ । विसं. ००३ मा विरानगरमा भएको मजदुर आन्दोलनमा पनि महिलाको प्रत्यक्ष सहभागिता रहेको थियो । त्यस आन्दोलनमा दिव्या कोइराला, नलिनी उपाध्याय, कामिनी गिरी र इन्दिरा आचार्य गिरफ्तार हुनुभएको थियो । त्यसैगरी ००४ सालको नागरिकअधिकार प्राप्तिको आन्दोलनमा काठमाडौँमा साधना प्रधान, सहाना प्रधान, स्नेहलता श्रेष्ठ र कनकलता श्रेष्ठ गिरफ्तार हुनुभएको थियो ।

०१७ सालको कालो काण्डको विरोध आन्दोलनदेखि ०४६ सम्मको निरङ्कुश पञ्चायती तानाशाहीविरुद्धको आन्दोलनसम्म पनि चर्को दमनको प्रतिकार गर्दै अनेकौं अप्ठ्याराका बाबजुद, घरपरिवार, सन्तान र जीवनको माया नगरी महिलाहरू आन्दोलनमा सहभागी बनेका थिए । काखमा नानी च्याप्दै जुलुस प्रदर्शनमा भाग लिँदै दूधेबालकलाई अर्काको जिम्मा लगाएर कठिन र त्रासदीपूर्ण भूमिगत जीवन बिताउँदै राजनीतिक परिवर्तनका लागि अगाडि बढेका थिए । राजनीतिक अभियोगमै जेल र कस्टडीमा महिनौँ र वर्षौं बिताए । ०४६ सालको जनआन्दोलन भयो, जुन आन्दोलनमा एकै ठाउँमा (धनुषाको जदुकहा) तीन जना महिला सोनावती यादव, मुनेश्वरी देवी यादव र जानकी देवी यादवले शहादत प्राप्त गरे । अन्ततः त्यो ऐतिहासिक आन्दोलनले सफलता प्राप्त गऱ्यो ।

०४७ पछाडि राजनीतिक उभारको अवस्था आयो । खासगरी राजनीतिमा महिला सहभागिता भन्ने कुरा नाराकै रूपमा अगाडि आयो । राजनीति बुझेका र राजनीतिमा लागेकाहरूले मात्र होइन, राजनीतिको नामै सुन्न नचाहने र आफूलाई सधैँ अराजनीतिक भनेर चिनाउन मन पराउनेहरूले समेत त्यो महिला राजनीतिलाई प्रजातन्त्र, सुशासन र समावेशीकरणका नाममा कतिपय व्यक्तिले राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा आफ्नो पहिचानसमेत बनाए । नारा जतिसुकै सशक्त भए पनि व्यवहारमा महिलाको आर्थिक, समाजिक, राजनीतिक अवस्थामा अर्थपूर्ण परिवर्तन आउन सकेन ।

तर, सामाजिक परिवर्तनको गति रोकिएन । ०४७ सालपछिको राजनीतिक खुलापनको अवसरले गाउँगाउँमा चेतनाको उभार फैलियो । महिला, दलित, जनजाति, आदिवासीलगायतका उपेक्षित र उत्पीडित वर्ग र समुदाय आ-आफ्नो अधिकारको खोजीमा जुर्मुराउन थाले । आफ्नो पहिचान र स्थान खोज्न थाले । त्यो खोजीको क्रममा ती सबै समूह र समुदाय यो या त्यो पार्टी, सङ्गठन र सङ्घसंस्थाहरूमा सङ्गठित भएर आफ्ना सङ्गठित आवाज उठाउन थाले ।

हिजोसम्म पूर्वजन्म, पुनर्जन्म, आफ्नो भाग्य र कर्मलाई दोष दिएर पुर्पुरोमा हात लगाउँदै रुँदै जिन्दगी बिताइरहेका महिला पनि विस्तारै सचेत र जागरुक भएर ऐन, कानुन र अधिकारको खोजी गर्न थाले । महिला अधिकार संरक्षणकै लागि ०४७ सालको अन्तरिम सरकारले महिलामाथि हुने सबै खाले भेदभावविरुद्ध महासन्धिमा हस्ताक्षर गऱ्यो । त्यसै गरी सन् १९९५ मा चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनमा महिलाका विषयमा संसारभरि नै मिल्दाजुल्दा र ध्यान

दिनुपर्ने १२ वटा विशेष सरोकारका बुँदाहरू पारित गरिए, जसमा नेपालको पनि प्रतिबद्धता रहेको थियो । यी सबै प्रतिबद्धताअनुरूप नेपालमा महिला मन्त्रालय र महिला आयोगको समेत स्थापना भयो ।

तर, महिलाका विषयलाई नारागत रूपमा जति चर्को ढङ्गले उठाइए पनि व्यावहारिक पक्षबाट त्यति महत्त्वका साथ उठ्न सकेनन् । खासगरी लैङ्गिक विभेद, आर्थिक अधिकार, महिला हिंसाविरुद्धको कानुन, नागरिकताको अधिकारजस्ता महिलाका अहम् सवालहरू ००८ सालभन्दा अगाडिदेखि नै उठिरहेका थिए । त्यसबखतका राजनीतिक पार्टीका भगिनी सङ्गठनहरूले समेत यी सवाललाई विशेष रूपमा उठाएका थिए । त्यतिखेरदेखि महिलाले परिवर्तनको अपेक्षा राखेर समयलाई पर्खिबसेका थिए । तर, आज ५५ वर्ष पछाडि पनि नेपाली महिलाका मुद्दा त्यही छन् । महिलाका ती सवालहरू राजनीतिक मूल प्रवाहमा महत्त्वका साथ समेटिन सकेनन् । महिलाका पक्षमा समयको र आवश्यकताअनुकूल आवश्यक र उचित ऐन कानुनहरू बन्न र परिवर्तन हुन सकेनन् । समाजका आधा हिस्सा महिलाका समस्यालाई राजनीतिक पार्टीले राजनीतिक समस्याका रूपमा आत्मसात गर्न सकेनन् । जसको परिणाम ती मुद्दाहरूलाई विस्तारै गैरसरकारी संस्थाहरूले आफ्ना प्रपोजलका मुद्दा बनाउन थाले । ६० वर्षअगाडि पार्टीका महिला सङ्गठनले उठाएका मुद्दालाई आफ्नो मुद्दा बनाएर अहिले गैरसरकारी संस्थाले पार्टीलाई नै लवी गर्न र प्रतिबद्धता व्यक्त गराउन थाले । त्यसैकारण अहिले महिला अधिकारको विषयलाई एनजीओको विषय भनेर तर्काउने पनि गरिन्छ । तर ती मुद्दाहरू गैरसरकारी संस्थाका मुद्दा मात्र होइनन्, वास्तवमा नेपाली महिलाका गहन र संवेदनशील मुद्दाहरू हुन् । जबसम्म यी विषयहरू राजनीतिक मूल प्रवाहमा आउन सक्दैनन्, तवसम्म सही ढङ्गले निकास पनि पाउन सक्दैनन् । तसर्थ, यो आन्दोलनमा महिलाको अर्थपूर्ण सहभागितालाई सार्थकता दिन पनि महिला अधिकारसँग गाँसिएका ती विषयहरू राजनीतिक मूल प्रवाहमा समेटिनै पर्छ ।

यो यथार्थ हो, जब-जब देशमा निरङ्कुशता हावी हुन्छ, प्रजातन्त्रमाथि अङ्कुश लगाइन्छ, त्यतिखेर समाजको उत्पीडित समुदायहरू अझ धेरै उत्पीडनमा पर्छन् । उनीहरूका आवाज सुनाउने ठाउँ हुँदैन, उनीहरूले निसाफ पाउने अदालत हुँदैन । त्यसैले पनि त्यो वर्ग र समुदाय अझ धेरै परिवर्तनका लागि डटेर लागेको हुन्छ । त्यसैले यो आन्दोलनमा महिलाको अर्थपूर्ण सहभागिता रहेको छ । ती महिलाहरू हूलहालमा अनि लर्को र सर्कोमा आन्दोलनमा मात्र सहभागी भएका होइनन् । देशमा राजनीतिक परिवर्तन हुनुपर्छ, प्रजातन्त्र हुनुपर्छ, संविधानमा महिलाको स्थान निर्धारण हुनुपर्छ, महिलाका समस्यालाई प्रतिविम्बित गरेर ऐन, कानुन बन्नुपर्छ, महिलाको न्यायमा पहुँच हुनुपर्छ, महिलामाथि हुने यावत् सामाजिक र पारिवारिक हिंसाको अन्त्य हुनुपर्छ र महिलाले मानवअधिकारको प्रत्याभूति गर्दै समान अवसर र अधिकार पाउनुपर्छ भन्ने चाहना बोकेर आन्दोलनमा महिलाको सक्रिय सहभागिता भएको छ । राजधानी र देशका प्रमुख सहरमा मात्र होइन, मेचीदेखि महाकालीसम्म, हिमाल, पहाडदेखि तराईसम्म अनेक जातजाति, भाषाभाषी र पेसा र समुदायका महिलाहरू आन्दोलनमा ओर्लिए । शाही मण्डले कुशासनको विरुद्ध आक्रोश भएका, अन्याय र अत्याचारको पीडाले क्षुब्ध भएका सारा नेपाली आमा, दिदीबहिनीहरू राजनीतिको मूल प्रवाहमा होमिन आए । काखमा नानी च्याप्ने आमा, बालिकादेखि ८० वर्षे वृद्धासम्म कतै थाल र पन्यू ठटाउँदै, कतै चम्चा-गिलास बजाउँदै, कतै सुरक्षाकर्मीलाई फूल दिएर आन्दोलनकारीलाई दमन नगर्न नैतिक दबाब दिँदै, कतै भरी गाग्री बोक्दै, कतै नाङ्लो ठटाउँदै अनि कतै कपाल फिजाउँदै विद्रोहका अनेक रूप र रङ्गमा महिलाहरू आन्दोलित भए । कहीँ सालीन ढङ्गले नैतिक दबाब दिँदै, कतै विद्रोह गर्दै झन्डै १५ दिनको अन्तरालमा सयौँ महिला गिरफ्तार भए, सयौँ घाइते भए । सुनिँदैछ, कति महिलाले प्रहरी यातनाका कारण मानसिक सन्तुलन समेत गुमाएका छन् । दुई जना महिलाले यही आन्दोलनका क्रममा शहादत प्राप्त गरे । चरम दमनका बाबजुद पनि घाम, पानी, लाठी, अश्रुग्यास र गोलीको कुनै परवाह नगरी हरेक दिन कर्फ्यु तोड्दै महिलाहरू जनआन्दोलनको अग्रमोर्चामा डटी नै रहे, निरन्तर डटी नै रहे । आन्दोलनलाई निर्णायक मोडसम्म पुऱ्याउन महिलाहरू जीवनको बाजी थापेर आ-आफ्ना मोर्चामा होमिई नै रहे ।

महिला अधिकारका सवालमा चर्चा गर्दा कतिपय टिप्पणीहरू सुनिने गर्थे- 'यो महिला अधिकारको कुरा त सहरबजारका टाठा-बाठा र केही पढे-लेखेका आइमाईले ठगीखाने भाँडो हो, ती गाँउका महिलालाई के थाहा महिलाअधिकार भनेको ?' तर, अहिलेको राजनीतिक आन्दोलनमा समाहित महिलालाई बुझ्ने र देख्ने जो-कसैले सायदै अब त्यसो भन्न हिम्मत गर्लान् । ती जो पीडित र अत्याचारमा परेकाहरू छन्, उनीहरू आफैँ आन्दोलनमा ओर्लिएका छन् । बरु, प्रजातन्त्रको उपयोग गरेर आफ्नो पहिचान र व्यक्तित्व बनाएका, आफूलाई विशुद्ध अराजनीतिक र अधिकारवादी भनाउने कतिपय व्यक्तिहरू यो आन्दोलनमा सहभागी हुन सकेनन्, बरु बेलावखत आन्दोलनको विरोधमा आफ्नो प्रतिक्रिया व्यक्त गरेर साखुल्ले भए । उनीहरू जस्तो परिस्थिति आउँछ, त्यस्तैमा सम्झौता गरेर अगाडि बढ्न जान्छन् र सक्छन् । अहिले आन्दोलनले सलफता पाएपछि त्यस्ता साखुल्लेहरू छेपाराले रङ्ग फेरेजस्तै तुरुन्तै आफ्नो रङ्ग फेरेर महालोकतन्त्रवादी र महाअधिकारीवादी हुँदै अझ अरूलाई प्रतिक्रियावादी भनेर औँलासमेत उठाउन थालेका छन् । तर, वास्तवमा महिला अधिकार त ती गाउँघरकै महिला जसले दिनको १८ घण्टा श्रम गरेर पनि पेटभरि दुई छाक खान पाएका छैनन् र आत्मसम्मानपूर्वक बाँच्न र जीवनको अनुभूति गर्न पाएका छैनन्, उनीहरूलाई नै चाँहिएको छ । आफूले जन्माएका सन्तानलाई नागरिकता दिलाउन नपाएर सामाजिक उपेक्षा र प्रताडना खपेकी ती आमालाई चाहिएको छ अनि वर्षौंवर्षदेखि हिंसाको सिकार भएर न्यायको ढोकासम्म पुग्न नसकेकी ती आमा, दिदी, भाउजु र बहिनीलाई चाहिएको छ । उनीहरू अवसरको लागि कालोलाई सेतो र सेतोलाई कालो भनेर प्रतिगमनका क्षणमा प्रतिगमनकारीसँग सम्झौता गरेर बाँच्न सक्दैनन् । यसैकारण उनीहरू आन्दोलनमा सहभागी भएका छन्- अभूतपूर्व रूपमा अधिकार, स्वतन्त्रता र आत्मसम्मानका लागि ।

त्यसैले यो आन्दोलनमा महिलाको अर्थपूर्ण सहभागिता रह्यो, यो वास्तविकतालाई स्वीकारेर अब हुने संविधानसभामा महिलाको यो सहभागिताको स्थान निर्धारण हुनुपर्छ । अब आउने विधेयक र ऐन-कानुनमा ती महिलाका आशा-अपेक्षा र भावनाको सम्मान र अधिकार निर्धारित हुनुपर्छ, अनि ती महिलाका अधिकार संरक्षणका लागि निर्माण हुने संरचनाहरूमा वास्तविक रूपमा महिला हुनुका पीडाको अनुभूति गर्न सक्ने प्रतिनिधित्व हुनुपर्छ । लैङ्गिक विभेदको अन्त्य, समान अवसर र अधिकारको उपयोग गर्न पाउनु पर्छ । अनि मात्र, नेपाली महिलाको भावना, आवाज र पीडा समेटिन्छ । अनि मात्र, नेपाली

महिलाले पनि प्रजातन्त्र र सुशासनको अनुभूति गर्न सक्नेछन् र वास्तविक रूपमा जनआन्दोलनमा महिला सहभागिताको सार्थकता हुनेछ । ■

# ;Demgfdf /xg'x'g]5 s'GtL

हरेक मानिस जन्मने र मर्ने क्रम त स्वाभाविक हो तर पनि कहिलेकाहीँ मृत्यु अस्वाभाविक भइदिन्छ । त्यस्तै, अस्वभाविक मृत्युको खबर छोडेर हामीबाट सदा-सदाका लागि बिदा हुनुभयो कमरेड कुन्ती बस्नेत ।

२००८ फाल्गुण २३ गते ललितपुर जिल्लाको लुभु गाविस विसन्डोलमा जन्मनुभएकी कुन्तीको २०४९ फागुन २३ कै दिन डा. ऋतु गड्तौलासँग विवाह भएको थियो । दुई भाइ र चार बहिनीकी दिदी कुन्तीले आफ्नो अध्ययनका क्रममा धेरै अप्ठ्याराको सामना गर्नुभयो ।

०२७ सालमा अनमिबाट स्वास्थ्य सेवामा प्रवेश गर्नुभएकी कुन्तीले ०३७ सालमा नर्सिङ् गर्नुभयो । ०४५ सालमा बीएन गर्नुभयो र ०६१ सालमा बाल रोगमा विशेषज्ञता गरेर एमएन गर्नुभएको थियो । पेसागत चुनौती र अप्ठ्यारा, व्यावहारिक कठिनाइको सामना गर्दै कुन्तीले आफ्ना सबैखाले जिम्मेवारीलाई समानान्तर रूपमा अगाडि बढाइरहनुभयो ।

आफ्नो पेसागत जिम्मेवारीका क्रममा उहाँले सिन्धुली हस्पिटल, राजविराज हस्पिटल, मानसिक हस्पिटल, वीर हस्पिटल, कान्ति हस्पिटल, फेक्ट नेपाललगायतका ठाउँहरूमा सेवा पुऱ्याउनु भयो । उहाँ नर्सिङ् क्याम्पस महाराजगन्जमा उपप्राध्यापक, एसियन कलेज ग्वार्खुमा सहप्राध्यापक, विभागीय प्रमुख र स्तुपामा समेत संलग्न हुनुहुन्थ्यो ।

आफू जेठी छोरी भएका कारण आमा, बुवा र भाइबहिनीप्रतिको जिम्मेवारीमा सधैँ सचेत हुनुपरेको कुरा उहाँले बेलाबेलामा आफ्ना सहकर्मीसँग व्यक्त गर्नुहुन्थ्यो । सायद त्यही जिम्मेवारीबोधले होला उहाँले ४० को उमेर काटेर मात्र आफ्नो विवाह गर्नुभयो ।

कुन्तीको राजनीतिक सम्पर्कको सन्दर्भमा उहाँका पति डा. गड्तौलाका अनुसार, जिरीमा अनमि अध्ययन गर्दा ०२६ सालमा अनेरास्ववियुको सम्पर्कबाट उहाँको राजनीति आरम्भ भयो । ०४७ सालमा उहाँ नेकपा एमालेको सङ्गठित सदस्य हुनुभयो ।

कुन्ती ०३६ सालमा नर्सिङ एसोसिएसनको आजीवन सदस्य बन्नुभयो । उहाँको विनम्र स्वभाव, सहकर्मीहरूसँगको हार्दिकता र सहयोगी गुणकै कारण उहाँले नर्सिङ एसोसिएसनको पनि वरिष्ठ उपाध्यक्ष, अध्यक्ष, सल्लाहकारलगायतका विभिन्न तहको नेतृत्व सम्हाल्नु भयो । उहाँ नेकपा (एमाले) बुद्धिजीवी जिल्ला कमिटीअन्तर्गत स्वास्थ्य इलाका कमिटीको सल्लाहकार, पार्टीको केन्द्रीय स्वास्थ्य विभाग र अनेमसङ्घको केन्द्रीय स्वास्थ्य विभागको सदस्य पनि हुनुहुन्थ्यो ।

उहाँ ०३६ सालको विद्यार्थी आन्दोलन र ०४६ सालको जनआन्दोलनमा दुईपटक गिरफ्तार पनि हुनुभयो । उहाँ आफ्नो पेसागत जिम्मेवारीसँगै पेसागत हक-हितका कुरामा पनि त्यत्तिकै लागिपर्नुभएको थियो । जस्तै अप्ठ्यारा क्षणमा पनि उहाँ राजनीतिक-वैचारिक रूपमा कहिल्यै विचलित हुनुभएन, निरन्तर अगाडि बढिरहनुभयो । पेसागत अधिकारसँगै लैङ्गिक समानताका विषयलाई पनि उहाँले आफ्ना मञ्चबाट त्यत्तिकै जोडदार रूपमा उठाउँदै आउनुभएको थियो ।

दुई महिनाअघि काँकडभिट्टाबाट काठमाडौँ आउने क्रममा बस दुर्घटनामा परेर उहाँको असामयिक निधन भएको थियो । यसरी कुन्ती भौतिक रूपमा हामीबाट सदाका लागि बिदा हुनुभयो ।

■

# हामीहरू आफ्नो कामतिर लाग्यौँ

**' गोविन्द ज्ञवाली**

'सबै प्रजातन्त्र पक्षधर शक्तिहरू एकजुट भएर संयुक्त सङ्घर्षमा अगाडि बढ्नु जरुरी छ र यो आजको युगीन आवश्यकता हो' भन्ने विचार त्यसबेला पुष्पलालले अविच्छिन्न रूपमा प्रवाहित गरिरहनुभएको थियो । यस विचारबाट परिवर्तनको कामना राख्ने सबै शक्तिहरू, विशेष गरेर आन्दोलनरत नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू प्रभावित थिए । भनिरहनुपर्ने कुरा होइन, सक्रिय राजतन्त्रका पक्षधर शक्तिलाई थाहा थियो- यस विचारले कस्तो ढङ्गको राजनीतिक समायोजन कायम गर्दछ र त्यसबाट के कस्तो संयुक्त आन्दोलनकारी शक्तिको

निर्माण गर्दछ। त्यसैले उनीहरू यस विचारलाई कुनै पनि हालतमा प्रभावकारी हुन नदिन विभिन्न कोणबाट प्रहार गर्दथे। उनीहरू राजालाई राष्ट्रियताको संरक्षक भन्ने दाबी गर्दथे र उनको विरोधमा क्रियाशील शक्तिहरूलाई 'अराष्ट्रिय शक्ति' को रूपमा प्रस्तुत गर्दथे। कसैले विविधताका बीचमा एकता स्थापित गर्न राजाको आवश्यकता मात्र होइन, सक्रिय नेतृत्वको पनि आवश्यकता रहेको वकालत गर्दथे। त्यसबेला नेपाल कम्युनिस्ट पार्टीको दक्षिणपन्थी धारको नेतृत्व डा. केशरजङ्ग रायमाझीले गर्नुहुन्थ्यो। उहाँ राजालाई 'अराष्ट्रिय शक्ति' का विरुद्ध राष्ट्रनिर्माणमा लागेको राष्ट्रवादी शक्तिका रूपमा व्याख्या गर्नुहुन्थ्यो। नेपाली कम्युनिस्ट आन्दोलनको उग्रवामपन्थी धार त्यसबेलासम्म कुनै पनि स्वीकृत नेतृत्वअन्तर्गत स्थापित हुनसकेको थिएन, स्वयम् आफू पनि विविध रङ्रोगनमा छरिएको थियो र कसैसँग पनि संयुक्त हुने पक्षमा थिएन। यस धारका समर्थकहरू चर्को क्रान्तिकारी सोच भएपछि क्रान्ति आफसेआफ हुन्छ भन्ने सम्झन्थे। संयुक्त सङ्घर्षको सोच राखेर त्यसैअनुसारको कार्यदिशालाई कार्यान्वयन गर्न क्रियाशील पुष्पलाललाई यस धारले 'कम्युनिस्ट सोच नभएका शक्तिहरूसँग पनि संयुक्त सङ्घर्षमा जान तयार हुने गद्दार व्यक्ति' का रूपमा परिभाषित गर्ने गरेको थियो।

पुष्पलाललाई धेरै साथीहरूले छोडिसकेका थिए। राजनीतिक परिस्थिति भ्रमपूर्ण थियो। सशस्त्र सङ्घर्षको नेतृत्व गरिरहेका नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति सुवर्णशमशेरले पनि 'राष्ट्रिय स्वार्थ नै खतरामा पर्न थालेको' बहाना बनाएर सङ्घर्ष फिर्ता लिएका थिए। यसले त्यसबेलाको भ्रमपूर्ण परिस्थितिलाई थप अन्योलग्रस्त बनाएको थियो। यी सबै अवस्थालाई चिर्ने प्रयत्नका साथ आफ्नो पार्टी गोरखा परिषद्लाई विघटन गरेर नेपाली काङ्ग्रेसमा प्रवेश गरेका भरतशमशेर आन्दोलनको अग्रपंक्तिमा देखा पर्दै थिए। नेपाली काङ्ग्रेसका सभापति जेलमा भएको हुनाले यस कार्यमा आफ्नो आन्दोलनप्रतिको कर्तव्यबोधका साथ लागेको भरतशमशेरको तर्क थियो।

माथि भनिसकिएको छ- त्यसबेला पुष्पलाल निरङ्कुश राजतन्त्रको विरोधमा न्यूनतम राजनीतिक सहमति निर्माण गर्ने पक्षमा दृढतासाथ लाग्नुभएको थियो। भारतको कोलकातामा रहने भरतशमशेरसँग उहाँले पटकपटक भेट्नुभएको थियो। उनी पनि संयुक्त सङ्घर्षको पक्षमा थिए। तर, उनले यस विचारलाई प्रचारमा ल्याएका थिएनन्। संयुक्त सङ्घर्षका आन्तरिक सोचहरू प्रबल हुँदै गएपछि यसलाई बाहिर ल्याउने उनको योजना रहेछ। बीपी कोइराला जेलमुक्त भएर पुनः भारतमा निर्वासित भई आन्दोलन सञ्चालन गर्न थालेपछि वनारसको नेपाली छात्रपरिषद्द्वारा सन् १९७४ मा आयोजित सभामा उहाँबाट जुन ढङ्गको संयुक्त सङ्घर्षको विचार आयो, यसको पृष्ठभूमिमा भरतशमशेरका आग्रहहरूले काम गरेको तथ्य प्रकाशमा आइसकेको छ।

पुष्पलाल कम्युनिस्ट हुनुहुन्थ्यो। मैले नेपालका अरू धेरै कम्युनिस्टहरू एकदलीय व्यवस्थाका पक्षपाती देखेको थिएँ। उनीहरूले कल्पना गरेका संस्थापनहरूमा बहुदलीय प्रतिस्पर्धा थिएन। तर, पुष्पलालका चिन्तनहरूमा मैले यसभन्दा भिन्न दृष्टिकोण पाएँ। उहाँको भनाइ थियो- 'जनतालाई सम्पूर्ण अधिकारबाट वञ्चित गरी देशमा एकतन्त्रीय तानाशाही राज्य व्यवस्था कायम भएको बेलामा मजदुर वर्गको पार्टी कम्युनिस्ट पार्टीको तत्कालीन प्रमुख कार्य राजनीतिक स्वतन्त्रताका निम्ति सङ्घर्ष गर्नु हो। यस स्वतन्त्रताको अभावमा श्रमजीवी जनसमुदाय दलित, पीडित र मूकदर्शक रहनेछन्।' पुष्पलालका यी विचारहरूमा त्यसबेला आन्दोलनरत दुई प्रमुख राजनीतिक शक्तिहरू नेपाल कम्युनिस्ट पार्टी र नेपाली काङ्ग्रेसबीचमा राजनीतिक सहमति कायम गर्ने आधारहरू थिए। यस आधारभूमिमा निरङ्कुशताविरोधी प्रजातान्त्रिक शक्ति मजवुत हुन सक्दथ्यो। यस आधारभूमिले विभाजित भएकालाई एक बनाउन सक्दथ्यो र नेपाली जनताका लाखौँलाख हात र लाखौँलाख मन-मस्तिष्कहरू एकसाथ एक दिशामा क्रियाशील हुनसक्दथे।

पुष्पलालको यस चिन्तनमा आफ्ना र आफूले नेतृत्व गरिरहेको पार्टीका आग्रहहरू मात्र थिएनन्, निरङ्कुशताविरोधी सबै प्रजातान्त्रिक शक्ति र व्यक्तिहरूलाई समेत आन्दोलनको मूल प्रवाहमा समाविष्ट गर्ने इमानदार प्रयत्न थियो। यस प्रयत्नलाई साकार गर्दै जाँदा उहाँले प्रस्तुत गर्नुभएका सामाजिक, आर्थिक र सांस्कृतिक कार्यक्रमहरूले समेत मूर्त रूप लिन सक्दथे। यस विचारमा आन्दोलनको प्रस्थानविन्दु थियो। यस विन्दुबाट अगाडि बढ्दै जाँदा आन्दोलनकै क्रममा जनताका सरोकारका अरू विषयहरू पनि समावेश हुँदै जाने र आन्दोलनको शक्तिको रूपमा रूपान्तरित हुँदै जाने यथार्थहरू पनि जीवन्त सत्यकै रूपमा उपस्थित थिए। यो इतिहासले स्थापित गरेको सत्य हो। जब इतिहास आन्दोलनको बेगवान् गतिका साथ अगाडि बढ्दछ, त्यसैबेला रूपान्तरणका सबै अग्रगामी पक्षहरू त्यसै बेगवान् गतिका साथ एकाकार हुन्छन्, तिनलाई कसैले पनि रोक्न सक्दैन। जसले रोक्न खोज्दछ, त्यसलाई स्वयम् इतिहासले नै किनारा लगाउँछ।

त्यसबेला वनारसमा भए पनि हामीहरूलाई थाहा थियो- हाम्रो राजनीतिक कार्यक्षेत्र नेपाल हो। नेपालमा कुनै पनि परिवर्तन हुन्छ भने त्यो नेपालकै भूमिबाट हुनुपर्छ, वनारस या विदेशको कुनै पनि भूमिबाट हुन सक्दैन। नेपालमा हुने परिवर्तनलाई संसारका अरू कुनै पनि देशबाट पठाउन सकिँदैन। यसैले परिवर्तन या क्रान्ति भन्ने कुरा आयातित र निर्यातित हुने कुरा होइन। यो आफूभित्रैबाट हुने कुरा हो। नेपालको परिवर्तन कुनै बाहिरी शक्तिको चाहनाबाट पनि हुन सक्दैन। बाहिरका चाहनाहरूले हामीहरूलाई केही नैतिक बल अवश्य दिन सक्छन्। तर, परिवर्तनको चाहना भने हामीभित्रै प्रस्फुटित हुनुपर्दछ। यसका लागि नेपाली जनता नै सक्रिय हुनुपर्दछ। उनीहरूका चाहनाहरूले नै परिवर्तनका लागि चाहेजस्तो र चिताएजस्तो उर्वर भूमि निर्माण गर्न सक्दछन्। क्रान्ति या परिवर्तनका लागि वस्तुगत र मनोगत अवस्था ठीक हुनुपर्दछ भन्ने कम्युनिस्ट चिन्तनको आशय पनि यही हो।

यस्तो विश्वास हुँदाहुँदै पनि समय परिपक्व नहुँदासम्मका लागि हामीहरू विदेशी भूमिमा आश्रय लिन बाध्य थियौँ। यसै बाध्यताले गर्दा हाम्रो त्यसबेलाको सम्पर्क कार्यालय वनारसमा थियो। त्यसै कार्यालयबाट निःसृत योजनाअनुसार हामीहरू आ-आफ्ना कार्यक्षेत्रमा क्रियाशील थियौँ। पार्टीको प्रकाशन र आन्तरिक सम्पर्क त्यसबेला मेरो जिम्मामा थियो। यस जिम्मेवारीको चरित्रअनुसार मेरो अधिकांश समय वनारसको कार्यालयमा नै बित्थ्यो। पुष्पलाल कहिले गोरखपुर, कहिले दरभङ्गा र कहिले वनारसमा बस्नुहुन्थ्यो। पश्चिम नेपालको सम्पर्कका लागि उहाँ गोरखपुर जानुहुन्थ्यो भने पूर्वी नेपालको सम्पर्कका लागि दरभङ्गा। धेरैजस्तो यी सहरहरूमा नेपालका विभिन्न क्षेत्रमा क्रियाशील पार्टी कार्यकर्ताका क्षेत्रीयस्तरका बैठकहरू हुने गर्दथे। भूमिगत राजनीतिको अवस्थालाई अझै बढी समयानुकूल बनाउन कहिले कुनै बेला यी सहरहरूको नजिकमा पर्ने भारतीय ग्रामीण क्षेत्रमा पनि बैठकहरू राख्ने र पार्टी प्रशिक्षणहरू चलाउने परिपाटी पनि त्यसबेला क्रियाशील थियो।

पुष्पलाल वनारस बस्दा नेपालको कम्युनिस्ट आन्दोलनका नेता एवम् कार्यकर्ताहरू मात्र होइन, नेपालको प्रजातान्त्रिक आन्दोलनसँग सरोकार राख्ने स्वदेशी र विदेशी मित्रहरू पनि उहाँसँग विशेष सम्पर्क र छलफलका लागि वनारसमा आउने गर्दथे। पुष्पलालसँग स्वदेशी होस् वा विदेशी, ग्रामीण क्षेत्रको बासिन्दा होस् वा सहरिया, त्यो आफूसँग सम्बन्धित पार्टीको होस् वा अरू पार्टीसँग सम्बन्धित नेता अथवा कार्यकर्ता होस्, सबैसँग घुलमिल गर्ने र सबैका भावनालाई बुझ्ने अद्भूत क्षमता थियो। उहाँलाई भेट्न आउने कुनै पनि व्यक्ति अपरिचितजस्तो लाग्दैनथ्यो। उहाँ यस क्षमताप्रति ईर्ष्या गर्ने केही आलोचकहरूको भनाइ रहन्थ्यो- पुष्पलाल जसलाई पनि विश्वास गर्नुहुन्छ र यसैले उहाँलाई जो कसैले पनि विश्वासघात गर्न सक्दछ। तर, मलाई भने त्यस्तो कहिल्यै लागेन। उहाँको बोलीचाली र व्यवहारले

लाग्दथ्यो, त्यस व्यक्तिसँग उहाँको यसपटक मात्र होइन, धेरैपटक भेट भइसकेको छ । उहाँ सबैसँग उत्तिकै जाँगर र उत्साहका साथ भेट्नुहुन्थ्यो, सबैले उहाँबाट हार्दिकता, तन्मयता र निष्कपटता पाउँथे । यो नै त्यस्तो कारण हुन सक्दछ, जसबाट उहाँलाई ढाँट्न, छल्न र विश्वासघात गर्न जोकसैले पनि सहजरूपमा आँट गर्दैनथ्यो ।

प्रजातन्त्र त्यस ढङ्गको आन्दोलन हो, जसको केन्द्रभूमिमा लाखौँलाख जनता अधिकार प्राप्तिका लागि मात्र होइन, कर्तव्यपालन र दायित्व निर्वाहका क्षेत्रमा पनि एकसाथ क्रियाशील हुन सक्दछन् । प्रजातन्त्रमा मानिसको अस्तित्व, चिन्तन, मर्यादा, सिर्जनशीलता र क्षमताको विकास एवम् संरक्षण हुनुपर्दछ र हुन्छ पनि । प्रजातन्त्रले मानिसलाई दास र रैतीको अवस्थाबाट मुक्त गरेर सार्वभौमसत्ता सम्पन्न जनताका रूपमा स्थापित गर्दछ । यस ढङ्गको विश्वास र आस्थालाई आफ्ना यावत् क्रियाकलापको ऊर्जा बनाएर त्याग र सङ्कल्पको मुक्ताञ्चलमा बेगवान् गतिका साथ यात्रा गर्ने कुनै पनि यात्रीका लागि आफूले अगाडि भोगेका घटना होऊन् अथवा पछाडि, ती सबैको समान महत्त्व हुन्छ र तिनीहरूलाई एक अर्कोबाट छुट्याएर अनुभूत गर्न सकिँदैन । तिनीहरूको अनुभूति समष्टिगत नै हुन्छ । यस्तो हुनुमा इतिहासले त्यसबेला बेगवान् गतिका साथ चालेका पाइला नै प्रमुख कारण हुन् । यस्तै समष्टिगत अनुभव भनौँ या संस्मरण, अहिले मेरो सम्झनामा आउनुभएको छ- सरोज कोइराला, नेपाली काङ्ग्रेसका पूर्वाञ्चलका सक्रिय नेता ।

भारतमा निर्वासित भएको त्यसबेला नरकटियागन्जदेखि जोगवनीसम्मका भारतीय सीमावर्ती क्षेत्रका रेलवे स्टेसनका आसपासमा उहाँका सम्पर्क स्थलहरू थिए । उहाँ कहिले जोगबनी त कहिले मधुवनी, कहिले दरभङ्गा त कहिले सीतामढी, कहिले रक्सौल र कहिले नरकटियागन्जतिर घुमिरहनुहुन्थ्यो । सङ्गठनात्मक रूपमा क्रियाशील कार्यकर्ताहरूसँग नियमित रूपमा जीवन्त सम्पर्क राख्ने उहाँको एकप्रकारको राजनीतिक विशेषता अथवा अभ्यास थियो ।

वनारस आएका बेला उहाँ पुष्पलाललाई जरुर भेट्नुहुन्थ्यो । नेपाल कम्युनिस्ट पार्टी र नेपाली काङ्ग्रेसका बीचमा तत्कालका लागि मिलनका साझा विन्दुहरू के-के हुनसक्छन् ? तिनलाई आन्दोलनका क्रममा कसरी सङ्गठित गर्न सकिन्छ ? वर्तमान शीतयुद्धको विश्व परिस्थितिमा राजनीतिक सहकार्यको संस्कृतिलाई कसरी जोगाउन र विकास गर्न सकिन्छ ? त्यसका लागि नेतृत्व तहबाट के-कस्ता प्रयत्नहरू सम्भव छन् ? ती प्रयत्नहरूले अन्तर्राष्ट्रिय र राष्ट्रिय राजनीतिमा समेत के कस्ता प्रभावहरू पार्न सक्दछन् ? भारत र चीनको तत्कालीन सीमा विवादबाट नेपालको अन्तर्राष्ट्रिय कूटनीति के-कति हदसम्म प्रभावित भएको छ ? नेपालको प्रजातान्त्रिक आन्दोलनमा यसका के कस्ता प्रभावहरू पर्न सक्दछन् ? यस अवस्थामा नेपालको प्रजातान्त्रिक आन्दोलनलाई सशक्त बनाउन हामीहरूबाट के-कस्ता प्रयत्नहरू हुनुपर्दछ ? यस्ता विषयमा घण्टौँसम्म छलफल र विचार विमर्शहरू हुने गर्दथे ।

यसपटकको भेटमा भने सरोज कोइराला (उहाँलाई प्रायः सरोजबाबु भनेर चिनिन्थ्यो) मा पहिलेको भन्दा फरक ढङ्गको गम्भीरता देखिएको थियो । केही राजनीतिक प्रसङ्गहरू अगाडि बढेपछि, मलाई अहिले पनि सम्झना छ-यो गम्भीरता अझै बढ्दै गयो र उहाँले आफ्ना प्रसङ्गहरू यसरी सुरु गर्नुभयो-

'पुष्पलालजी अब हामीहरू भारतीय भूमिमा पनि सुरक्षित छैनौँ । बचिएछ भने फेरि भेट होला, मरिएछ भने यही नै हाम्रो अन्तिम भेट पनि हुनसक्दछ ।'

प्रारम्भ नै यस प्रकारको मार्मिक तर सहृदयतापूर्ण आशयबाट भएको हुनाले जिज्ञासा अझै बढी मौन बन्दै गयो । अविरल रूपमा बगिरहने भगिरथी नदीजस्तै उहाँका अभिव्यक्तिहरू यसरी अगाडि बढ्दै गए :

'अहिले प्रजातन्त्रविरोधी शक्ति विभिन्न रूप र रङमा अगाडि बढ्दैछन् । सुन्दछु, उनीहरूको पहलमा 'अराष्ट्रिय तत्त्व निर्मूल समिति' नामक भूमिगत सङ्गठन खडा भएको छ । भारतमा निर्वासित भएर नेपालको राजनीतिमा सक्रिय नेताहरूको हत्याका लागि यो सङ्गठन बनाइएको हो रे !'

'सात आठ दिन पहिलेको कुरा हो । म मधुवनी स्टेसनको एउटा बेञ्चमा एक्लै थिएँ । ट्रेनको समय भइनसकेको हुनाले स्टेसन सुनसान थियो । एक जना मानिस मेरो नजिक आए । उनी धनुषा जिल्लाको झिगा गाउँका व्यक्ति हुन् । डकैतीको अभियोगमा उनी काठमाडौँको नख्खु जेलमा बन्दी थिए । यस एकान्त ठाउँमा उनलाई त्यसरी भेटाउँदा मलाई लाग्यो- उनी पक्कै पनि जेलबाट फरार भएका हुन् र उनले जेलमा राजनीतिक बन्दीको रूपमा थुनिएका मेरा कुनै न कुनै राजनीतिक मित्रको खबर ल्याएका छन् । मैले सोध्नुभन्दा पहिले नै चारैतिर हेरेर पूर्णरूपमा एकान्त रहेको कुरामा विश्वस्त भएपछि उनले मलाई सुनाए- 'सरोजबाबु, आइन्दा तपाईं यसरी एक्लै नहिँड्नुहोला । तपाईंको हत्याका लागि मानिसहरू खटाइएका छन् र तीमध्ये म पनि एक हुँ । लामो जेल जीवनबाट मुक्त हुने इच्छाले मैले यो घीनलाग्दो काम स्वीकारेँ । अब म मुक्त छु र यो विशाल भारतमा म कतै न कतै हराउँछु । मबाट यो काम हुँदैन । जेलबाट मुक्ति मात्र होइन, चार बिघा जमिन दिने प्रलोभन पनि देखाइएको छ । यो सन्देश दिन म निकै उत्सुक थिएँ । एकान्तको फाइदा उठाएर अहिले म सफल पनि भएको छु ।'

यति भन्दानभन्दै उनी मबाट छुट्टिए र आफ्नो बाटो लागे । म एकैछिन त्यही बेञ्चमै घोरिएँ । डराउन दिएर मेरो सक्रियतालाई शिथिल बनाउने यो एक षड्यन्त्र पनि हुनसक्दछ- मेरो मनले केही सान्त्वना लिन खोज्यो । तर, जुन व्यक्तिले मलाई यो सूचना दिए, उनको विश्वसनीयताप्रति मलाई शङ्का थिएन । यस्तै मनमा कुरा खेलाउँदै त्यस बेञ्चबाट उठेँ र आफ्नो डेरातिर लागेँ ।'

सरोजबाबुका यी सबै अभिव्यक्तिहरूमा डर र त्रासको कुनै मात्रा थिएन । निर्भीकता र आत्मविश्वास नै उहाँको स्वरबाट गुञ्जिएको थियो । केही बेरपछि सरोजबाबुले थप्नुभयो- 'यो सतर्कता मेरानिम्ति मात्र होइन, तपाईं-हामीजस्ता प्रजातान्त्रिक आन्दोलनमा क्रियाशील सबैका लागि हो । यथार्थमा निरङ्कुशता कठोर मात्र होइन, मर्यादाहीन पनि हुन्छ । आफ्ना विरोधीहरूकै दमनका लागि यसले जस्तोसुकै अनुचित र निम्नस्तरको माध्यम पनि अपनाउन सक्दछ ।'

यसपछि पुष्पलालले पनि हार्दिकतापूर्वक सतर्कताका लागि सरोजबाबुलाई सचेत गराउनुभयो र थप्नुभयो- 'मैले पनि मेरा भारतीय मित्रहरूबाट सुनेको छु, हामीजस्ता नेपालको राजनीतिक आन्दोलनमा संलग्न व्यक्तिहरूलाई लागू पदार्थको तस्करीजस्ता कल्पित अभियोगमा षड्यन्त्र र छल-प्रपञ्चहरूको सिर्जना गर्न यस ढङ्गका भूमिगत गिरोहहरू सक्रिय छन् ।'

'हुन त भारतको एउटा ठूलो सचेतन समुदाय नेपालको प्रजातान्त्रिक आन्दोलनको पक्षमा छ र नेपाली जनताको साथमा छ । भारतीय भूमिमा नेपालको तर्फबाट हुने यस ढङ्गका क्रियाकलापहरूका विरुद्ध यो समुदाय असङ्गठित रूपमै भए तापनि अगाडि आउनेछ । केही दिनअगाडि मेरा भारतीय मित्र प्रो. चन्द्रवलि सिंहको अध्यक्षतामा भएको 'भारत-नेपाल जनमैत्री सङ्घ' ले नेपालको प्रजातान्त्रिक आन्दोलनलाई भारतीय जनता र नेपाली जनताबीचको मैत्री र सद्भावलाई अझै प्रगाढ बनाउन समर्थन गरेको छ । यसको उद्देश्य पवित्र छ । यसको विस्तारका लागि तपाईंले पनि आफ्ना भारतीय मित्रहरूसँग विचार विमर्श गर्नुहुनेछ ।'

यस प्रसङ्गपछि सरोज कोइराला हामीहरूसँग बिदा हुनुभएको थियो । यसको लगभग दुई सातापछि हामीहरूले बनारसमा थाहा पायौँ- बिहानीलाई कुहिरोले ढाकेका बेला दरभङ्गाको बस स्टेसनमा उभिएका धेरै बसहरूमध्ये एउटा बसको आडमा साइलेन्सर लगाएको पिस्तोलको गोलीबाट सरोजको हत्या भयो । यस दुःखद घटनालाई मेरो मनले कत्ति पनि विश्वास गर्न मानेन । तर, समाचारपत्रले विस्तृत विवरणसाथ यस घटनाको पुष्टि गरिसकेका थिए । मेरो अविश्वासले केही पनि फरक पार्न सक्ने कुरा थिएन । यो समाचार पढ्दा म र पुष्पलाल सँगै थियौँ । हामी दुवै जनाले केही दिन पहिले मात्र भेटेको प्रजातान्त्रिक आन्दोलनका एक सहयात्रीलाई सदाका लागि गुमाएको अनुभव गर्‍यौँ । हाम्रा लागि यो एक सहृदयी मित्रको अस्त थियो र साथै एक अपूरणीय क्षति पनि । भावविभोर हुँदै उहाँलाई मनमनै श्रद्धाञ्जली दिएर पुष्पलाल आफ्ना मित्र प्रो. चन्द्रवलि सिंहको घरतिर लाग्नुभयो भने म कार्यालयमै रहेर आफ्नो नियमित कामतिर लागेँ ।

दिनहरू बित्दै जाँदा नयाँ दुःखद घटनाहरू थपिँदै गए । रक्सौलको काङ्ग्रेस कार्यालयमा बम विस्फोट भयो । पर्सा जिल्लाका काङ्ग्रेस अध्यक्ष तेजबहादुर अमात्यलाई रक्सौलमा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे । यसैको केही अघि या पछि बिनालाइसेन्सका हतियार लिएका नेपाली अपराधकर्मीहरू रक्सौलबाट पूर्वतिर जाने ट्रेनमा समातिए र मधुवनी अदालतले उनीहरूलाई जेल सजाय दियो । कोलकातामा भरतशमशेरको निवासमा केही अज्ञात व्यक्तिहरूले बम फाले । काङ्ग्रेसकर्मी राम दुलारी र अग्निमानले डेरा गरिबसेको नौतनवाको घरमा अपराधकर्मीहरूले बम विस्फोट गराए । यस्तै घटनाहरू भइरहेका बेला नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन लुम्बिनी अञ्चल सचिव माधव ज्ञवालीले एउटा यस्तै ढङ्गको सूचना पठाउनुभयो । त्यस सूचनामा पुष्पलालको हत्याका लागि गोरखपुर जिल्लाका एक जना भारतीय नागरिकलाई मर्चवारमा चार बिघा जमिन दिने प्रलोभनका साथ तयार गर्ने प्रयत्न निरङ्कुशता पक्षधरहरूबाट भयो । तर, उनले यो काम गर्न इन्कार गरेर हामीहरूलाई पुष्पलालसम्म यो सूचना पुर्‍याइदिने आग्रह गरे । यसरी आग्रह गर्ने व्यक्ति कपिलवस्तु निवासी बीडी मिश्र नामक इमानदार कम्युनिस्ट शिक्षक, जो पुष्पलालका पूर्वपरिचित मित्र पनि हुनुहुन्छ- का छोरीज्वाइँ थिए । उनले यो कुरा आफ्ना ससुरा बीडी मिश्रलाई बताए र अञ्चल सचिवमार्फत बनारससम्म आइपुग्यो ।

यस सूचनाको केही दिनपछि अर्को दुःखद सूचना आयो । यसरी इन्कार गर्ने मित्रको लास भैरहवानजिकैको डन्डे खोलाको पुलमुनि भेटियो । उनले यस ढङ्गको अपराधकर्म नगर्ने प्रतिबद्धता जाहेर गरेपछि भएको उनको यस दुःखद हत्याको सूचनाले हामीलाई साह्रै दुःखित बनायो । त्यसबेला हामीले उनलाई श्रद्धाञ्जली दिने र उनीप्रति सम्मान प्रकट गर्नेबाहेक अरू केही गर्न सक्ने अवस्था थिएन । हामीहरूले त्यसबेला भनेका थियौँ- उनीप्रति समर्पित हाम्रो श्रद्धासुमन कहिले पनि नओइलाओस्, सधैँभरि फक्रिरहोस् ! यी अज्ञात सहिदले हामीहरूलाई देश र जनताप्रति समर्पित भएर काम गर्ने प्रेरणा देऊन् भन्दै हामीहरू आफ्नो कामतिर लाग्यौँ ।

■

# संसद्ले जे गर्छ, त्यो वैधानिक हुन्छ

**सुवास नेम्वाङ, सभामुख**

**० सर्वसम्मत रूपमा सभामुख निर्वाचित हुँदा कस्तो लागेको छ ?**

- जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाका सामु धेरै चुनौती छन् । यो सामान्य अवस्थाको प्रतिनिधिसभा नभएको र जनआन्दोलनको बलमा पुनःस्थापित भएका कारण यसले जनताका थुप्रै आकाङ्क्षाहरूलाई पूरा गर्नुपर्नेछ । मुलुकलाई संविधानसभामार्फत निकास दिनुपर्नेछ । यस्तो अवस्थामा मेरो काँधमाथि आइपरेको चुनौती अत्यन्त गहन छ भन्ने मलाई लागेको छ ।

**० विगतका सभामुख र तपाईंबीच के फरक हुन्छ ?**

- विगतका सभामुखहरू सामान्य अवस्थामा निर्वाचित हुनुभएको थियो । तर, अहिले जनआन्दोलनको भावनाअनुरूप संसद् चल्नुपर्ने अवस्था छ । जनताका आवाजलाई संसद्मार्फत व्यवस्थित गर्नुपर्नेछ । यस्तो अवस्थामा सबै राजनीतिक दल र जनताको सहयोग र समर्थन चाहिन्छ । सभामुखका रूपमा जनताका पक्षमा निरन्तर काम गर्नुपर्छ भन्नेमा म दृढ छु ।

**० विगतका सभामुख दमननाथ ढुङ्गाना पार्टीबाट बाहिरिनुभयो भने तारानाथ रानाभाट प्रतिगमनको मतियार बन्नुभयो । तपाई आफ्नो राजनीतिलाई सभामुखका रूपमा कसरी अगाडि बढाउनुहुन्छ ?**

- म जनताका बीचमा राजनीति गरेको व्यक्ति हुँ । विगतमा पार्टीको जिम्मेवारी बहन गर्ने क्रममा मैले के-कति काम गरेँ, त्यो जनताका अगाडि स्पष्टै छ । विगतका गलत र नकारात्मक कामबाट शिक्षा लिएर काम गर्नुपर्छ ।

**० पार्टी राजनीतिलाई कसरी अघि बढाउनुहुन्छ ?**

- पहिलेकै रूपमा पार्टी काममा सक्रिय हुन सम्भव नहोला । तर, आफ्नो ठाउँबाट पार्टीलाई कसरी सघाउन सकिन्छ भन्नेबारे म सचेत छु । यसबारे हाम्रो पार्टी र अरू पार्टीहरूका नेताहरूसँग सल्लाह गर्न बाँकी छ ।

**० तपाई सभामुख भएकै दिन माओवादीले संसद् विघटनको माग अघि सारेको छ नि ?**

- म सभामुख हुनुभन्दा अघि पनि उहाँहरूले त्यो माग राख्नुभएको थियो । उहाँहरूको मान्यतालाई मैले अन्यथा लिन मिल्दैन, म सम्मान गर्छु । यस विषयमा सात दलबीच जे सहमति हुन्छ, त्यस आधारमा नै अघि बढ्नुपर्छ । तर, अर्को जननिर्वाचित संस्था नआउन्जेल जनप्रतिनिधिविहीन अवस्था सिर्जना गर्नुहुँदैन ।

**० यसको मतलव संविधानसभाको निर्वाचन नहुँदासम्म प्रतिनिधिसभा कायम रहनुपर्छ भन्ने हो ?**

- संविधानसभाका प्रतिनिधिहरू निर्वाचित भएर नआउँदासम्म कुनै न कुनै जननिर्वाचित आधिकारिक संस्था रहनुपर्छ ।

**० प्रतिनिधिसभालाई गति दिन नयाँ नियमावली आउँदैछ ?**

- मैले सभामुख निर्वाचित हुनेबित्तिकै घोषणा गरिसकेको छु- संसद्को सर्वोच्चता स्थापित हुने गरी राजनीतिक घोषणा हुनासाथ त्यहीअनुसारको नियमावली आउनेछ । प्रतिनिधिसभाको सर्वोच्चता स्थापित गर्नका लागि संसद्ले गर्ने घोषणाभन्दा माथि कोही पनि हुन सक्दैन ।

**० यो घोषणा संविधानभन्दा माथि हुन्छ त ?**

- जनआन्दोलनको आदेशलाई कसैले पनि नकार्न सक्दैन । जनताको बलमा पुनःस्थापित प्रतिनिधिसभाले जे गर्छ, त्यो वैधानिक हुन्छ । वैशाख ११ गतेको शाही घोषणामा पनि जनताको यो सर्वोच्चतालाई स्वीकार गरिएको छ । जनताको त्यही सर्वोच्चतालाई संसद्मार्फत अभिव्यक्त गर्नका लागि घोषणापत्र तयार भएको हो । त्यसकारण संसद्भन्दा माथि कोही हुन सक्दैन ।

**० सर्वोच्च पदमा पुग्ने पहिलो जनजाति नेताका रूपमा अहिले उठिरहेको समावेशीकरणको मुद्दालाई कसरी हेरिरहनुभएको छ ?**

- पहिलो कुरा त पार्टीले मलाई लिम्बू भनेर सभामुख बनाएको होइन । मेरो विगतको भूमिकाका कारण मैले यो जिम्मेवारी पाएको हुँ भन्ने लाग्छ । जहाँसम्म समावेशीकरणको कुरा छ, यसलाई अब सबैले गम्भीरतापूर्वक र जिम्मेवारीपूर्वक लिनुपर्छ । अबको लोकतन्त्रमा सबै जाति, भाषा, संस्कृति र समुदायले आफ्नो अधिकार पाउनुपर्छ । सबै क्षेत्रमा सबैको न्यायोचित सहभागिता हुनपर्दछ ।

**० जातीय-क्षेत्रीय अधिकारका लागि आवाज उठिरहेका बेला मुलुकभरका जनजातिहरूलाई के भन्न चाहनुहुन्छ ?**

- अब मुलुक औपचारिक र वैधानिक रूपमा संविधानसभाको मार्गमा प्रवेश गरेको छ । संविधानले नै सबैका अधिकारहरू निर्धारण गर्ने भएकाले हामी सुरुको प्रक्रियादेखि नै यसमा सक्रियतापूर्वक सहभागी हुनुपर्छ । सबै एकढिक्का भएर अहिलेदेखिकै विन्दुबाट आफ्ना अधिकारका बारेमा सचेत, जागरुक र क्रियाशील हुनुपर्छ । जनजातिका अधिकारका लागि क्रियाशील मित्रहरूलाई पनि म यही दिशामा लाग्न अनुरोध गर्दछु ।

■ **विष्णु रिजाल**

# प्रतिनिधिसभाको घोषणा - २०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्य शक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समय अघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनतामात्र भएको सत्यलाई स्थापित गर्ने उत्कष्ट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल-नेकपा (माओवादी) बीचको १२ बुँदे समझदारीअनुरुप नेपाली जनताले संविधानसमार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनःसंरचनासहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने संकल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

"राज्यशक्तिको श्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत् अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न" २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिहरूलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न रहेको घोषणा गर्दछ र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत् प्रयोग हुने भएकाले देहायको घोषणा गर्दछ-

**१. व्यवस्थापिकाका सम्बन्धमाः**

१.१. नेपालको व्यवस्थापिकाका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ। कानुन निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ।

१.२. संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकताअनुसार निर्धारण गर्नेछ।

१.३. प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहाय बमोजिम हुनेछ।

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ।

१.४ प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ।

**२. कार्यकारिणीका सम्बन्धमा**

२.१. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने छ। श्री ५ को सरकारलाई अब उप्रान्त नेपाल सरकार भनिनेछ।

२.२. प्रतिनिधिसभा सदस्यमा नरहेका व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन्।

२.३. मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ। मन्त्रिपरिषद् र मन्त्रीहरू सामूहिक रुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा समेत प्रतिनिधिसभाप्रति

उत्तरदायी रहनेछन्। प्रशासन, सेना, प्रहरीलगायतका सम्पूर्ण कार्यकारी अंगहरू प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन्।

२.४. सरकारको कार्यविभाजन र कार्य सम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ।

**३. सेनाका सम्बन्धमा**

३.१ 'शाही नेपाली सेना' को नाम परिवर्तन गरी 'नेपाली सेना' रहनेछ ।

३.२. राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

३.३. नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

३.४. सेनाको परमाधिपतिसम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ ।

३.५. सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ ।

३.६. नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।

**४. राजपरिषद्का सम्बन्धमा**

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरेबमोजिम हुनेछ ।

**५. राजदरबार सम्बन्धमा**

५.१. राजगद्दी उत्तराधिकार सम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ ।

५.३. श्री ५ को निजी सम्पत्ति र आयमाथि कानुन बमोजिम कर लाग्ने छ ।

५.४. श्री ५ बाट भए गरेका कामहरूको बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

५.५ विद्यमान राजप्रसाद सेवालाई निजामति सेवाको अंग बनाइनेछ ।

५.६. राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ ।

**६. मुलुकमा रहेको नागरिकताको समस्यालाई सीघ्र समाधान गरिनेछ ।**

**७. प्रचलनमा रहेको राष्ट्रिय गानलाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।**

**८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।**

**९. विविध**

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यसप्रति निष्ठावान रही सबैले आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरूले प्रतिनिधिसभाबाट तोकिएको ढाँचामा तोकिएको शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनै पनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(घ) उपर्युक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहनेछन् ।

**(सात राजनीतिक दलद्वारा तयार पारी अनुमोदन गरिएको 'प्रतिनिधिसभाको घोषणा-२०६३' प्रतिनिधिसभाको २०६३ जेठ ४ गतेको बैठकमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले टेबुल गरेपछि सभामुख सुवास नेम्वाङले वाचन गर्नुभएको थियो । यस घोषणालाई सोही दिन प्रतिनिधिसभाले सर्वसम्मतिले पारित गरेको थियो ।)**